जनकपुर टुडेको सम्पर्क नं.
९८५४०२६०२५, ९८०१६२६०२६, ०४१-५९११०१
विज्ञापनको लागि मात्र
jtodayad@gmail.com

छिटो र सर्वाधिक बिक्री हुने
मधेशको पहिलो 'क' वर्गको राष्ट्रिय दैनिक

# जनकपुर टुडे

Janakpur Today Daily
www.ejanakpurtoday.com

- आत्महत्या कुनैपनि समस्याको समाधान होइन,
- कुनैपनि समस्या र चुनौतीबाट नभागौं, डटेर सामना गरौं,
- सकारात्मक सोचको विकास गरौं, आशावादी बनौं,
- घर परिवार र आफूमा आश्रित सदस्यको भविष्यमाथी विचार पुऱ्याऔं,
- आत्मविश्वास बढाऔं, समस्याको उचित समाधान पहिल्याउँ ।

नेपाल सरकार
विज्ञापन बोर्ड



## मुख्यमन्त्री उद्धव थापालाई विश्वासको मत लिन संकट

**टुडे समाचारदाता**

विराटनगर । कोशी प्रदेशका मुख्यमन्त्री उद्धव थापालाई प्रदेश सभाबाट विश्वासको मत लिनबाट रोक्न प्रमुख प्रतिपक्षी दल नेकपा एमाले र राष्ट्रिय प्रजातन्त्र पार्टीले ज्येष्ठ सदस्यहरूलाई प्रदेश सभा बैठकमा अनुपस्थित बनाउने रणनीति लिएका छन् । एमालेका ६ जना र राप्रपाका २ प्रदेश सभा सदस्य सदस्यले सोमबारको प्रदेश सभा बैठकमा अनुपस्थित हुने लिखित जानकारी प्रदेश सभा सचिवालयमा गराएका छन् ।

एमालेबाट ज्येष्ठताको दोस्रो नम्बरमा रहेका रोहितबहादुर कार्की, चौथो नम्बरकी मालतीकुमार लिम्बु, पाँचौं नम्बरका रामप्रसाद महतो, छैठौं नम्बरकी तारादेवी ढकाल, सातौं नम्बरका खड्गबहादुर बस्नेत र १२औं नम्बरका ज्ञानेन्द्र सुवेदीले सोमबारको बैठकमा अनुपस्थित रहने लिखित जानकारी गराएका छन् ।

त्यसैगरी ज्येष्ठतामा तेस्रो नम्बरमा रहेका राप्रपाका अम्बरबहादुर विष्ट र नवौं नम्बरमा रहेका गोपाल बहादुर विश्वकर्माले सोमबारको प्रदेश सभा बैठकमा अनुपस्थित हुने जानकारी सचिवालयलाई दिएका छन् । आइतबार बेलुका कार्यालय समयसम्म प्रदेश सभामा बैठकमा आठ जना सदस्यहरूले सोमबारको प्रदेश सभा बैठकमा अनुपस्थित हुने जानकारी गराएको प्रदेश सभा सचिवालय स्रोतले जनाएको छ ।

उनीहरू बैठकमा अनुपस्थित भएको खण्डमा प्रदेश सभाको बैठक तेह्रौं नम्बरमा रहेका नेपाली कांग्रेसका सभा सदस्य अमृतकुमार अर्यालको अध्यक्षतामा सञ्चालन गर्नुपर्ने अवस्था बनेको छ । किनभने मुख्यमन्त्री थापाले विश्वासको मत लिनका लागि सत्ता गठबन्धनका सबै ४७ जना सांसद अनिवार्य प्रदेश सभामा उपस्थित हुनुपर्ने बाध्यात्मक अवस्था रहेको छ ।

आठौं नम्बरमा रहेका एमालेका ज्येष्ठ सदस्य किशोरचन्द्र दुलाल भने हाल विदेशमा रहेका कारण उनी पनि अनुपस्थित हुनेछन् । मुख्यमन्त्री थापा ज्येष्ठताको दशौं नम्बरमा रहेका छन् । त्यस्तै एघारौं नम्बरमा रहेका नेकपा एसका कमलप्रसाद जवेगु पनि थापा नेतृत्वको सरकारका भौतिक पूर्वाधार विकासमन्त्री भएकोले उनीहरूले प्रदेश सभाको बैठकको अध्यक्षता गर्ने छैनन् ।

कोशी प्रदेशमा सभामुख गौतमलाई राजीनामा गराएर बहुमत पुऱ्याएका मुख्यमन्त्री थापा साउन १६ गते कोशी प्रदेशको मुख्यमन्त्री नियुक्त भएका थिए । उनले संविधानको धारा १६८ को उपधारा (४) बमोजिम प्रदेश सभाबाट विश्वासको मत लिएर मात्रै सरकार विस्तार गर्ने बताउँदै आएका छन् ।

संविधानको धारा १६८ को उपधारा (२) बमोजिम साउन १६ मा मुख्यमन्त्री नियुक्त भएका थापाले प्रदेश सभाबाट ३० दिनभित्र विश्वासको मत लिनुपर्ने संवैधानिक व्यवस्था रहेको छ ।

राप्रपाका प्रदेश सभा सदस्य विष्टले पार्टीको केन्द्रीय निर्देशन बमोजिम नै मुख्यमन्त्री थापाले विश्वासको मत लिने दिन बैठकमा अनुपस्थित र हने जानकारी दिए । मुख्यमन्त्री थापाले सोमबार प्रदेश सभामा विश्वासको मत लिने तयारी गरेका छन् । त्यसका लागि प्रदेश सभा बैठक आह्वान समेत भइसकेको छ । उपसभामुख सृजना दनुवारले अपरान्ह १ बजेका लागि मुख्यमन्त्री थापाले विश्वासको मत लिने गरी बैठक बोलाएकी छन् ।

कोशी प्रदेशका सभामुख बाबुराम गौतमको र ाजीनामापछि प्रदेश सभाको बैठक उपसभामुख दनुवारले सञ्चालन गर्नुपर्ने संवैधानिक बाध्यता छ । थापालाई प्रदेश सभाबाट विश्वासको मत लिनका लागि उपसभामुख दनुवारले बैठकको अध्यक्षता गर्दा सहज हुन्छ ।

९३ सदस्यीय कोशी प्रदेश सभामा सत्ता गठबन्धनभित्र नेपाली कांग्रेसको २९, नेकपा माओवादी केन्द्रको १३, नेकपा एकीकृत समाजवादीको ४ र जनता समाजवादीको १ गरी ४७ सिट रहेको छ । तर. मुख्यमन्त्री थापालाई प्रदेश सभाबाट विश्वासको मत प्राप्त गर्न यो सिट संख्या जोखिमपूर्ण संख्या हो । प्रतिपक्षमा रहेको नेकपा एमालेसँग उपसभामुखबाहेक ३९ र राप्रपासँग ६ सांसद रहेका छन् ।

मुख्यमन्त्री थापालाई विश्वासको मत प्राप्त गर्नबाट रोक्नका लागि उपसभामुख दनुवारलाई सोमबारको बैठकमै अनुपस्थित गराउने वा सोमबार बिहान नै राजीनामा गराउनेसम्मको रणनीतिमा एमाले लागेको भन्दै सत्ता गठबन्धन सशंकित देखिन्छ ।

सरकार निर्माणकै लागि सत्ता गठबन्धनले तत्कालीन सभामुख गौतमलाई पदबाट राजीनामा गराइसकेका कारण एमालेले पनि उपसभामुख दनुवारलाई विश्वासको मत लिने दिन बैठकमा अनुपस्थित गराउन सक्ने सत्ता पक्षको बुझाइ छ । मुख्यमन्त्री थापाले विश्वासको मत लिने दिन उपसभामुख दनुवार कुनै कारण देखाएर बैठकमा अनुपस्थित भएमा ज्येष्ठ सदस्यले प्रदेश सभाको बैठकको अध्यक्षता गर्नुपर्ने अवस्था बन्छ ।

प्रदेश सभा सचिवालयको रेकर्ड अनुसार ज्येष्ठ सदस्यहरूको सूचीमा कांग्रेसकै गयानन्द मण्डल पहिलो नम्बरमा छन् । तर, मण्डललाई मुख्यमन्त्री थापाले साउन ३१ नै उद्योग, कृषि तथा सहकारी र ाज्यमन्त्री बनाइसकेका छन् । विश्वासको मत लिने दिन उपसभामुख दनुवार अनुपस्थित हुने भयले उनलाई राज्यमन्त्री बनाएका कारण प्रदेश सभाको बैठकको अध्यक्षता गर्ने जिम्मेवारी त्यसपछिका ज्येष्ठ सदस्यमा सर्ने अवस्था निर्माण भएको हो । तर, ज्येष्ठताको सूचीमा रहेका एमालेका ७ मध्ये ६ जना प्रदेश सभा सदस्यले बैठकमा अनुपस्थित हुने लिखित जानकारी दिएका हुन् ।

## सचिवहरूलाई उपस्थित हुन छानबिन समितिको निर्देशन

**टुडे समाचारदाता**

जनकपुरधाम । रकमान्तर सम्बन्धमा छानबिनको विशेष संसदीय छानबिन समितिले मधेश प्रदेशका मन्त्रालयका सचिवहरूलाई उपस्थित हुन निर्देशन दिएको छ । आइतबार विशेष संसदीय छानबिन समितिको बैठकको निर्णय अनुसार मुख्यमन्त्री तथा मन्त्रिपरिषदको कार्यालयसहित विभिन्न ७ वटा मन्त्रालयका सचिवहरूलाई उपस्थित हुन समितिले निर्देशन दिएको छ ।

समितिले मुख्यमन्त्री कार्यालयसहित भौतिक पूर्वाधार विकास, शिक्षा तथा समाज कल्याण, भूमि व्यवस्था, कृषि तथा सहकारी, स्वास्थ्य तथा जनसंख्या, गृह तथा सञ्चार र अर्थमन्त्रालयका सचिवहरूलाई भदौ ५ गते बिहान ११ बजे समितिको कार्यालयमा उपस्थित हुन आइतबार नै पत्राचार गरेको छ ।

गत आर्थिक वर्षको असार मसान्तको अन्त्यमा मुख्यमन्त्री कार्यालयसहितका मन्त्रालयहरूले रेडबुकमा तोकिएको विकास निर्माणको रकम आफूखुसी रकमान्तर गरेको भनी प्रदेश सभामा चर्को आवाज उठेपछि छानबिनका लागि प्रदेश सभा सदस्य उपेन्द्र महतोको सभापतित्वमा विशेष संसदीय छानबिन समिति गठन गरेका थिए ।

सचिवलाई उपस्थित हुन निर्देशनसहित समितिको बैठकले छानबिनकै लागि मन्त्रालयगत खर्च प्रगतिको विवरण तथा खर्चको फाँटबारी विवरण प्रदेश लेखा नियन्त्रकको कार्यालयबाट माग समेत गरेको छ ।

यस्तै विभिन्न मितिमा स्थानीय तहहरूसँग माग गरेको विवरण समयमा उपलब्ध नगराउने स्थानीय तहहरूलाई पनि भदौ ५ गतेभित्र उपलब्ध गराउन निर्देशन दिँदै तोकिएको मितिसम्म विवरण उपलब्ध नगराएमा सम्बन्धित स्थानीय तहहरूलाई प्रदेश सरकारबाट प्रदान गरिने अनुदान रकम कट्टा गर्न प्रदेश सरकारलाई सिफारिस गर्ने भनी सचेत गराउने निर्णय समेत बैठकबाट गरिएको समितिका सभापति उपेन्द्र महतोले जानकारी दिए ।

आँखा पाक्ने रोग अर्थात् भाइरल कन्जंक्टिभाइटिस

हाल नेपालका विभिन्न जिल्लाहरुमा भाइरल कन्जंक्टिभाइटिस अर्थात् आँखा पाक्ने समस्या देखिएकोले सर्तक रहौं ।

लक्षणहरु

- आँखा रातो हुने र चिलाउने
- आँखाबाट आँसु बगिरहने वा कचेरा/चिप्रा लाग्ने
- आँखाको ढकनी रातो हुने, सुन्निने
- आँखा बिझाउने/दुख्ने
- घाममा वा उज्यालोमा हेर्न गाह्रो हुने



रोकथामका उपायहरु

भाइरल कन्जंक्टिभाइटिस (आँखा पाक्ने रोग) सजिलै एक व्यक्तिबाट अर्को व्यक्तिमा सर्न सक्छ । त्यसैले रोकथामका निम्न उपायहरु अपनाएर आँखा पाक्ने रोगबाट बचौं ।

- संक्रमित व्यक्तिसँग नजिकको सम्पर्कमा नजाने र संक्रमित व्यक्ति भिडभाडमा नजाने
- संक्रमित व्यक्तिले प्रयोग गरेका सामान जस्तै टावेल, रुमाल, सिरानी, तन्ना प्रयोग नगर्ने
- जथाभावी आँखा नछुने। आँखा छुनु परेमा छुनु अघि वा छोइसके पछि साबुन पानीले मिचिमिचि राम्रोसँग हात धुने
- व्यक्तिगत सरसफाइमा ध्यान दिने ।

भाइरल कन्जंक्टिभाइटिस भइहाले अत्तिनु पर्दैन । यो रोग १ देखि २ हप्तामा आफैं निको हुन्छ । स्वास्थ्यकर्मीको सल्लाह बिना जथाभावी औषधी प्रयोग नगरौं ।

गौर नगरपालिका
गौर, रौतहट, मधेश प्रदेश, नेपाल






'जनमन सँ जनजन धरि'

रेडियो टुडे ९१ मेगाहर्ज

रेडियो टुडे ९१ मेगाहर्ज
समाचार आ
मनोरञ्जन ल क
निरन्तर १८ घण्टा
अहाँक संग

सुझाव आ प्रतिकृयाकऽलेल
०४१-५२७५९१, ५२३८६७

भिन्सर ५ बजे सँ राति ११ बजे धरि

## राजारानी धार्मिक तथा पर्यटकीय क्षेत्रको प्रवर्द्धनमा युवाको चासो

लेटाङ । लेटाङ नगरपालिका-१ स्थित राजारानी धार्मिक तथा पर्यटकीय क्षेत्रको प्रवर्द्धन गर्न स्थानीय युवाले चासो देखाएका छन् ।

लेटाङका युवा अभियानकर्मी राजु गौतमसहितको टोलीले राजारानी धार्मिक तथा पर्यटकीय क्षेत्रको प्रवर्द्धन गर्न के-कस्ता प्रयास अघि बढेका छन् भन्ने विषयमा वडा नं १ का वडाध्यक्ष विष्णु मगरसँग जानकारी लिएको छ । युवा अभियानकर्मीसँगको भेटमा वडाध्यक्ष मगरले विगतका प्रयास, वर्तमानका कार्य तथा भविष्यका योजनाका बारेमा जानकारी दिनुभएको थियो ।

हाल राजारानी धार्मिक तथा पर्यटकीय क्षेत्रको प्रवर्द्धनका लागि वडा नं १ र सिङ्गो नगरपालिका लागेको छ । आन्तरिक तथा बाह्य पर्यटकलाई राजारानी दरबार इन होटेलले सेवा दिँदै आएको छ । विगतका तुलनामा यस क्षेत्रको विकासमा अतुलनीय परिवर्तन भएको र यसको विकासका लागि वडा नं १ मात्र नभई समग्र नगरपालिका लाग्नुपर्ने स्थानीय राजु गौतमले बताउनुभयो ।

ऐतिहासिक राजारानी मन्दिर र दरबार क्षेत्र, धिमाल जातिको ऐतिहासिक धार्मिक क्षेत्र, राजापोखरी, रानीपोखरी, छोरीपोखरी, सुनाखरीको राजधानी, विभिन्न प्रजातिका चराचुरुङ्गी, विभिन्न धर्मको साझास्थल अन्तर धार्मिक शान्तिपार्कलगायतका विशेषता बोकेको राजारानी धार्मिक तथा पर्यटकीय क्षेत्रले छुट्टै महत्व बोकेको छ ।रासस

## खरिद प्रक्रियालाई पारदर्शी, मितव्ययी र औचित्यपूर्ण बनाइनुपर्छ : मुख्य सचिव डा अर्याल

काठमाण्डु । नेपाल सरकारका मुख्य सचिव डा बैकुण्ठ अर्यालले सार्वजनिक खरिद प्रक्रियालाई स्वच्छ, प्रतिस्पर्धी, पारदर्शी, मितव्ययी र औचित्यपूर्ण बनाउन आवश्यक रहेको बताउनुभएको छ ।




सार्वजनिक खरिद अनुगमन कार्यालयको १७औँ स्थापना दिवसका अवसरमा आज आयोजित कार्यक्रममा उहाँले आमनागरिकले तिरेको करबाट सार्वजनिक खरिद गरिने भएकाले करको दुरुपयोग र अवमूल्यन हुन नदिन सधैँ सजग र सचेत रहन जरुरी रहेको उल्लेख गर्नुभयो ।

मुख्य सचिव डा आर्यालले भन्नुभयो, "सार्वजनिक खरिद प्रक्रियामा प्रविधिको प्रयोग बढेको छ, पूर्वाधार निर्माणमा सरोकारवाल निकायबाट समयमै सहजीकरण र समन्वय हुनुपर्छ, कतिपय अवस्थामा ऐन कानुनको परिपालनाका क्रममा देखिएका गाँठो फुकाइदिनुपर्छ ।"

विधि, प्रक्रिया र प्रणालीलाई स्वच्छ तुल्याएर प्रविधिको माध्यमबाट खरिद कार्यको अनुगमन गर्न सकिने प्रणाली विकास भइरहेको बताउँदै उहाँले सरोकारवालासँग प्रर्याप्त छलफल गरी ऐन, कानुनलाई साझा र समयसापेक्ष तुल्याएर लैजान आवश्यक रहेको धारणा व्यक्त गर्नुभयो । सो अवसरमा आव २०७९/८० मा भए गरेका गतिविधि, राय परामर्श, सार्वजनिक खरिदसम्बन्धी अनुगमनलगायत विषय समेटिएको वार्षिक प्रतिवेदनको लोकार्पण गरिनुका साथै मुख्य सचिवमार्फत सो प्रतिवेदन सरकार समक्ष पेश गरिएको थियो ।

सार्वजनिक खरिद अनुगमन कार्यालयले सम्पादन गरेका खरिद कारबाहीको वार्षिक प्रतिवेदन नेपाल सरकार समक्ष पेश गर्नुपर्ने व्यवस्था छ । यसअवधिमा एक सय ६२ वटा बोलपत्रदाता, प्रस्तावदाता, परामर्शदाता, सेवा प्रदायक, आपूर्तिकर्ता, निर्माण व्यवसायी, फर्म र कम्पनी, व्यक्ति र संस्थालाई सम्बन्धित निकायको सिफारिसको आधारमा कालो सूचीमा राखिएको जनाइएको छ ।

यस आवमा विद्युतीय खरिद प्रणालीमा सार्वजनिक निकायको दर्ता सङ्ख्या चार सय २१, बोलपत्रदाता दर्ता सङ्ख्या छ हजार दुई सय ७४ र प्रकाशित बोलपत्र सङ्ख्या ३३ हजार चार सय २९ रहेको कार्यालयले जनाएको छ ।

कार्यक्रममा सार्वजनिक खरिद कार्यालयका सचिव डा दामोदर रेग्मीले खरिद प्रक्रिया प्रणालीमा धेरै चुनौती रहेकाले सुधारका लागि गहन प्रयास आवश्यक रहेको बताउनुभयो । उहाँले भन्नुभयो, "सार्वजनिक खरिद ऐनमा देखिएका अड्चन हटाउन पुनःलेखनमा लागिएको छ, यसमा सबैको सहयोग र सहभागिता आवश्यक छ, सार्वजनिक खरिद आर्थिक अनुशासन कायम गर्ने महत्त्वपूर्ण आयम हो । प्रतिस्पर्धी क्षमतालाई बढाएर पूँजीगत खर्च बढाउनेतर्फ प्रयास केन्द्रित हुनपर्छ ।"

सार्वजनिक खरिद पुनरावलोकन समितिका अध्यक्ष मोहनकृष्ण सापकोटाले सार्वजनिक खरिद मितव्ययी र परिणाममुखी हुनुपर्नेमा जोड दिनुभयो । उहाँले भन्नुभयो, "सार्वजनिक खरिद प्रक्रियाबारे कतिपय अवस्थामा आवश्यक ज्ञान नहुँदा र लापरबाहीका कारण परिणाम प्राप्तिमा चुनौती खडा हुन्छ । कानुनको परिपालना र क्षमता बढाउनेतर्फ पनि विशेष ध्यान पुर्याउनुपर्छ ।"

नेपाल निर्माण व्यवसायी महासङ्घका अध्यक्ष रवी सिंहले सरकारको अनुगमन चुस्त हुने र नीति नियम समयसापेक्ष बनाइने हो भने पूर्वाधार निर्माणमा सहज हुने धारणा राख्नुभयो । उहाँले भन्नुभयो, "ऐन कानुन पूर्वाधार निर्माणमैत्री हुनुपर्छ, राजनीतिक दबाब र प्रभावबाट मुक्त गराइनुपर्छ ।"

कार्यालयका पूर्वसचिव बज्रकिशोर साह र सहसचिव उमेश ढुङ्गानाले मन्त्रिपरिषद् बाहेक सबै निकायको अनुगमन गर्ने कार्यदेश पाएकाले खरिद प्रक्रियामा सुशासन र पारदर्शी कायम गर्ने सन्दर्भमा महत्त्वपूर्ण भूमिका रहेको बताउनुभयो । विसं २०६४ भदौ ३ गते स्थापना भएको उक्त कार्यालयले स्थापना दिवसका अवसरमा कार्यालयमा रही सेवा प्रवाहमा विशिष्ट योगदान गर्नुहुने पूर्वउपसचिव टीकाराज पोखरेललाई सम्मान गरियो ।रासस

## खेलकुद कर्मचारीको दोश्रो चरणको आन्दोलन सुरु

**टुडे समाचारदाता**

राजविराज । २७ वर्ष देखि रोकिएको बढुवा प्रक्रिया सुरु गर्न माग गर्दै यहाँ स्थित जिल्ला खेलकुद विकास समिति सप्तरीका प्रशासनिक तथा प्राविधिक कर्मचारीहरु आईतवार देखि दोस्रो चरणको आन्दोलनमा उत्रेका छन् ।



दोस्रो चरणको संर्घर्ष कार्यक्रमको पहिलो दिन उनीहरु हातमा कालो पट्टी बाधेर ३ घण्टा पेनडाउन गरेका छन् । राष्ट्रिय खेलकुद परिषद् कर्मचारी संघको आह्वानमा देशै भरका जिल्ला खेलकुद विकास समितिका कर्मचारीहरु आईतवारदेखि हातमा कालो पट्टी बाधेर पेन डाउनका उत्रेको मधेश प्रदेश खेलकुद कर्मचारी संघका उपाध्यक्ष समेत रहेका प्रशिक्षक उमेश गुरुङ्गले जानकारी दिए ।

कर्मचारी बढुवा प्रक्रिया लामो समय देखि रोकिएकाले त्यसको विरोधमा यस अघि गत २६ साउन देखि १ भदौ सम्म प्रथम चरणको संघर्षको कार्यक्रम गरिएको थियो । तर सार्थक परिणाम नआएकाले थप दवाब दिन दोस्रो चरणको संघर्षको कार्यक्रम घोषणा गरिएको उनको भनाइ छ ।

उनका अनुसार खेलकुद कर्मचारी संघले ३ भदौ देखि ५ भदौ सम्म १० बजे देखि दिउँसो १ बजे सम्म ३ घण्टा पेन डाउन गर्ने भएको छ । त्यसैगरी ६ र ८ भदौमा विहान १० बजे देखि २ बजे सम्म ४ घण्टा पेन डाउन गर्ने कार्यक्रम रहेको छ ।

"कर्मचारी आन्दोलित हुँदा पनि सम्बन्धित पक्षबाट कुनै सकारात्मक सन्देश प्राप्त भएको छैन, जिल्ला खेलकुद कर्मचारी संघका अध्यक्ष संजय जोशीले भने-'श्रम ऐन नियम बमोजिमको परिधि भित्र रहेर संघर्षलाई दोस्रो चरणमा पुऱ्याएका छौं ।'उनले दोश्रो चरणको आन्दोलनले पनि सार्थक परिणाम प्राप्त नभए तेश्रो चरणमा संघर्षका थप सशक्त कार्यक्रम ल्याउने तयारी भएको समेत जानकारी दिएका छन् ।रासस

## बाताबरणमैत्री बस्तु उत्पादन गर्ने उद्योगको अनुगमन



**टुडे समाचारदाता**

बारा । जीतपुरसिमरा उपमहानगरपालिकालाई प्रदुषण र धुँवामुक्त बनाउने अभियान अन्तर्गत नेपाल सरकारको सहयोगमा सञ्चालित बाताबरण मैत्री बस्तु उत्पादन गर्ने उद्योगको नगर प्रमुख राजन पौडेलले अनुगमन गरेका छन् ।

उनले वीरगञ्ज महानगरपालिका वडा नं.२१ परवानीपुरमा रहेको हस्क पावर नेपाल प्रा.लि.ले उत्पादन गरेको वायुपंखी चुलो ,स्टोभ ,गोबरबाट निकालिएको पेन्ट, झोला लगायतको सामग्रीको अध्ययन तथा अवलोकन गरेका छन् ।

हस्क पावर नेपालका प्रबन्ध निर्देशक ईन्जिनीयर मनोज गुप्ताले दाउरा ,भुस ,पराल ,गोबर,गुईठा ,पेपर ,कार्टुन लगायत जैबिक ईन्धन वा कम विद्युत् उपयोग गरी सञ्चालन हुने चुलो बाताबरणमैत्री भएको बताए । यसले ग्यास सिलिण्डरको मुल्य भन्दा ५० प्रतिशत कम मुल्यमा यो चुलो सञ्चालन गर्न सकिने बताए ।

यो ज्यादै कम मात्रामा धुँवा उत्पन्न हुने चुलो भएका कारण ग्यास ,तेल र कोईलाको बिकल्पको रुपमा प्रयोग गर्न सक्ने ईन्जिनियर गुप्ताले बताए । कम खर्चमा यो चुलोको प्रयोग गर्न सक्ने भएका कारण साना तथा मझौला उद्योग र होटल ब्यवसायीकोलागि ज्यादै लाभदायी भएको जानकारी दिए ।

अनुगमनपछि नगर प्रमुख पौडेलले यस्तो किसिमको प्रबिधिको प्रयोगले बाहिरबाट आयतित हुने ग्यास सिलिण्डरको मागमा कमी आउनु र धुँवा बढी उत्पादन गर्ने परम्परागत रुपमा बनाइएका चुल्होहरुलाई निरुत्साहित गर्नमा मदत पुग्ने बिश्वास ब्यक्त गरे । आर्थिक रुपले निम्न बर्गीय परिवार जुन आफनो दुई छाकको खानाकोलागि बिहान ,बेलुका बन जङ्गलमा निर्भर छन् ।

त्यस्तो बर्गलाई घरवरिपरि नै पाईने कृषिजन्य बस्तुहरुबाट सहज रुपले चुलो सञ्चालन गर्न सक्ने भएका कारण यो फाईदाजनक भएको बताए । जीतपुरसिमरा उपमहानगरपालिकामा ठूलठूला डेरीहरु भएको र यहाँ किसानको संख्या पनि बढी भएका कारण पेन्टकोलागि चाहिने गोबरहरु बढी मात्रामा उत्पादन हुने बताए । कम लागतमा पाईने मेसिनहरुको प्रयोगले सजिलै पेन्ट उत्पादन गर्न सक्ने भएका कारण किसानहरुको आयअर्जन बृद्धिमा टेवा पुऱ्याइने बताए ।

## एनएमबि बैंकको हंसपुर शाखा स्थानान्तरण

**टुडे समाचारदाता**

जनकपुरधाम । एनएमबि बैंकले सेवाग्राहीहरुलाई सहजताका लागि हंसपुर नगरपालिका ३ मा रहेको शाखा कार्यलय सोही भवनको प्रथम तल्लामा स्थानान्तरण गरेको छ । हंसपुर नगरपालिकाको उप मेयर दुर्गा देवी मण्डल, वडा अध्यक्षहरु, एनएमबि बैंकका मधेश प्रदेश प्रमुख कमल पोखरेलका साथै ऐरिया म्यानेजर मिथिलेश कुमार झा, शाखा प्रबन्धक दीपेन्द्र कुमार शर्मा र अन्य अतिथिहरुको उपस्थितिमा स्थानान्तरण भएको गरी उद्घाटन समेत गरिएको छ।



एनएमबि बैंकले २०१ शाखा, १२ विस्तारित काउन्टर र १४३ एटीएमको सञ्जालका साथ ग्राहकको आवश्यकतालाई केन्द्रमा राख्दै उच्चस्तरीय बैंकिङ्ग सेवाप्रदान गर्दै आएको जनाएको छ ।

## पन्त स्मृति प्रतिष्ठानद्वारा विभिन्न व्यक्ति सम्मानित

काठमाण्डु । पन्त स्मृति प्रतिष्ठानले विभिन्न विधामा विशिष्ट योगदान गर्ने प्रतिष्ठित व्यक्तित्वलाई सम्मान तथा पुरस्कृत गरेको छ ।

सम्मानित एवं पुरस्कृत हुने व्यक्तिमा 'ओताओडा' उपन्यासकी लेखिका जानुका खतिवडा (रु २५ हजार), हास्यव्यङ्ग्य विधामा योगदान दिने शैलेन्द्र सिम्खडा (रु ५० हजार), चित्रकला विधामा योगदान दिने रुपक राई (रु २५ हजार), साहित्यिक पत्रकारितामा योगदान दिने 'शिवपुरी सन्देश'का सम्पादक वियोगी बुढाथोकी (रु ५० हजार), संस्कृति विधामा योगदान दिने शशी थापा पण्डित (रु १५ हजार), नेपाली समालोचना विधामा योगदान दिने प्रा डा भागवत ढकाल (रु १० हजार), सुस्तश्रवण भएर पनि सम्बन्धित संस्थामा विशिष्ट योगदान पुऱ्याउने कोपिला हुमागाईं (रु १० हजार), बालसाहित्यको क्षेत्रमा योगदान दिने गोपाल पराजुली (रु १० हजार) र विद्यालयस्तरीय बालनृत्यमा उत्कृष्ट प्रदर्शन गर्ने सीता बराल (रु १० हजार) रहेका छन् ।

यसैगरी प्रतिष्ठानले विभिन्न विद्यालयका बालबालिकाबाट लेखरचना आह्वान गरेअनुसार प्राप्त भएका रचनामध्ये पद्य विधातर्फ नन्दी माविकी छात्रा मीना तामाङ र गद्य विधातर्फ पशुपति माविकी छात्रा सीता तामाङलाई (जनही पाँच हजार) बालप्रतिभा पुरस्कारबाट सम्मानित गरेको छ ।रासस

## साधारण शेयर निष्काशन सम्बन्धी सम्झौता

**टुडे समाचारदाता**

काठमाण्डु । सिटिजन्स क्यापिटल लिमिटेडर ठूलो खोला हाइड्रोपावर लिमिटेड बीच खिचापोखरी काठमाण्डुमा साधारण शेयर निष्काशन सम्बन्धी सम्झौताभएको छ ।

आइतबार उक्त सम्झौतामा ठूलो खोला हाइड्रोपावर लिमिटेडका तर्फबाट संचालक स्वेता अधिकारी पन्त तथा सिटिजन्स क्यापिटल लिमिटेडका तर्फबाट प्रमुख कार्यकारी अधिकृत सबिर बादे श्रेष्ठले हस्ताक्षर गरे । सम्झौता अनुसार सिटिजन्स क्यापिटल लिमिटेडले निकट भविष्यमा ठूलो खोला हाइड्रोपावर लिमिटेडको सार्वजनिक निष्काशन गर्नेछ ।

ठूलो खोला हाइड्रोपावर लिमिटेडले निर्माण गरिरहेको आयोजना"माथिल्लो ठूलाखोलाएजलविद्युतआयोजना"म्याग्दी जिल्लामा अवस्थित रहेको छ र सो योजना २२.५ मेगावाट बिजुलीउत्पादनक्षमताको रहेको छ ।

## अग्नि पीडितलाई धर्मीहल्फाको सहयोग

**टुडे समाचारदाता**

राजविराज । आगलागीले घरबार विहीन भएका एक परिवारलाई सामाजिक क्षेत्रमा क्रियाशिल धर्मीहल्फा महिला विकास क्लब सप्तरीले सहयोग गरेको छ ।



दुई दिन अघि आगलागीले घरबार विहीन भएका सप्तरीको विष्णुपुर गाउँपालिका ६ गोरगामा टोलका हरिनारायण यादवका परिवारलाई आइतवार गाँउ मै पुगी संस्थाका अध्यक्ष एवं समाजसेवी ई. सूर्यनारायण यादवले सहयोग गरेका छन् । आगलागीले ३ वटा फुसको संरचना भएका घर, भाडाकुडा, फर्निचर, लताकपडा र खाद्यान्न गुमाएर विचल्लीमा परेका यादव परिवारलाई तत्कालिन राहत स्वरुप भाडाकुडा, खाद्यान्न, लत्ताकपडा, झुल लगायतका राहत समाग्री उपलब्ध गराइएको सो संस्थाले जनाएको छ । सो अवसरमा पीडित परिवारका साथै स्थानीय समाजसेवी गोपीकृष्ण यादव, पिताम्बर यादव, निरज यादव लगायतको उपस्थिती रहेको थियो ।


### घर तथा सटर भाडाको लागि खाली

मिल्स एरिया शुभ चौक देखि जानकी मन्दिर जाने बाटोमा नयाँ फ्लैट पहिलो तल्लाको ठुलो कोठा-२, भन्सा घर-१, बाथरुम -२, पुजा कोठा-१, गेष्ट रुम-१, आधुनिक सुविधायुक्त भाडाको लागि घर खाली रहेकोले इच्छुक व्यक्ति निम्न नं. मा सम्पर्क गर्न अनुरोध छ ।

**सम्पर्क नं.** ९८१७६८५५११


**नोट**:- शाकाहारीलाई विशेष ग्राहायता दिनेछ ।


### तपाईंको आज
पण्डित : बम जी

| | |
|---|---|
| मेष | : पुरस्कार प्राप्त लाभ । |
| बृष | : नयाँ कार्य हुने । |
| मिथून | : अवसर प्राप्त । |
| कर्कट | : प्रतिभा सम्पन्नता । |
| सिंह | : सुख समृद्धि हुने । |
| कन्या | : पारिवाहिक सुख । |
| तुला | : भ्रमण अवसर हुने । |
| बृश्चिक | : प्रेम प्रसंग, मित्र सुख । |
| धनु | : वाद विवादबाट बच्नु । |
| मकर | : धन बृद्धि सञ्चय । |
| कुम्भ | : बौद्धिक क्षमता । |
| मीन | : शिक्षामा उन्नति । |

राशिफलले जस्तो दिनको संकेत गरेपनि कर्म गर्दा फल राम्रै पाइन्छ ।

### महत्वपूर्ण टेलिफोन नम्बरहरु



जनकपुरधाम ०४१

| | | | |
|---|---|---|---|
| बारुण यन्त्र | ५२००११ | विद्युत फ्युज शाखा | ५९०८३४, ५९०८३५ |
| प्रहरी (हण्टीङ्गलाईन) | ४२००९९,४२०२९९, १०० | साह केबुल | ५२४७२२ |
| एम्बुलेन्स (रेडक्रस) | १०२ | जानकी केबुल | ५२३७२८ |
| एम्बुलेन्स (मेडिकल कलेज) | ५२६०९०, ५२६०९१ | म्याक्स टीभी | ०४१-५९०८९७,९८०१६६८६५२ |
| एम्बुलेन्स (हिमालय युवा क्लब) | ९८०४८१५१२६ | नगर सेफ्टी टैंक सफाई सेवा | ५२१२६२ |
| अञ्चल अस्पताल | ५२००३३ | मुजेलिया प्रहरी चौकी | ५२०७५० |
| जनकपुर सिटी हस्पिटल भानुचोक | ५२५०१, ५२५८९९ | सशस्त्र प्रहरी मुजेलिया | ५२७२१३, ५२७८०० |
| नेपाल शिक्षक संघ (एम्बुलेन्स) | ९८०१६४४४५५,९८५४०२८२९६ | बुद्ध एयर | ५२५०२२ |
| जानकी हेल्थकेयर सेन्टर रामानन्द चोक | ५२५३४१ | यति एयरलायन्स, शिवचोक | ५९०३०१/५९०३०२ |
| रक्तसंचार (रेडक्रस) | ५२०८७० | होटल मानकी | ९८१५८९३५३४, ९८१५८९३३४३ |
| ॐ शक्ति अध्ययन अनुसन्धान केन्द्र (एम्बुलेन्स) | ९८५४०२७४३४ | होटल रामा | ५२००५९, ५२३८५४ |
| कृष्णा नर्सिङ्गहोम | ५२१९१८ | वेलकम होटल | ९८०१६२००६५, ९८०१६२००६४ |
| विरेन्द्र डेन्टल हेल्थ केयर | ५२८४३७ | गौतम होटल, बर्दिबास | ०४४-५५००३४ |
| आँखा अस्पताल | ५२०३९७ | जलेश्वर अस्पताल | ०४४-५२००७० |
| रेडियो टुडे (९१ मेगाहर्ज) | ९८०१६२६०२६ | प्रहरी (जलेश्वर) | ०४४-५२०००९ |
| एयर पोर्ट | ५९००५८, ५९००५२ | एम्बुलेन्स (जलेश्वर) | ०४४-५२०१०० |
| | | विद्युत (जलेश्वर) | ०४४-५२००६६, ५२०१६६ |

### रत्न सागर मन्दिर प्रत्येक दिन

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | : ५:०० बजे |
| बिहान पूजा आरती | : ८:०० बजे |
| भोगराज लाग्ने समय | : ११:३० बजे |
| निशुल्क अन्न क्षेत्र (दिउँसो) | : १२:०० बजे |
| मन्दिर बन्द हुने समय | : १२:०० बजे |
| खुल्ने समय (दिउँसो) | : ४००: बजे |
| रात्री आरती पूजा हुने समय | : ९:३० बजे |
| रात्री मन्दिर बन्द हुने समय | : १०:०० बजे |


### जानकी मन्दिर प्रत्येक दिन

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | : ०५:०० बजे |
| बिहान पूजा आरती | : ०७:०० बजे |
| बिहान ढोका बन्द | : १२:०० बजे |
| अन्न क्षेत्र | : निःशुल्क भोजन |
| दिउँसो ढोका खुल्ने समय | : ०४:०० बजे |
| सन्ध्या पूजा आरती:साँझा | : ०७:३० बजे |

### राम मन्दिर प्रत्येक दिन

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | : ०५:०० बजे |
| मंगल आरती | : ०७:३० बजे |
| महाप्रसाद भोग | : १२:०० बजे |
| दिउँसो ढोका खुल्ने समय | : ०३:३० बजे |
| सन्ध्या पूजा आरती साँझ | : ०७:०० बजे |
| रात्रि भोग | : ०९:०० बजे |
| पट बन्द | : ०९:१५ बजे |

# चार दशकमा दोब्बर जनसङ्ख्या



महोत्तरी । महोत्तरीमा चार दशकको अवधिमा जनसङ्ख्या करिब दोब्बर भएको छ । विसं २०३८ र पछिल्लो २०७८ सालको राष्ट्रिय जनगणनाको तथ्याङ्कले सो अवधिमा जनसङ्ख्या झन्डै दोब्बर देखाएको हो ।

विसं २०३८ मा जिल्लाको जनसङ्ख्या तीन लाख ६१ हजार ५४ रहेकामा २०७८ सालको जनगणनामा जिल्लाको जनसङ्ख्या सात लाख छ हजार नौ सय ९४ पुगेको तथ्याङ्क कार्यालयले जनाएको हो ।

उक्त जनसङ्ख्या २०३८ सालकोभन्दा दोब्बर हुन मात्र १५ हजार १४ ले कम छ । पछिल्लो जनसङ्ख्यामा महिला तीन लाख ५७ हजार आठ सय ३५ (५० दशमलव ६७ प्रतिशत) र पुरुष तीन लाख ४९ हजार एक सय ५९ (४९ दशमलव ४० प्रतिशत) रहेको केन्द्रीय तथ्याङ्क विभागको प्रामाणिक अभिलेखलाई उद्धृत गर्दै कार्यालय प्रमुख श्याम साहले बताउनुभयो ।

जिल्लामा सबैभन्दा बढी जनसङ्ख्या भएका जातिगत समुदायमा क्रमशः यादव, मुस्लिम, धानुक, कोइरी, तेली, मुसहर, चमार, खत्वे र पासवान रहेका छन् । तथ्याङ्कअनुसार यादव एक लाख १० हजार सात सय २९ (१५ दशमलव ६६ प्रतिशत), मुस्लिम एक लाख सात हजार तीन सय ७३ (१४ दशमलव ६९ प्रतिशत), धानुक ४५ हजार दुई सय ५१ (छ दशमलव चार प्रतिशत), कोइरी ४० हजार तीन सय ८१ (पाँच दशमलव ७१ प्रतिशत), तेली २९ हजार नौ सय ५३ (पाँच दशमलव ७१ प्रतिशत) र मुसहर २७ हजार तीन सय ५२ (तीन दशमलव ८७ प्रतिशत) छन् । यसैगरी कम जनसङ्ख्या रहेका जातिगत समुदायमा सबैभन्दा कम सिख दुई जनामात्र छन् ।

यसैगरी बेलदार ११, कुशबरिया १४, राना थारु १६, कमर र आठपहरिया १८/१८, लिम्बू २०, जैन २६, राजवंशी २८, हायु ४१ र शेर्पा ५१ जनामात्र छन् । यिनमा हिन्दू धर्म मान्ने सबैभन्दा बढी पाँच लाख ८४ हजार पाँच सय १३ (८२ दशमलव ६७ प्रतिशत) छन् ।

यसैगरी इस्लाम धर्म मान्ने एक लाख नौ हजार नौ सय १४ (१५ दशमलव ५४ प्रतिशत), बौद्ध परम्परामा १० हजार नौ सय ५३ (एक दशमलव ५५ प्रतिशत), इसाइ एक हजार एक सय ३७ (० दशमलव १६ प्रतिशत), प्रकृति दुई सय ३० (० दशमलव ०३ प्रतिशत), किरात दुई सय १९ (० दशमलव ०३ प्रतिशत), जैन २६ (० दशमलव ००३ प्रतिशत) र सिख दुई जनामात्र अर्थात् (० दशमलव ०००३ प्रतिशत) राष्ट्रिय जनगणना २०७८ मा उल्लेख छ ।

जिल्लामा जम्मा एक लाख ४० हजार सात सय ३० घर छन् । जसमा ७९ प्रतिशत आवास, सात दशमलव ०७ प्रतिशत गोठ, धन्सर, मतान, व्यापार प्रयोजनका तीन दशमलव ०१ प्रतिशत छन् ।

जिल्लाको कूल साक्षरता प्रतिशत ५९ दशमलव आठ रहेकामा पुरुष साक्षरता ६८ दशमलव चार र महिला ५१ दशमलव प्रतिशत रहेका छन् । जिल्लाको पछिल्लो दशकको जनसङ्ख्या वृद्धिदर एक दशमलव १४ प्रतिशत र लैङ्गिक अनुपात ९७ दशमलव ५८ प्रतिशत रहेको प्रकाशित तथ्याङ्कमा उल्लेख छ । रासस

# फेर्दैछ हुलाकी सडकले मधेश प्रदेशको काँचुली




*हुलाकी सडक अन्तर्गत पर्साको वीरगञ्जदेखि ठोरीसम्मको सडक कालोपत्र भएपछि सदरमुकाम वीरगञ्ज पुग्न सहज भएको छ । "वीरगञ्जदेखि ठोरीसम्मको दूरी करिब ५२ किलोमिटर पर्छ, गाउँबाट वीरगञ्ज बजार पुग्न पहिला मोटरसाइकलमा सात/आठ घण्टासम्म लाग्दथ्यो", ठोरी गाउँपालिका-४ का ललित श्रेष्ठ भन्नुहुन्छ, ''सडक कालोपत्र भएपछि अहिले एक घण्टामै पुग्छौं ।" अब धुलो र हिलोबाट समेत हामीले मुक्ति पाएको उहाँको कथन छ ।*

वीरगञ्ज । कुनैबेला साँघुरो सडक र सडकै छेउमा फुसको छाप्रो, त्यसभित्र स-साना पसल मात्रै देखिने मधेश प्रदेशका ग्रामीण बजारको स्वरुप यतिबेला फेरिएको छ । बजारको स्वरुप फेरिएसँगै त्यस क्षेत्रका स्थानीयमा पहिलाको भन्दा बेग्लै खालको उत्साहसमेत देखिन थालेको छ ।

सिरहाको बरियारपट्टी बजार पनि अहिले सुगम क्षेत्रका रुपमा आफ्नो पहिचान फेर्न लागेको छ । भारतीय सिमानाका लदनियाँ बजारसँगै टाँसिएको बरियारपट्टी बजारमा धमाधम ठूला लगानीका पसल खुल्न थालेको छ भने बजारमा सर्वसाधारणको चहलपहलसमेत बढेको स्थानीयवासी बताउँछन् । ''पहिला पहिला बजार क्षेत्रमा साघुँरो सडक र फुसको छाप्रो, त्यहाँभित्र साना व्यवसाय मात्र थियो", धनुषाको औरहीका बिनोद यादव भन्नुहुन्छ,''तर अहिले सडक फराकिलोसँगै बजारमा पक्की भवन र ठूला पसलहरु खुल्न थालेका छन् ।"

पर्साको ठोरी गाउँपालिकालाई केही वर्ष अघिसम्म दुर्गम क्षेत्रको रुपमा मानिथ्यो । तर अहिले ठोरीले आफ्नो पुरानो पहिचान फेरेको छ । यतिबेला ठोरी क्षेत्र मधेश प्रदेशकै प्रमुख पर्यटकीय क्षेत्रका रुपमा विकास हुन थालेको छ । सडक सञ्जालको विकास नहुनु र प्रचारप्रसारको अभावका कारण ओझेलमा परेको ठोरी अहिले हुलाकी सडक कालोपत्रे भएसँगै विकासको गतिमा अघि बढ्केको छ । पूर्व-पश्चिम हुलाकी सडक कालोपत्र भएसँगै ठोरीका स्थानीयहरुको अनुहारमा यतिबेला मुस्कान छाएको छ ।

हुलाकी सडक अन्तर्गत पर्साको वीरगञ्जदेखि ठोरीसम्मको सडक कालोपत्र भएपछि सदरमुकाम वीरगञ्ज पुग्न सहज भएको छ । "वीरगञ्जदेखि ठोरीसम्मको दूरी करिब ५२ किलोमिटर पर्छ, गाउँबाट वीरगञ्ज बजार पुग्न पहिला मोटरसाइकलमा सात/आठ घण्टासम्म लाग्दथ्यो", ठोरी गाउँपालिका-४ का ललित श्रेष्ठ भन्नुहुन्छ, "सडक कालोपत्र भएपछि अहिले एक घण्टामै पुग्छौं ।" अब धुलो र हिलोबाट समेत हामीले मुक्ति पाएको उहाँको कथन छ ।

पर्सा राष्ट्रिय निकुञ्जसँग जोडिएको ठोरी पर्यटन र कृषिको प्रशस्त सम्भावना रहे पनि सडक सुविधा नहुँदा यहाँका वासिन्दाको जीवनस्तर माथि उठ्न सकेको थिएन । "पहिला गाउँमा उत्पादन भएको तरकारी तथा फलफूल सहज रुपमा वीरगञ्ज बजार पुर्‍याउन समस्या हुन्थ्यो", बहुदरमाई नगरपालिकाका श्रवण महतो भन्नुहुन्छ,'' तर अहिले सो सडकमा थुप्रै संख्यामा अटो रिक्साहरु चल्न थालेपछि सहज रुपमै तरकारी, फलफूल बजार पुर्‍याउन सकेका छौं ।"

छोटो समयमै धनुषा र सिरहासहित मधेश प्रदेशका ग्रामीण क्षेत्रमा आएको परिवर्तन अन्य कुनै कारणले नभई मधेशकै 'लाइफ लाइन'को रुपमा मानिएको हुलाकी सडक निर्माणसँगै सम्भव भएको हो । देशकै पुरानो राजमार्गहरुमध्ये पूर्व-पश्चिम हुलाकी सडकअन्तर्गत मधेश प्रदेशका आठवटै जिल्लामा सडक निर्माण कार्य तीब्र रुपमा अघि बढेसँगै दुर्गम मानिएका ग्रामिण क्षेत्रहरु अहिले सुगम क्षेत्र बन्दै गएको छ ।

हुलाकी सडकको निर्माणको काम शुरु भएपछि सो भेगका सर्वसाधारणहरु समेत खुसी भएका छन् । हुलाकी सडक निर्माण भएपछि मधेशको विकासले गति लिनुको साथै हजारौं युवाहरुमा रोजगारीको अवसर सिर्जना हुने उनीहरुको विश्वास छ ।

हुलाकी सडक विस्तार र स्तरोन्नतिको कामले सिरहाको आधा दर्जन स्थानीय तहको विकासमा ठूलो टेवा पुगेको सिरहाको बरियारपट्टी गाउँपालिका अध्यक्ष सन्तोष मेहताको कथन छ । ''हुलाकी राजमार्ग बनेपछि जग्गाजमिनको मूल्याङ्कन समेत बढ्दै गएको छ" सप्तरीको बिष्णुपुर गाउँपालिकाका अध्यक्ष उमेश यादव भन्नुहुन्छ,'' पहिला मुस्किलले रु. २० लाख प्रतिकठ्ठा बिक्री हुने जग्गाहरु अहिले रु ६० देखि ७० लाख कठ्ठामा बिक्री हुन थालेको छ ।"

''सडक निर्माणका कारण गाउँ र बजारको दुरी घट्केको छ, गाउँका स्थानीयहरु बजार आएर सहज रुपमा किनबेच गरिरहेकाले व्यापार बढ्केको छ", सप्तरीको बोदे बसाइनका व्यापारी दिपेन्द्र मण्डलले भन्नुहुन्छ,''पहिला सडक जीर्ण हुँदा गाउँबाट बजार आउन स्थानीयलाई समस्या हुन्थ्यो, अहिले बजारसम्म आउन सहज भएको छ, त्यसैले बिक्री बढ्केको छ ।" सडक निर्माणले गाउँ र बजारलाई जोड्ने काम समेत गरेको मण्डलको भनाइ छ ।

पूर्व-पश्चिम हुलाकी सडकअन्तर्गत पूर्व सप्तरीदेखि पश्चिम पर्सासम्म करिब साढे पाँच सय किलोमिटर सडकमा कालोपत्र र ६० वटाभन्दा बढीभन्दा बढी पुलको निर्माण कार्य सम्पन्न भइसकेको छ ।

पूर्वसप्तरीको कञ्चनपुरदेखि सदरमुकाम राजविराजसहित बलान खोलासम्मको ४६ किलोमिटर सडकमा पुलसँगै सडक निर्माणको काम तीब्र रुपमा भइरहेको हुलाकी राजमार्ग निर्देशनालय आयोजना कार्यालयइटहरीकाप्रमुखविजयकुमार थापाले जानकारी दिनुभयो । "पूर्व कञ्चनपुरदेखि पश्चिम बलानसम्मको सप्तरी खण्डमा दुईवटा कन्ट्र्याक्टर मार्फत काम भईरहेको छ" प्रमुख थापा भन्नुहुन्छ,''अहिलेसम्म ३२ किलोमिटर सडकमा कालोपत्र सकिएको र बाँकी करिब आठ किलोमिटरमा सडकमा समेत कालोपत्र गर्ने स्तरसम्मको काम भईसकेको छ ।"

यस्तै पूर्व बलान खोलादेखि सर्लाहीसम्मको करिब ९० प्रतिशत सडक खण्डमा कालोपत्र सकिएको छ । हुलाकी राजमार्ग आयोजना कार्यालय जनकपुरधामका अनुसार हुलाकी सडकअन्तर्गत सिरहादेखि सर्लाहीसम्मको करिब २३३ किलोमिटर सडकअन्तर्गत हालसम्म ११८ किलोमिटर सडकमा कालोपत्र सकिएको छ । बाँकी १५ किलोमिटर सडकमा पनि तीब्ररुपमा काम भइरहेको जनाएको छ । जनकपुरधामस्थित कदमचौकदेखि कमला नदीसम्मको २६ किलोमिटर सडकमध्ये २४ किलोमिटर सडकमा कालोपत्र गरिएको र बाँकी दुई किलोमिटरमा पनि तीब्र रुपमा काम भइरहेको कार्यालयका प्रमुख कृष्णकुमार महतोको भनाइ छ ।

सप्तरी र सिरहाको सीमा छुट्याउने बलान नदीदेखि कमला नदीसम्मको सिरहा खण्डको ३० किलोमिटर सडकमा कालोपत्र सकिएको र सो खण्डमा एउटा पुल निर्माणको काम अन्तिम चरणमा पुगेको प्रमुख महतो बताउनुहुन्छ । सो सडक निर्माणको ठेक्का लिएको स्वच्छन्द, रोशन, महादेव खिम्ती जेभी जनकपुर उपमहानगरपालिका-४ धनुषाले निर्धारित समयमै काम सक्ने जनाएको छ । एक वर्षअघिसम्म सुस्त देखिएको सर्लाही खण्डमा पनि काम तीब्र रुपमा अघि बढ्केको छ ।

सर्लाहीको सितलपुर-मलंगवा खरैया टोलसम्मको सडक निर्माणका काम सुरुमा सडक डिभिजन कार्यालय चन्द्रनिगाहपुर रौतहटबाट हुँदै आएपनि काम अघि बढ्न नसकेको भन्दै हुलाकी राजमार्ग आयोजना कार्यालय जनकपुर धामलाई हस्तान्तरण गरिएको थियो । करिब ४० किलोमिटरको सो सडक हस्तान्तरण भएयता ३८ किलोमिटर सडकमा कालोपत्रको काम सम्पन्न भएको र बाँकी खण्डमा माटो ग्राभेलको काम भइरहेको छ ।

चालु आर्थिक वर्षभित्रै हुलाकी सडक निर्माणको काम सम्पन्न गर्ने लक्ष्य लिए पनि राजमार्गभित्र परेका घरटहरा हटाउन भएको ढिलाई, ठाउँठाउँमा जग्गासम्बन्धी विवाद र कोभिड १९ माहामारीलगायतका कारण हुलाकी राजमार्ग निर्माणको कार्य केही समय पछि धकेलिएको उहाँको कथन छ ।

यस्तै हुलाकी राजमार्गअन्तर्गत सिरहादेखि सर्लाहीसम्म सडक खण्डमा निर्माणधीन नौ वटा पुलमध्ये पाँच वटाको निर्माणको काम सम्पन्न भइसकेको र कमला नदीको पुलसहित चार पुलको काम भइरहेको कार्यालयले जनाएको छ । रौतहटदेखि चितवनसम्मको करिब २५१ किलोमिटर सडकमा कालोपत्र सकिएको र बाँकी ३२ किलोमिटरमध्ये वनजङ्गल तथा जग्गासम्बन्धी बिवादका कारण प्रभावित भएको जनाएको छ ।

पर्साको ठोरी क्षेत्रमा पर्सा राष्ट्रिय निकुञ्ज क्षेत्रको जंगल परेकाले त्यहाँ कसरी विस्तार गर्नेलगायतका विषयमा वातारण प्रभाव मूल्याङ्कनका लागि हुलाकी सडक विभाग र मन्त्रालयमा सिफारिस पठाइएको हुलाकी राजमार्ग निर्देशनालय योजना कार्यालय वीरगञ्जका सूचना अधिकारी इञ्जिनीयर सञ्जयकुमार ठाकुरले जानकारी दिनुभयो । वातावारण प्रभाव मूल्याङ्कन प्रतिवेदन आएलगत्तै सो क्षेत्रमा सडक कालोपत्रलगायतका काम अघि बढाइने उहाँ बताउनुहुन्छ ।

यस्तै हुलाकी सडकअन्तर्गत रौतहटदेखि चितवनसम्म निर्माणाधीन पुलहरुमध्ये आव २०७९/८० मा पाँचवटा पुल निर्माण सम्पन्न भइरहेको सो कार्यालयले जनाएको छ । कार्यालयका इञ्जिनीयर ठाकुरका अनुसार सो आवमा १४ वटा पुल निर्माण सम्पन्न गर्ने लक्ष्य लिएकामा पाँच वटा पुल निर्माण सम्पन्न भइसकेको र बाँकी नौ वटा पुलको निर्माण काम भइरहेको छ ।

गत आवमा बाराको अरुवा खोला, डोरा खोला, पर्साको तिलाबे खोला र चितवनको टुनामुना तथा चिताई खोलाको पुल निर्माण सम्पन्न भइसकेको छ । त्यस्तै रौतहटको बागमती नदी, भकुवा खोला र चितवनको रियू खोला, बगै खोला, घाँघर खोला, भालु खोला, पतरी खोला, बादरमुडे र मुगै खोलाको पुल निर्माणाधीन अवस्थामा रहेको जनाएको छ ।

सडकतर्फ बाराको गढीमाई-बरियारपुर-कबही गोठ सडकको १० किलोमिटर सडकमध्ये साढे नौ किलोमिटर सडक कालोपत्र सकिएको छ । यस्तै भरतपुर-ठोरी-माडी देवेन्द्रपुरदेखि बगै बसपार्कसम्म सडकमा भने वन जंगलका कारण निर्माण सामग्रीको अभाव तथा वातावारण प्रभाव मूल्याङ्कन हुन नसकेकाले करिब २० प्रतिशत मात्र सडकको काम हुन सकेको छ ।

चालु आवभित्रै हुलाकी सडक निर्माणको काम सम्पन्न गर्ने लक्ष्य लिए पनि हुलाकी राजमार्गभित्र जङ्गल तथा सडकमा परेका घरटहरा हटाउन भएको ढिलाइ, ठाउँठाउँमा जग्गासम्बन्धी विवादलगायतका कारण हुलाकी राजमार्ग निर्माणको कार्य केही पछि धकेलिएको हुलाकी राजमार्ग निर्देशनालय योजना कार्यालय वीरगञ्जका प्रमुख इञ्जिनीयर ध्रुवकुमार झा बताउनुहुन्छ ।

**जग्गा विवादले निर्माण कार्य प्रभावित**

राष्ट्रिय गौरव आयोजनामध्ये निर्माणाधिन पूर्व-पश्चिम हुलाकी राजमार्गअन्तर्गत पूर्व सप्तरीदेखि पश्चिम पर्सासम्मको केही भागमा जग्गासम्बन्धी विवादका कारण काम प्रभावित भएको छ । जग्गा विवादलाई लिएर स्थानीयले अदालतमा दिएको मुद्दालगायतका कारणले धनुषाको औरही र तिनकौरिया बजारमा सडक निर्माणको काम प्रभावित भएको हो । पूर्व कमलादेखि पश्चिम जनकपुरधामसम्मको २७ किलोमिटर सडकमध्ये करिब २५ किलोमिटर सडक निर्माणको काम अन्तिम चरणमा पुग्न लाग्दा बाँकी करिब दुई किलोमिटर सडकमा जग्गा विवादका कारण काम अघि बढाउन नसकिएको लामा रमण जेभीका इन्जिनीयर सुनिल मुखिया बताउनुहुन्छ ।

औरही बजारको इलाका प्रहरी कार्यालय अगाडिको जग्गा आफ्नो हो भन्दै स्थानीय रामबाबु साह सुडीले उच्च अदालत जनकपुरधाममा मुद्दा दिएको र सोही मुद्दामा अदालतले मुआब्जा दिएर मात्र सडक बनाउन आदेश दिएकाले समस्या भएको इन्जिनीयर मुखिया बताउनुहुन्छ । अदालतले सुडीलाई जग्गाको मुआब्जा दिएर मात्र सडक बनाउन आदेश दिएको छ", मुखिया भन्नुहुन्छ,'' जग्गाको मुआब्जा उहाँलाई मात्र दिए अरु ठाउँको जग्गाधनीहरुले पनि मुआब्जा माग्छ र विवाद हुन सक्ने बताइएको छ ।" जग्गा विवादले औरही बजारको करिब ५०० मिटर सडक निर्माणको काम अझ सुरु हुन सकेको छैन ।

यस्तै धनुषाको बिदेह नगर पालिकाको तिकौरिया बजारमा जग्गा विवादलाई लिएर स्थानीयले अवरोध गरेपछि तिनकौरिया बजारदेखि करिब ६०० मिटर सडक निर्माणको काम समेत प्रभावित भएको छ । पछिल्लो समय स्थानीय तहको समन्वयमा समस्या समाधान गरी काम सुरु गर्ने प्रयास भइरहेको हुलाकी राजमार्ग आयोजना कार्यालय जनकपुरधामका प्रमुख कृष्णकुमार महतोको कथन छ ।

लामा रमण जेभी २०७८ चैत्र ३० गते स्तरोन्नतिको काम पूरा गर्ने गरी २०७३ असार ३१ गते सम्झौता गरेको थियो । सो मितिमा निर्माण सम्पन्न हुन नसकेपछि पुनः म्याद थप गरी २०७९ चैत्र ३० सम्म कायम गरिएको थियो । थप अवधिभित्रै सडकको सबै काम सम्पन्न गर्ने लक्ष्य भएपनि विभिन्न स्थानका स्थानीयहरुले जग्गा बिवादलाई लिएर अदालतमा मुद्दा हाल्ने र विवाद सिर्जना गर्दा सम्पन्न हुन नसकेको महतोको भनाइ छ ।

यस्तै सप्तरी र सिरहाको सिमा छुट्याउने बलान नदीदेखि कमला नदीसम्मको सिरहा खण्डमा करिब २० मिटर सडकमा मात्र कालोपत्र गर्न बाँकी छ । सिरहा खण्डमा ३० किलोमिटरमध्ये २९.५ किलोमिटर सडक कालोपत्रको काम सकिएको छ भने जग्गा विवादका कारण ५०० मिटर सडकमा काम अघि बढ्न सकेको छैन । जग्गा विवादका कारण महोत्तरीको दुधमति बसबिट्टी, भष्वानपुर चौक, बनचौरी तथासर्लाहीको शितलपुर-मलंगवा खरैयाटोल सडक खण्डमा पर्ने सर्लाहीको मलंगवा बजार, ब्रहमचौक, गरहैया बजार, गोबरगञ्ज र हरिपुर्वा बजार क्षेत्रमा पनि काम अवरुद्ध भएको छ । जग्गासम्बन्धी विवादकै कारण सप्तरीको कञ्चनपुरदेखि बलानसम्मको सडक खण्डमा करिब चार किलोमिटरभन्दा बढी सडकमा काम हुन सकेको छैन । "स्थानीयहरुले जग्गासम्बन्धी विवाद सृजना गरी न्यायालयसम्म पुगेपछि सदरमुकाम राजविराजमा करिब ८०० मिटर सडकमा काम रोकिएको छ", ।रासस

# 'सुशासनका लागि सूचनाको हकको प्रभावकारी कार्यान्वयन अनिवार्य'

काठमाण्डु । सूचनाको हकको प्रभावकारी कार्यान्वयनले मात्र सुशासनको प्रत्याभूति गर्न सकिने सरोकारवालाले बताउनुभएको छ । आइतबार १७औँ राष्ट्रिय सूचना दिवसका अवसरमा राष्ट्रिय सूचना आयोगद्वारा आयोजित कार्यक्रममा उपस्थिति आयोगका




पदाधिकारी, सूचनाको हकका अभियन्ता र सञ्चारकर्मीले सूचनाको हक कार्यान्वयनबाटै सरकारलाई पारदर्शी एवं जवाफदेही बनाउन सकिने धारणा राख्नुभयो । उहाँहरुले सूचना आयोगलाई अझ सशक्त र बलियो बनाउन सरकारको ध्यानआर्कषण समेत गराउनुभयो ।

आयोगका प्रमुख सूचना आयुक्त महेन्द्रमान गुरुङले लोकतन्त्रमा सूचनाको हकलाई संस्कारका रुपमा विकास गर्नुपमा जोड दिनुभयो । उहाँले सूचनाको हकका लागि सार्वजनिक निकाय भनेको सरकार र सरकारी संरचना मात्र हो भनेर सीमित रुपमा बुझ्न नहुने बताउनुभयो । सार्वजनिक संस्थाले जनताले माग्नै नपर्ने गरी स्वतः सूचना उपलब्ध गराउनुपर्ने उहाँको भनाइ छ ।

उहाँले भन्नुभयो, "सरकारी संरचना र संयन्त्र मात्र होइनन । राजनीतिक दल, गैरसरकारी संस्था, विश्वविद्यालय र बैंकलगायत सबै सार्वजनिक संस्थाले सूचनाको हकलाई कार्यान्वयन गर्नुपर्छ ।"

उहाँले पछिल्लो समय स्थानीय तहका सरकारले सूचना अधिकारीको व्यवस्था गर्नु सकारात्मक प्रयास भएको भन्दै आयोगको क्षमताले भ्याएसम्म सूचनाको हक कार्यान्वयाका लागि अनुगमन र अभिमुखीकरणलाई निरन्तरता दिएको जानकारी दिनुभयो ।

आयोगका पूर्वआयुक्त सविता भण्डारी बरालले कानुनी राज्यको प्रतिबद्धताका लागि सरकारले सूचनाको हकको कार्यान्वयनबाट थालनी हुनुपर्ने बताउनुभयो । उहाँले भन्नुभयो, "राज्यबाट सूचनाको हकको प्रत्याभूति गर्ने काम सुरु गरौँ । आयोगलाई बलियो बनाएर लैजाऔँ ।"

नेपाल पत्रकार महासङ्घका अध्यक्ष विपुल पोखरेलले राष्ट्रिय सूचना आयोगलाई संवैधानिक हैसियत प्रदान गर्न सरकारको ध्यानआर्कषण गराउनुभयो । उहाँले सूचनाको हकको जतिबढी प्रयोग भयो सरकार उति नै पारदर्शी र जनउत्तरदायी हुने विचार व्यक्त गर्नुभयो । "जनता र सरकाबीच सुमधुरसम्बन्ध बनाउन सूचनाको हक कार्यान्वयन हुनुपर्छ । राज्यले सूचना लुकायो भने जनता सशङ्कीत हुनसक्छन्", उहाँले भन्नुभयो ।

सूचनाको हकका लागि राष्ट्रिय महासङ्घका अध्यक्ष उमीद बागचनले सुशासनको अनुभूतिका लागि सूचनाको हक कार्यान्वयन हुनुपर्ने बताउनुभयो । उहाँले स्वतः सूचना उपलब्ध गराउने विषयमा सूचना अधिकारी र कार्यालय प्रमुखलाई जिम्मेवार बनाउन आवश्यक भएको बताउनुभयो ।

प्रधानमन्त्री पुष्पकमल दाहाल, 'प्रचण्ड'को प्रमुख आतिथ्यमा सम्पन्न कार्यक्रममा आयोगले नागरिकको सूसुचित हुने सूचनाको हकको संरक्षण, सम्वर्द्धन र प्रचलन गराउन योगदान पुर्‍याएको भन्दै पूर्व सूचना आयुक्त सविता भण्डारी बराललाई सम्मान गरेको छ ।

यस्तै आयोगले सूचना प्रणालीलाई प्रविधिमा आधारित बनाउन योगदान गरेको भन्दै नेपाल दूरसञ्चार प्राधिकरणलाई समेत सम्मान गरेको छ । सूचनाको हकसम्बन्धी ऐन, २०६४ जारी भई कार्यान्वयन आएको दिन भदौ ३ गतेलाई राष्ट्रिय सूचना दिवसको रुपमा मनाइँदै आइएको छ ।

आयोगका अनुसार गत आर्थिक वर्ष २०७९/८० मा आयोगमा सूचनाको हकसम्बन्धी एक हजार ६८ पुनरावेदन परेका थिए । तीमध्ये एक हजार ५४ पुनरावेदन उपरको कारबाही ऐन बमोजिम फछ्र्यौट भएका छन् ।

साथै वर्गीकरण कानुन बमोजिम नभएको भनी एक, सूचना दुरुपयोग भएको भनी चार र सूचना दाताको संरक्षण सम्बन्धमा एक निवेदन आयोगलाई प्राप्त भएको थियो ।

सूचना नदिने चार जना कार्यालय प्रमुखलाई आयोगले जरिवानाको आदेश दिएको आयोगको भनाइ छ । गत आवमा आयोगबाट विभिन्न निकायका नाममा सूचनाको हकसम्बन्धी सात सय आदेश जारी भएका छन् । रासस


# जिल्लास्तरीय हाजिरजवाफमा विद्या सदन प्रथम

वीरगञ्ज । जिल्लास्तरीय हाजिरजवाफ प्रतियोगितामा वीरगञ्जस्थित विद्यासदन मावीले प्रथम स्थान हासिल गरेको छ । नेपाल निजी तथा आवासीय विद्यालय एशोसिएशन (एनप्याब्सन) पर्साले आयोजना गरेको उक्त प्रतियोगितामा जिल्लाका १४ निजी विद्यालयको सहभागिता थियो ।

प्रतियोगितामा पिस जोन मावि द्वितीय र ओसिस मावि तृतीय भएको एनप्याब्सन पर्साका अध्यक्ष रामकुमार श्रेष्ठले जानकारी दिनुभयो । जिल्लास्तरीय हाजिरजवाफबाट छनोट भएका विद्यालयले यही भदौ ९ गते वीरगञ्जमा हुने मधेश प्रदेशस्तरीय हाजिरजवाफ प्रतियोगितामा सहभागी हुने एनप्याब्सनले जनाएको छ ।

समापन तथा पुरस्कार वितरण कार्यक्रममा एनप्याब्स मधेश प्रदेश समितिका अध्यक्ष डा. नन्दन यादव, रासस वीरगञ्ज पर्साका प्रमुख राजु विश्वकर्मा, एनप्याब्सनका केन्द्रीय सदस्य इन्द्रदेव साह, कोषाध्यक्ष राजेश लिम्बू, सदस्यहरु शौकत अलि, सोनालाल पटेल, अनिल साह, सल्लाहकार प्रेम यादव, लालबहादुर गुरुङ, नगर उपाध्यक्ष सन्तोष साहलगायतले आ-आफ्नो भनाइ राख्नु भएको थियो । रासस

नेपाल सरकार
गृह मन्त्रालय
जिल्ला प्रशासन कार्यालय, धनुषा
जनकपुरधाम
सूचना ! सूचना !! सूचना !!!
प्रकाशित मिति २०८०/०५/०४
अरुण तेश्रो जलविद्युत आयोजना अन्तर्गत धनुषा जिल्लाको मिथिला नगरपालिका वडा नं. ५ श्रीपुर खण्डको मध्यमा पर्ने राजमार्गको सडक खण्डमा तार तान्ने कार्य हुने भएकोले मिति २०८०/०५/०४ गते विहान ७ बजे देखि दिउँसो ३ बजेसम्म सो क्षेत्रमा सवारी साधनको आवत जावतको बन्द हुने व्यहोरा जानकारीका लागि अनुरोध छ साथै यात्रुहरुले सो अवधिभर उक्त खण्डमा बैकल्पिक मार्ग प्रयोग गर्नु हुन समेत अनुरोध छ ।
सहायक प्रमुख जिल्ला अधिकारी



अन्यत्र गरेको पापबाट जनकपुरधाममा मुक्ति पाउन सकिन्छ । जनकपुरधाममा गरेको पापबाट मुक्ति पाउने स्थान अन्यत्र छैन ॥

## सम्पादकीय

### ऊर्जा क्षेत्रमा विपत्ति नल्याओस्

प्रधानमन्त्री पुष्पकमल दाहाल बेलाबेला आफ्नै अभिव्यक्तिले विवादमा पर्ने गर्छन् । जुन विषयको कार्यक्रमलाई उनी सम्बोधन गर्छन्, उनको ध्येय तत्तत् विषयका सम्बद्ध व्यक्तिलाई खुशी पार्ने खालको हुन्छ। प्रितम सिंहलाई खुशी पार्न खोज्दा झन्डै राजीनामा दिनु परेको थियो । उनको विवादास्पद अभिव्यक्तिले उनलाई मात्र होइन, कहिलेकाहीं मुलुकलाई पनि असर पारिदिन्छ । जस्तो कि चीन भ्रमणको पूर्वसन्ध्यामा उनले दिएको एउटा अभिव्यक्तिले नेपाल-भारतबीचको ऊर्जा सहकार्यमा सन्देह उत्पन्न गराइदिएको छ। नेपाल विद्युत् प्राधिकरणको ३८ औं वार्षिकोत्सवमा उनले चीनसित ऊर्जा क्षेत्रमा ठूलै 'डिल' हुने अभिव्यक्ति दिए। यस्तो अभिव्यक्ति त्यसै आएको होइन । चीनसित के के विषयमा सम्झौता वा सहकार्य गर्ने भन्ने विषयमा गरिएका छलफलपछि उनले 'ठूलै डिल' हुने संकेत गरे । दाहालको त्यो अभिव्यक्तिभन्दा अघि नै चीनसँग के के विषयमा सहमति र सहकार्य हुनेछन् भन्ने संभावित एजेन्डाहरू अर्थ र परराष्ट्र मन्त्रालयका केही अधिकारीले भारतीय दूतावास पुर्‍याए । भारतीय दूतावासले यी कुरा भारतीय सञ्चार माध्यममा छरपस्ट पारिदिए। त्यस लगत्तै ढल्केबर र टनकपुरबाट नेपालले थप निर्यात गर्न (मध्यमकालीन सम्झौता) पाउन लागेको १८० मेगावाट बिजुलीसम्बन्धी निर्णय भारतले नेपाललाई जानकारी दिएन । औपचारिक रूपमा जानकारी नदिएपछि त्यो निर्णय नभए सरह नै हो। पञ्चायतकालदेखि नै नेपालका केही कर्मचारीले दूतावासको दूतका रूपमा काम गर्दै आएको आरोप लाग्दै आएको हो। स्वयं मन्त्री र सचिवले जानकारी पाउनुअघि त्यो कुरा दूतावास पुगिसकेको हुन्छ। कतिपय सन्दर्भमा प्रधानमन्त्री र मुख्य सचिव अनि सम्बद्ध मन्त्रालयको मन्त्रीलाई मात्र थाहा भएको कुरा दूतावास पुग्छ । दूतावासलाई गोप्य जानकारी दिएर नुनको सोझो गर्दा आफ्नै मुलुकप्रति भने घात हुन पुग्छ। सरकारी अधिकारीहरू सरकार वा कुनै मन्त्रीले गर्न लागेको बदमासीका बारेमा पत्रकारलाई जानकारी दिंदैनन् । तर, मुलुकको भूराजनीतिक रणनीतिसँग जोडिएका विषय विदेशीलाई दिएर नेपाल आमाप्रति गद्दारी गर्छन्। यस्ता कुपात्रको बेलैमा पहिचान गरी कारबाही नगरे यिनले नेपालको अस्तित्व नै समाप्त पारिदिन बेर छैन।

# सबैका लागि सुरक्षित 'साइबर स्पेस'



नेत्र सुवेदी 'प्रयास'

सूचना तथा सञ्चारको क्षेत्रमा पछिल्ला दिनहरुमा खासगरी तीन वटा विषयले बारम्बार चर्चा पाएको अवस्था छ । पहिलो हो, मोबाइल नेटवर्क तथा इन्टरनेट सुविधा देशभित्रको जुनसुकै बस्ती, राजमार्ग तथा सार्वजनिकस्थलमा उपलब्ध हुनुपर्ने र उक्त सुविधा गुणस्तरीय र भरपर्दो हुनुपर्ने । सारमा भन्नुपर्दा यो विषय आधारभूत आवश्यकताका रुपमा रहेको इन्टरनेट सेवामा नागरिकको पहुँचसँग सम्बन्धित छ । दोस्रो विषय भनेको, कम्प्युटर र इन्टरनेटका साथै अन्य इलेक्ट्रोनिक उपकरण प्रयोग गर्दा साइबर सुरक्षाको प्रत्याभूतिको विषय हो। यसका लागि नेपाल सरकारले हालसालै राष्ट्रिय साइबर सुरक्षा नीति जारी गरी सम्बोधन गर्ने अग्रसरता देखाएको छ । तेस्रो विषय भनेको, सामाजिक सञ्जालको प्रयोगलाई थप व्यवस्थित र सिर्जनात्मक बनाउनका लागि यससँग जोडिएका मिथ्या सूचना र सामग्री तथा जथाभावीरुपमा अरुलाई दुःख दिने तथा चरित्र हत्या गर्ने जस्ता घटना नहुने वातावरणको सिर्जना गर्ने विषय हो । यसका लागि सञ्चार तथा सूचना प्रविधि मन्त्रालयले एउटा कार्यटोली बनाएर विज्ञ एवम् सरोकारवालासँगको परामर्शबाट कानुन मस्यौदा गर्ने कार्य अगाडि वढाएको छ। यी तीनवटै विषयले आधुनिक समयले सिर्जना गरेको डिजिटल पूर्वाधार निर्माण गर्न तथा त्यस्तो पूर्वाधारको सुरक्षित उपयोगतर्फ सङ्केत गरेको हुँदा सबैका लागि सुरक्षित साइबर स्पेसको सिर्जना अहिलेको पेचिलो र निकासका लागि प्राथमिकता पाउनुपर्ने विषयका रुपमा देखापरेको छ।

### 'डिजिटल डिभाइड' अन्त्य कसरी गर्ने ?

राज्यप्रदत्त सुविधा उपयोग गर्नमा एउटै देशका सबै स्थान वा भेगमा रहने नागरिकलाई बराबरी अधिकार छ र हुनुपर्दछ। कहीँ दूरसञ्चार पूर्वाधारका रुपमा टेलिफोन र इन्टरनेटको राम्रो सुविधा हुनु र कहीँ नहुनु वा भएपनि गुणस्तरीय नहुनु अनि प्रयोग गर्ने तरिका थाहा नहुनुलाई नै डिजिटल डिभाइड भनिन्छ। यस्तो डिजिटल डिभाइड हुनु नेपालको विकासको लागि चुनौती हो। यसको समाधान सम्भव छ। विकट वस्तीहरुमा, निकुञ्जहरुमा र कतिपय राजमार्गहरुमा टेलिफोन नेटवर्कले राम्रो काम गर्दैन, डाटा चल्दैन र अप्टिकल फाइवर सुविधा पनि पुगेको छैन । जरुरी पर्दा वा दुर्घटना पर्दा सूचना सम्प्रेषण समयमा हुँदा नै जनधनको क्षति रोक्न सकिन्छ।

स्वाभाविकरुपमा सूचना प्रविधिसम्बन्धी आधारभूत पूर्वाधार पुऱ्याउने विषय प्राथमिकतामा रहनुपर्दछ। एउटै देशका नागरिकहरुबीच सुविधामा भेद गर्न मिल्दैन र पाइँदैन । सबैका लागि आधुनिक सूचना प्रविधि सुविधा उपलब्ध हुनुपर्दछ । साथै, प्रयोगकर्तालाई सूचना प्रविधिको असल प्रयोग गर्न र जोखिमबाट बच्नका लागि सचेत र सजग बनाउने काम पनि राज्यकै निकायहरुको हुन्छ चाहे यो काम अरु कुनै संस्थामार्फत नै भएको होस्। तीनै तहका सरकारहरुले यो विषयलाई गम्भिरतापूर्वक आफ्ना नीति, कार्यक्रम र व्यवहारमा उतार्न आवश्यक छ।

### राष्ट्रिय सुरक्षाकै महत्वपूर्ण आयाम साइबर सुरक्षा

जहाँजहाँ इन्टरनेटको पहुँच छ त्यहाँ सम्म साइबर स्पेश फैलिएको मानिन्छ। माथि नै भनियो कि हामी इन्टरनेटको सुविधा प्रयोग गर्ने अर्थात् साइबर युगमा छौं, जहाँ डिजिटल कारोबार र अनलाइन कार्यशैली जीवनका अभिन्न अङ्ग बनिसकेका छन्। वाइफाइ सुविधा तथा व्रोडव्याण्ड कनेक्सन नहुनासाथ हामी के के न छुटेजस्तो महसुस गर्दछौं। यसको मतलव हो कि साइबर स्पेशमा हामीहरु अभ्यस्त भइसकेका छौं।

आधारभूत आवश्यकताको वस्तुका रुपमा इन्टरनेट पनि सूचीकृत भइसकेको छ। यसको अर्को पाटो भनेको साइबर आक्रमण बढ्नु हो। अपराधको स्थिति विश्लेषण गर्दा सूचना तथा सञ्चार प्रविधिको प्रयोग गरेर र यसको प्रयोग रहेको 'साइबर स्पेस'को प्रयोग गरेर हुने अपराध बढ्दो क्रममा रहेको हुँदा साइबर सुरक्षाको विषय राष्ट्रिय सुरक्षाकै लागि चासो र चिन्ताको विषय बन्न पुगेको छ।

सूचना तथा सञ्चार प्रविधि नीति, २०७२ मा सूचना प्रविधिको प्रयोगमा सुरक्षा एवम् विश्वासको प्रत्याभूति गरिने, साइबर अपराधको रोकथाम तथा अभियोजन प्रणालीको विकास गरिने, साइबर आक्रमण पहिचान, रोकथाम, प्रतिरक्षालगायतका आयामहरुलाई सम्वोधन गर्ने कुरामा जोड दिइएको छ । २०८१ असार मसान्तमा अवधि सकिने १५ औँ आवधिक योजनामा साइबर सुरक्षाको विषय पनि परेको छ र आगामी १६ औँ योजनामा समेत यो विषयले प्रवेश पाउने नै छ।

त्यसैगरी हालसालै नेपाल सरकारले जारी गरेको राष्ट्रिय साइबर सुरक्षा नीति, २०८० ले सुरक्षित र उत्थानशील साइबर स्पेश निर्माणको सोचसहित आगामी १५ वर्षभित्र नेपालको विश्वव्यापी साइबर सुरक्षा सूचकाङ्क स्कोर हालको ४४.९९ बाट ८० पुऱ्याउने लक्ष्यसहित कानुन तथा कार्यविधि, संरचना, जनशक्ति विकास तथा अनुसन्धान, तथ्याङ्क सुरक्षा, निजी क्षेत्र तथा नागरिक समाजको समेत सहभागिता एवम् अन्तराष्ट्रिय सहयोग र सहकार्यका विषयहरु समेटी रणनीति र कार्यनीतिहरु अघि सारेको छ।

कानुन तथा कार्यविधि निर्माण गरी कार्यान्वयनमा ल्याउने, साइबर सुरक्षासम्बन्धी विषयलाई नजिकबाट निगरानी गर्नका लागि साइबर सुरक्षा केन्द्र सञ्चालनमा ल्याउने, क्षमता विकास तथा साइबर सुरक्षासम्बन्धी शिक्षा र सचेतनाको उचित व्यवस्था गर्ने, देशभित्र र बाहिर रहेका सरोकारवालाहरुबीच सहयोग आदानप्रदानको वातावरण बनाउने र तथ्याङ्क सुरक्षाका लागि आवश्यक प्रवन्ध गर्नेलगायतका प्रावधानहरु नीतिमा समावेश गरिएको छ। विषयवस्तुको प्रकृति नै चलायमान र शीघ्र परिवर्तनशील रहेको हुँदा हरेक वर्ष नीतिमा पुनरावलोकन गर्ने उल्लेख हुनु पक्कै पनि राम्रो पक्ष हो।

### सामाजिक सञ्जालको नियमन

जहाँजहाँ इन्टरनेट पुगेको छ, त्यहाँ त्यहाँ प्रयोगकर्ताहरु सामाजिक सञ्जालमा जोडिने संभावना बढी छ र जो जो सामाजिक सञ्जालमा जोडिएका छन् । उनीहरु आपराधिक प्रवृत्तिका व्यक्तिबाट ठगिने वा शोषणमा पर्ने सम्भावना बढेर गएको छ। यसबाहेक डाटा चोरी हुने, रकम चोरी हुने र चरित्र हत्या हुने जस्ता घटनाहरु घटिरहेका छन् । सामाजिक सञ्जालको प्रयोग बढ्दै जाँदा मिथ्या सूचना प्रवाह हुने क्रम बढेको छ। अनलाइन मिडिया लाइक, शेयर गर्ने मात्र हैन, कि युजर क्रिएटेड कन्टेन्टहरुको प्रयोग गरी शेयर, लाइक, कमेन्टको सङ्ख्या हेरी कमाई हुने प्रावधानका कारण तथा भाइरल हुने सुरमा कतिपय सामाजिक र नैतिक पक्षहरु गौण हुने जोखिम बढेर गएको छ।

परम्परागतरुपमा प्रयोगमा रहेका र मूलधार मानिने पत्रपत्रिका, रेडियो, टेलिभिजनको तुलनामा सामाजिक सञ्जालमा आएका कन्टेन्ट, अनलाइन पत्रिका र ओटिटीमार्फत हुने प्रशारणका सूचना सामग्रीलाई प्रयोगकर्ताले पछ्याउन थालेका छन् । फलस्वरुप मिडिया दर्ता र नियमन गर्ने कानुनमा समेत नयाँपनको खाँचो देखिएको छ। विज्ञापन बजार पनि डिजिटल मिडियातर्फ झुकेको छ । हालसालै जारी भएको विज्ञापन नियमावलीले केही न्यू मिडियाको विषय उठान गरेको छ। ओटिटी प्लेटफर्म सञ्चालन सम्बन्धमा राष्ट्रिय प्रसारण नियमावली संशोधनको क्रममा रहेको छ।

सामाजिक सञ्जालका धेरै प्लेटफर्महरु प्रयोगमा छन् जसले गेम खेलेर समय बिताउनेदेखि लिएर जुवातास, लागूऔषधको कारोबार र डेटिङ्ग सुविधासम्म उपलब्ध गराउँदछन्। यी सबै उपलब्धताले हामीलाई हेर्न बाध्य त पार्दैनन् तर लोभ्याउँछन् र लत बसाल्न प्रेरित गर्दछन्। यदि हामीले फेसनका साइटहरु लाइक गर्‍यौँ भने थरिथरि फेसन देखिन थाल्दछन्, हामीले जस्तो तस्बिर हेर्न थाल्यौँ, प्लेटफर्मले एल्गोरिदम प्रयोग गरेर रुचि अनुसारका मिल्दाजुल्दा सामग्री पस्कन थाल्दछन् । के यो क्रम बढेर जाँदा हामी सिर्जनशील समय बर्बाद हुने अवस्था आउँदैन त ? यो विषयमा गम्भीरतापूर्वक विमर्श हुन आवश्यक छ।

*सामाजिक सञ्जालका धेरै प्लेटफर्महरु प्रयोगमा छन् जसले गेम खेलेर समय बिताउनेदेखि लिएर जुवातास, लागूऔषधको कारोबार र डेटिङ्ग सुविधासम्म उपलब्ध गराउँदछन् । यी सबै उपलब्धताले हामीलाई हेर्न बाध्य त पार्दैनन् तर लोभ्याउँछन् र लत बसाल्न प्रेरित गर्दछन् । यदि हामीले फेसनका साइटहरु लाइक गर्‍यौँ भने थरिथरि फेसन देखिन थाल्दछन्, हामीले जस्तो तस्बिर हेर्न थाल्यौँ, प्लेटफर्मले एल्गोरिदम प्रयोग गरेर रुचि अनुसारका मिल्दाजुल्दा सामग्री पस्कन थाल्दछन् । के यो क्रम बढेर जाँदा हामी सिर्जनशील समय बर्बाद हुने अवस्था आउँदैन त ? यो विषयमा गम्भीरतापूर्वक विमर्श हुन आवश्यक छ।*

बागमती प्रदेश सरकारको आन्तरिक मामिला तथा कानुन मन्त्रालय, सञ्चार रजिष्ट्रारको कार्यालयद्वारा प्रकाशित पुस्तक डिजिटल साक्षरतामा समेटिएको परिभाषा अनुसार सामाजिक सञ्जाल हुनका लागि आफ्नो पहिचानसहितको प्रोफाइल बनाउने ठाउँ भएको, प्रकाशित हुने सामग्री प्रयोगकर्ताले नै लेखेका, बोलेका, खिचेको वा अरुको सामग्री शेयर गरेको हुनुपर्ने र सामान्य तयार सामग्रीमा आफ्नो राय वा मत दिने अवसर प्रयोगकर्तालाई हुनुपर्दछ भनिएको छ। यस्तो सञ्जालमा दुई वा दुईभन्दा बढी प्रयोगकर्ताबीचमा दोहोरो अन्तरकृयाको अवसर हुनुपर्दछ।

सामाजिक सञ्जालले उस्तै रुचि र सम्बन्ध भएकाहरुबीचको अन्तरकृयालाई भेट नभैकन पनि सम्भव तुल्याउँछ त्यसैले यसलाई भर्चुअल कम्युनिटी पनि भनिन्छ। सामाजिक सञ्चालको लागि पूर्वाधार भनेको इन्टरनेट हो भने इन्टरनेटकै सहायताले प्लेटफर्म वा एपका रुपमा नयाँनयाँ सामाजिक सञ्जालहरु थपिदै गएको देखिन्छ। सन् २००४ मा फेसवुकको शुरुआत हुनुअघिदेखि नै माइस्पेस, फ्रेण्डस्टर र लिंकडिन जस्ता प्लेटफर्म प्रयोगमा आइसकेका थिए। अहिले आएर सयभन्दा वढी सामाजिक सञ्जाल प्लेटफर्म सक्रियरुपमा सञ्चालनमा रहेको बताइन्छ।

साइबर स्पेस भन्ने बित्तिकै इन्टरनेट जहाँजहाँ प्रयोग हुन्छ त्यहाँसम्मको दायरा समेटिने हुँदा सामाजिक सञ्जाल पनि साइबर क्राइम हुने सम्भावित क्षेत्र पर्ने नै भयो। नेपाल सरकारले पहिलोपटक जारी गरेको उल्लेखित नीतिले सामाजिक सञ्जालको प्रयोग सुरक्षित प्रयोगतर्फ समेत इंगित गरेको छ । साइवर सुरक्षाका लागि निरन्तर अनुगमन गरी सुरक्षित अनलाइन स्पेस निर्माण गर्ने रणनीति अन्तर्गत कार्यनीतिका रुपमा इन्टरनेट तथा सामाजिक सञ्जालको प्रयोग गरी भ्रामक जानकारी सम्प्रेषण गर्ने कार्यलाई नियन्त्रण गरिने, महिला, बालबालिका वा लैंगिक तथा यौनिक अल्पसङ्ख्यक व्यक्तिका विरुद्ध लक्षित अनलाइन सेवाहरुलाई निषेध गरिने, इन्टरनेट तथा सामाजिक सञ्जालको प्रयोगबाट हुने विभिन्न प्रकारका हिंसा एवम् भेदभावलाई नियन्त्रण गरिने, राष्ट्रिय सुरक्षामा आँच पुऱ्याउने, घृणा वा द्वेष फैलाउने अनलाइन उत्पीडन र साइबर बुलिङ गर्ने सामाजिक तथा साम्प्रदायिक सद्भावमा खलल पुऱ्याउने अश्लिलता फैलाउने किसिमका डिजिटल सामग्रीको सम्प्रेषणलाई निषेध गरिने र स्पाम मेसेजहरु सम्प्रेषण गर्ने कार्यलाई नियन्त्रण गरिने विषय समेटेको छ। सामाजिक सञ्जालको नियमनका लागि बन्ने कानुनको मस्यौदामा खासगरी नेपालको संविधानले महत्वका साथ व्यवस्था गरेको अभिव्यक्ति स्वतन्त्रता र प्रेस स्वतन्त्रताको मर्मलाई आत्मसात गर्दै सामाजिक सञ्जालको रचनात्मक र समाजका लागि पाच्य हुने खालको वातावरण सिर्जना गर्ने गरी कानुनी व्यवस्था गर्नुपर्ने देखिन्छ। कानुनको मस्यौदा गरिरहँदा खासगरी सामाजिक सञ्जाल र यसको गलत प्रयोगसम्बन्धी शब्दावली र तिनको परिभाषा स्पष्टरुपमा उल्लेख हुनुपर्दछ। त्यस्तै गरी सूचीकरण वा दर्ताको प्रक्रिया समावेश गर्नुपर्दछ। यसबाट सरकारले वा आमनागरिकले सोसल साइटलाई चिन्न सकोस् । दर्ता प्रक्रिया सरल र अनलाइन तवरले गर्ने सकिनेसम्म उक्त उपाय अवलम्बन गर्नुपर्दछ। सम्भव भएसम्म स्वनियमनका उपायहरु कानुनले समेट्नु उपयुक्त हुन्छ । यसमा प्लेटफर्म सञ्चालकहरुको दायित्वका साथै कोड अफ प्राक्टिसका साथै शिक्षा तथा सचेतनाका विषयहरु समेटिन सकून्।

यसैगरी सामाजिक सञ्जालको प्रयोग गर्दा हुन सक्ने गल्ति कमजोरी सत्यापन गर्ने विधि र प्रविधिका सम्बन्धमा पनि कानुनले छुटाउनु हुँदैन । साथै, हालका कानुनले समेट्न नसकेका र समेटेको भएपनि निष्प्रभावी भएका के कस्ता गलत कामलाई कुन वर्गको देवानी वा फौजदारी अपराध मान्ने र सजाय के कति गर्ने भन्ने विषयमा ज्यादा वहस हुनु जरुरी छ। यसका साथै दर्ता तथा नियमन गर्ने निकाय तथा जिम्मेवार अधिकारीको प्रवन्ध पनि कानुनले गर्दछ नै । साथै, सूचना प्रविधिका सम्बन्धमा प्रचलनमा रहेका कानुनहरुसँग नयाँ बन्ने कानुनको सम्बन्धमा पनि प्रष्टता ल्याउनु आवश्यक हुन्छ। ज्यादा महत्वपूर्ण विषय त विगतमा भएका अभ्यासबाट सिक्दै उस्तै खालका कमजोरीहरु यो कानुनमा दोहोरिनु हुँदैन।

### सामाजिक सञ्जाल नियमन सम्वन्धमा अन्तराष्ट्रिय अभ्यास

विश्वका २८ वटा देश आबद्ध युरोपेली युनियनले सन् २०२२ मा जारी गरेको 'डिजिटल सर्भिसेज एक्ट'ले अनलाइन प्लेटफर्मले डिजिटल कन्टेन्टका सम्बन्धमा नयाँ मापदण्डको प्रस्ताव गरेको छ । प्रयोगकर्ताको अधिकारको संरक्षण गर्दै कानुन विपरीतका कन्टेन्टको प्रवाहलाई सीमित गर्दै जाने उद्देश्य यो कानुनले राखेको बताइन्छ। सबै सदस्य राष्ट्रहरुले अनुमोदन गर्नुपर्ने हुँदा यो मापदण्डको पूर्ण कार्यान्वयन भने हुन बाँकी छ । बेलायत, जर्मनी र अष्ट्रेलियामा इसेफ्टी कमिसनको अवधारणा प्रयोगमा छ।

अमेरिकामा अनलाइन प्लेटफर्मको पक्षमा त्यहाँको कार्यविधि रहँदै आएकामा हालैका दिनमा आएर अनलाइन कन्टेन्टका साथै साइट सञ्चालकले प्रयोगमा ल्याउने अल्गोरिदमको पारदर्शीताको व्यवस्थासहितको कानुनको विधेयक संसदमा विचाराधीन रहेको रहेको छ। चीनमा विकसित टिकटकलाई प्रतिवन्ध लगाएको भारतले अनलाइन कन्टेन्टसम्बन्धी इन्टरमेडियाटरिजलाई जिम्मेवार बनाउने विभिन्न शर्तसहित सूचना प्रविधिसम्बन्धी नियम २०२१ मा जारी गरेकामा सन् २०२३ मा आएर संशोधन समेत गरेको छ । प्लेटफर्महरुकै तर्फबाट स्वनियमनका सन्दर्भमा सन् २०१८ देखि प्रयोगमा रहेको मानिने सान्टाक्लारा सिद्धान्तले पनि केही हदसम्म अनुशासन तथा मानकतर्फ संकेत गर्दछन्।

अन्त्यमा, जस्तोसुकै चमत्कारिक विशेषतासहितको प्रविधि किन नहोस् यसको सदुपयोग भएन भने मानव सभ्यता र समाजले पाउने कम र गुमाउने कुरा बढी हुने जोखिम रहन्छ । सूचना प्रविधिका उपकरण र त्यसमा पनि इन्टरनेटको प्रयोग बढ्दै जाँदा यससँग जोडिएको साइबर जोखिम पनि बढेको छ। सामाजिक सञ्जालले विश्व नै जेलिएको सन्दर्भमा केही राम्रा पक्ष हुँदाहुँदै पनि यसले सिर्जना गर्न सक्ने अफवाह, हिंसा एवं मानवीय अन्तरसम्बन्धमा देखिने गलत परिणाम बढ्न नदिनका लागि सामाजिक सञ्जालका प्रयोगकर्ता, सञ्चालकहरु र राज्यका तर्फबाट पनि उचित मापदण्ड वा स्वनियमनको औजार प्रयोग हुनु आवश्यक छ। यो विषयमा सम्वाद गरी निकास खोज्न ढिलाइ गर्नु हुँदैन। (लेखक सञ्चार तथा सूचना प्रविधि मन्त्रालयका सहसचिव हुनुहुन्छ)

# यी नेताको कवच उतार्ने इन्द्र पो कता होलान् ?



गोविन्द अधिकारी

लोकतन्त्र सजिलो, दक्ष र प्रभावकारी शासन व्यवस्था होइन। त्यसमाथि संसदीय लोकतन्त्र त झन् बढी 'लचिलो' हुन्छ । तैपनि, अहिलेसम्म लोकतन्त्रभन्दा 'उम्दा' शासन पद्धति भेटिएको छैन । यसको कारण के हो भने लोकतन्त्रका शासन विधिअनुसार सञ्चालित हुन्छ। जनताले शासक छान्दा गल्ती नै गरे भने पनि उसले सीमा नाघ्न पाउँदैन । कार्यपालिकालाई सन्तुलनमा राख्न व्यवस्थापिका र न्यायपालिका हुन्छन् । यी तीनवटै संस्था एकअर्कामा आवद्ध तर स्वतन्त्र हुन्छन् । सम्भवतः लोकतन्त्रलाई उत्कृष्ट शासन प्रणाली बनाउने आधार यही हो।

लोकतान्त्रिक अभ्यासका गुण

लोकतान्त्रिक अभ्यासको इतिहास भएका समाजमा लोकतन्त्र शासन प्रणालीमा सीमित नभएर जीवनशैली बन्न पुगेको छ । यसैले शासकले लोकतन्त्रको बाटो बिराए वा छाडे भने त्यसलाई सच्याउने विधि, प्रक्रिया र संयन्त्र स्वतः सक्रिय हुन्छन् । लोकतान्त्रिक मूल्य आत्मसात् गरिनसकेको समाजमा भने त्यस्ता विधि, प्रक्रिया र संयन्त्र या त हुँदैनन् नत्र भए पनि अस्तित्वहीन हुन्छन्। नेपालमा लोकतान्त्रिक शासन प्रणालीको अभ्यास लामो छैन। यस्तै समाजमा लोकतान्त्रिक परम्परा स्थापित पनि भइसकेको छैन । त्यसैले होला हाम्रो लोकतान्त्रिक शासन नै 'खोक्रो' र 'जाली'जस्तो देखिन पुगेको छ। हालैका साताहरूमा सर्वोच्च अदालतले दिएका आदेश र फैसलामा शासनको खोक्रो तस्बिर फेरि उजागर भएको छ । हुनत, सर्वोच्च अदालतका यी ऐतिहासिक महत्त्वका निर्णयहरू पनि विवादरहित नहोलान् तर तिनले लोकतान्त्रिक शासन पद्धतिको मर्म भने उजागर गरेका छन् । दुर्भाग्य, विधिको शासनको मान्यता सम्झाउने न्यायपालिकाको निर्देशलाई सरकारले भने ग्रहण गर्न खोजेको देखिएन।

### पूर्ववर्तीलाई उन्मुक्ति : कलङ्क बहालवाला प्रधानमन्त्रीमाथि

ललितानिवास जग्गा हिनामिनासम्बन्धी मुद्दामा सर्वोच्च अदालतको संयुक्त इजलासले मुख्य निर्णयकर्तालाई छानबिनबाट उन्मुक्ति दिइएकोमा सरकारको ध्यानाकर्षण गर्दै 'निर्णयका लागि जिम्मेवार मुख्य व्यक्तिलाई उत्तरदायी बनाउन' निर्देश दिएको छ। यसबाट मन्त्रिपरिषद्को निर्णयलाई 'नीतिगत' भन्दै छानबिनबाट उन्मुक्ति दिने रकमी अभ्यास पनि अस्वीकृत भएको छ।

संयुक्त इजलासको आदेशमा नाम त कसैको किटिएको छैन तर त्यसले जुन जग्गा हिनामिना गैरकानुनी भयो भनेर मुद्दा चलाइएको हो त्यसको अन्तिम निर्णय गर्ने व्यक्तिहरूलाई पनि कारबाहीको दायरामा ल्याउनुपर्छ भनिएको छ। त्यसको स्पष्ट अर्थ हुन्छ - त्यतिबेला मन्त्रिपरिषद्को नेतृत्व गर्ने प्रधानमन्त्रीहरूलाई पनि उन्मुक्ति दिइनु हुँदैन । विडम्बना, ललितानिवास प्रकरणको छानबिन गरिरहेको सरकारी निकाय नेपाल प्रहरीको केन्द्रीय अनुसन्धान ब्युरोले भने तत्कालीन प्रधानमन्त्रीहरूसँग बयानसमेत नलिई मुद्दा बुझाउन लागेको छ रे !

संयुक्त इजलासको निर्णयको पालन गर्नु मन्त्रिपरिषद् र त्यसमातहतका निकायको पनि कर्तव्य हो। सरकारका लागि अदालतको निर्णय स्वीकार्य नभए 'न्यायिक पुनरावलोकन' गराउने संवैधानिक उपाय अपनाउन सक्छ। तर, न्यायिक पुनरावलोकन नहुँदासम्म निर्णय कार्यान्वयन नगर्न मिल्दैन।

न्यायालयको आदेशको यसरी प्रत्यक्ष र स्पष्ट अवज्ञा हुन थाल्यो भने विधिको शासनको सन्तुतन र संरचना सबै खलबलिन्छ। त्यसको अर्थ लोकतन्त्रको 'अवसान' हुनु हो। लाग्छ, प्रधानमन्त्री पुष्पकमल दाहाल सरकार सत्ता गठबन्धनका सहयोगी पूर्वप्रधानमन्त्री द्वय माधवकुमार नेपाल र डा. बाबुराम भट्टराईमाथि कारबाही चलाउनुभन्दा लोकतन्त्रको मर्ममा प्रहार गरेका कलङ्क स्वीकार गर्न तत्पर छन्।

### फौजदारी अपराधका दोषीलाई क्षमादान अस्वीकार्य

सर्वोच्च अदालतकै संयुक्त इजलासको अर्को एउटा निर्णयमा टीकापुर हत्याकाण्डका सम्बन्धमा गरिएको टिप्पणीलाई भन्न त 'न्यायिक सक्रियताको उदाहरण' पनि भन्न सकिएला तर जघन्य अपराधका दोषीलाई क्षमादान वा अरू कुनै नाममा सजायबाट उन्मुक्ति दिनु विधिको शासनविपरीत हो भनिएको छ। निर्णय भने टीकापुर नरसंहारका मुख्य अभियुक्त रेशम चौधरीलाई राष्ट्रपतिले क्षमादान दिइसकेपछि सार्वजनिक भएको छ।

हुनत, रेशम चौधरीलाई नरसंहारका मुख्य योजनाकार ठहर गरी जिल्ला र पुनरावेदन अदालतले दिएको सजाय नै सर्वोच्च अदालतको संयुक्त इजलासले २०८० को जेठ २ गते नै सदर गरेको हो । तर, हालै सार्वजनिक फैसलाको पूर्णपाठमा भने दीर्घकालीन महत्त्वका टिप्पणीहरू पनि उल्लेख गरिएका छन्।

थरुहट आन्दोलनका नाममा २०७२ साल भदौ ७ गते कैलालीको टीकापुरमा ८ जना सुरक्षाकर्मी र एक बालकको हत्या भएको थियो। आन्दोलनकारीहरूको आक्रमणबाट ३६ जना सुरक्षाकर्मी घाइते भएका थिए। आश्चर्य, सशस्त्र तैनाथ सुरक्षाकर्मीले यस्ता घटनामा गर्ने आक्रामक व्यवहारविपरीत भदौ ७ मा टीकापुरमा अचम्मको संयम देखाए।

निर्णयका आधार पुष्टि गर्न दिइएका महत्त्वपूर्ण तर्क र मिसिलमा रहेका प्रमाणहरूको विश्लेषणमा संयुक्त इजलासका न्यायाधीशहरूले निकै परिश्रम गरेको फैसलामा स्पष्ट देखिन्छ। सजाय सदर वा बदर यस लेखको विषय होइन। यसैले रेशम चौधरीलाई संविधानबमोजिम भन्दै दिइएको 'बाँकी कैद माफी'का विषयमा फैसलामा गरिएका टिप्पणीमा ध्यान दिऊँ।

### सरकारले अवज्ञा गरेका बुँदा

पहिलो, सर्वोच्च अदालतको संयुक्त इजलासले दलगत वा कुनै राजनीतिक व्यक्तिको स्वार्थका 'सहमति'का नाममा मुद्दा नचलाउने, फिर्ता लिने र अन्तिममा केही नलागे संवैधानिक प्राधानको अपव्याख्य गरेर सजाय माफी गर्ने अभ्यास नेपालको संविधान, २०७२ विपरीत हुने स्पष्ट पारेको छ । विधिको शासन रुचाउने जनसाधारणकै भावना यस टिप्पणीमा प्रतिविम्बित भएको देखिन्छ। दोस्रो, राजनीतिक आन्दोलन भएकाले त्यसलाई अपराध ठान्न नमिल्ने भन्नेहरूलाई संविधान र प्राकृतिक न्यायको मान्यता सम्झाउँदै स्पष्ट उत्तर दिइएको छ । शान्तिपूर्ण हुँदासम्म मात्र कुनै आन्दोलन राजनीतिक मानिनसक्छ । आन्दोलनले हिंसाको बाठो समातेपछि राज्यले पनि त्यसलाई फौजदारी अपराध नै ठान्नुपर्ने हुन्छ र मुलुकको फौजदारी कानुनअनुसार कारबाही हुनुपर्छ।

तेस्रो, अहिले रेशम चौधरीको जन्मकैदको सजाय माफ गर्नेजस्तो अभ्यासले राज्य नै 'अपराधी संरक्षक' हुन पुग्छ। राज्यको मूल दायित्व नागरिकको जीउधनको रक्षा गर्नु हो। कुनै कारणवश नागरिकको जीउधनको क्षति भएमा दोषीलाई कानुनअनुसार सजाय दिलाउने र पीडितलाई सहायता दिने राज्यको कर्तव्य हो । मूलतः राज्यको आवश्यकता र अस्तित्वको औचित्य यसैमा निर्भर हुन्छ । यस कर्तव्यमा चुक्यो भने राज्य पीडकको हातमा पुग्छ भन्ने चेतावनी पनि न्यायाधीशले गरेका छन्।

चौथो, 'राजनीतिक आवरणमा कसुरदारलाई फौजदारी कसुरबाट सृजित दायित्वबाट उन्मुक्ति दिंदा फौजदारी न्याय मर्छ' भनेर स्पष्ट शब्दमा लेखिएको छ- 'वस्तुतः अपराध जसले गरे पनि अपराध नै हो। फौजदारी कानुनले व्यक्ति, पद वा उसको हैसियतलाई चिन्दैन।' विधिको शासनको मूल सिद्धान्त पनि यही त हो । संविधानमा कानुनका अगाडि सबै समान हुन्छन् लेखिनुको तात्पर्य पनि त्यही हो।

यस्ता अरू पनि थुप्रै महत्त्वपूर्ण बुँदा संयुक्त इजलासको फैसलामा छन् । दुर्भाग्य, सरकारले संवैधानिक व्यवस्थाको आडमा गरेको सिफारियसमा राष्ट्रपति रामचन्द्र पौडेलले रेशम चौधरीको सजाय माफ गरिसकेका छन्। अब सच्याउने उपाय के होला र ? फैसलाको पूर्णपाठ बेलैमा आएको भए केही हुन्थ्यो कि ? जेहोस्, अहिलेको सरकार सर्वोच्च अदालतको फैसलाअनुसार प्रकारान्तरले 'अपराधीको संरक्षक' सिद्ध भएको छ। भदौ ७ को कालो दिनभन्दा केही पहिले टीकापुर गएर उत्तेजक भाषण गरेर हिंसा दुरुत्साहित गर्नेहरूमाथि पनि कारबाही हुनुपर्थ्यो । कुनै सरोकारवाला वा कानुन व्यवसायीले यसमा पहल गरे हुने हो। अनिमात्र यो फैसला वास्तवमै कोसेढुंगा हुनेछ। देशलाई साँच्चै नै लोकतान्त्रिक बनाउने हो भने यस्ता विषयलाई गम्भीरतापूर्वक लिनुपर्छ । दुर्भाग्य, अहिले सरकारको नेतृत्वलगायत धेरै राजनीतिक नेताहरू कुनै न कुनै दिन कानुनको फन्दामा पर्नसक्ने जोखिममा छन् र उनीहरूलाई 'क्षमादान'को कवच अपरिहार्यजस्तो छ। कर्णको जस्तो यो कवच उतार्ने इन्द्र पो कता होलान् ?

# सदन खुलाउने विषयमा जुटेन सहमति

काठमाण्डु । प्रतिनिधिसभाका सभामुख देवराज घिमिरेले संसद् अवरोध खुलाउने उद्देश्यका साथ दलका प्रमुख सचेतकसँग छलफल गरे पनि सहमति जुट्न सकेको छैन । सभामुख घिमिरेको सिंहदरबार स्थित कार्यकक्षमा आइतबार बसेको बैठकमा सत्तापक्ष र प्रमुख प्रतिपक्षी दलका सचेतकले आआफ्नो अडान कायमै राखेपछि संसद् खोल्ने विषयमा सहमति जुट्न नसकेको हो।

सभामुख घिमिरेले लगातार संसद् अवरुद्ध हुँदा सांसदप्रति आमजनतामा नकारात्मक सन्देश गएकाले सहमतिका लागि मान्यता प्राप्त दलका प्रमुख सचेतकलाई छलफलमा बोलाउनुभएको थियो । बैठकमा प्रमुख प्रतिपक्षी दलका सचेतकले संसद् अवरोधलाई थप सशक्त बनाउने र सत्तापक्षले पनि आफ्नो अडान कायमै राखपछि बैठक निष्कर्षविहीन बनेको र ाष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) का सचेतक सन्तोष परियारले जानकारी दिनुभयो । बैठकमा रास्वपाका तर्फबाट आफूले आफ्ना विमति भए सदनमै छलफल गर्न र संसद् अवरोध अन्त्य गर्न आग्रह गरेको उहाँले बताउनुभयो।

बैठकमा सत्तापक्षबाट नेपाली कांग्रेस, नेकपा (माओवादी केन्द्र) तथा प्रमुख प्रतिपक्षी दलबाट नेकपा (एमाले), राष्ट्रिय स्वतन्त्र पार्टी र राष्ट्रिय प्रजातन्त्र पार्टीका सचेतकलगायत सहभागी थिए। प्रमुख प्रतिपक्षी दल नेकपा (एमाले) ले सुन तस्करीको प्रकरणको छानबिन गर्न उच्चस्तर ीय समिति बनाउनुपर्ने माग गर्दै आएको छ भने सत्तारुढ दलहरु त्यस विषयमा सहमत हुन नसक्दा संसद् सञ्चालन हुन सकेको छैन।

प्रतिनिधिसभा बैठक आइतबारै दिउँसो १ बजेका लागि आह्वान गरिए पनि सञ्चालन हुन सकेको छैन । सदनको अवरोध हटाउन प्रधानमन्त्री पुष्पकमल दाहाल 'प्रचण्ड'ले अहिले राष्ट्रिय मान्यता प्राप्त दलहरूसँग छलफल गर्दै हुनुहुन्छ। रासस

# सूचना लिने मात्रै होइन दिने संस्कार को विकास आवश्यक : प्रधानमन्त्री



काठमाण्डु । प्रधानमन्त्री पुष्पकमल दाहाल 'प्रचण्ड'ले भ्रष्टाचार नियन्त्रणका लागि सूचना लिने मात्र होइन दिने संस्कारको विकास गर्न आवश्यक भएको बताउनुभएको छ। आइतबार १७औँ राष्ट्रिय सूचना दिवसका आयोजित कार्यक्रममा प्रधानमन्त्री प्रचण्डले सार्वजनिक निकायमा घुस, ढिलासुस्ती, गलत निर्णय, अपारदर्शी व्यवहारलगायतका विषयमा सूचना दिन उत्प्रेरित गर्न कानुनी व्यवस्था गर्न जरूरी भएको बताउनुभयो।

"विश्वमा भ्रष्टाचार नियन्त्रणका क्षेत्रमा प्रयोग भएको नयाँ प्रविधिमा आधारित 'ब्लकचेन टेक्नोलोजी'बारे अध्ययन गर्न आवश्यक छ", उहाँले भन्नुभयो, "अब सार्वजनिक ओहोदामा रहेका हरेक व्यक्तिको सम्पत्तिसहितका व्यक्तिगत विवरण गोप्य राख्ने प्रचलन हटाउन जरुरी छ।"

उहाँले सार्वजनिक पदाधिकार ीको काम कारबाहीबारे जनताको कम निगरानी, नागरिक समाजलाई राज्यको सूचनामा पहुँच कम हुने अवस्थाका कारण भ्रष्टाचार मौलाउँदै जाने खतरा भएको बताउनुभयो । राष्ट्रिय सूचना आयोगद्वारा आयोजित कार्यक्रममा प्रधानमन्त्री प्रचण्डले सूचना दिवसको शुभकामना दिँदै सूचनाको हकसम्बन्धी कानुन लागू भएको लामो समयसम्म पनि नागरिकले यस हकको व्यापक प्रयोग गर्न नसकेको गुनासो गर्नुभयो।

"संविधान र कानुनमा सबै सार्वजनिक निकायमा रहेका सूचनाको वास्तविक मालिक नागरिकलाई मानिए पनि सबै प्रकार का सूचनामा उनीहरूको पहुँच स्थापित हुन नसकेको अनुभूति भइरहेको छ । यसैगरी कानुन कार्यान्वयनमा सार्वजनिक निकायलाई अझै बढी जिम्मेवार र जवाफदेही बनाउनुपर्ने देखिन्छ", उहाँले भन्नुभयो।

सूचनाको हकसम्बन्धी व्यवस्था सार्वजनिक निकायमा पहुँच पुऱ्याउन सक्ने केही सीमित मान्छेका लागि मात्र नभएर वर्षौंदेखि राज्यवाट उपेक्षित र उत्पीडनको अवस्थामा रहेका किसान, मजदूर, महिला, दलित, सीमान्तकृत समुदायसहित आम जनसमुदायका लागिसमेत भएको उहाँको भनाइ छ।

उहाँले नेपालको सूचनाको हकसम्बन्धी ऐनलाई विश्वका उत्कृष्ट ऐनहरूको सूचीमा राखिएको स्मरणसमेत गराउनुभयो । उहाँले यस हकको प्रभावकारी कार्यान्वयनले सर कारका कामकारबाहीलाई लोकतान्त्रिक पद्दतिअनुरूप खुला र पारदर्शी बनाइ शासकीय संयन्त्रलाई आम नागरिकप्रति उत्तरदायी, जवाफदेही र जिम्मेवारी बनाउने बताउनुभयो।

"राज्यका सूचनामा आम नागरिकको पहुँच र सहभागिता अभिवृद्धि गराउनु नै लोकतान्त्रिक प्रणालीको संस्कार हो", प्रधानमन्त्री प्रचण्डले भन्नुभयो । सूचना प्रविधिको समायानुकूलको तीव्र विकाससँगै नेपालमा सार्वजनिक निकायमा 'डिजिटल गभर्नेन्स'को प्रयोग बढाउनुपर्नेमा उहाँले जोड दिनुभयो । प्रधानमन्त्री प्रचण्डले आयोगको क्षमता बढाइ सूचनाको हक कार्यान्वयनका लागि सरकारले सबैखालको सहयोग गर्न तयार रहेको समेत स्पष्ट पार्नुभयो। रासस

# सबै प्रकरणका फाइल खुल्नुपर्छ : महामन्त्री थापा




झापा । नेपाली कांग्रेसका महामन्त्री गगनकुमार थापाले देशलाई हानी पुऱ्याउने भ्रष्टाचारसहितका सबै किसिमका प्रकरणका फाइल खुल्नुपर्ने बताउनुभएको छ।

नेपाली कांग्रेस शिवसताक्षी नगर समितिको प्रथम नगर सम्मेलनको उद्घाटन गर्नुहुँदै महामन्त्री थापाले वर्तमान सर कारले विभिन्न समयका भ्रष्टचार लगायत प्रकरणका फाइल खोलेर छानबीनको प्रक्रिया सुरु गरेकामा केही आशा जगाएको बताउनुभयो । सबै ती फाइल खोलेर अनुसन्धानको प्रक्रियालाई तीव्रता दिनुपर्नेमा उहाँले जोड दिनुभयो।

"विभिन्न प्रकरणमा संलग्नलाई राजनीतिक आस्थाका आधारमा नहेरी निष्पक्ष छानबीन गरी दण्डित गरिनुपर्छ", उहाँले भन्नुभयो। चुनौतीलाई अवसरका रुपमा बदल्न कांग्रेसले अगुवाइ गर्नुपर्ने महामन्त्री थापाको भनाइ थियो । उहाँले भन्नुभयो- "२०८४ सालको निर्वाचनको चिन्ता होइन, २०८० देखिनै देशको अवस्था परिर्वतनमा हामी सबै एकभएर लागेपछि देशको मुहार फेर्न सकिन्छ।"

केही दल आगामी आम निर्वाचनमा जित हारको मात्र चिन्ता गरेर बसेको उल्लेख गर्दै उहाँले त्यो चिन्ता पार्टीको मात्र स्वार्थ भएकाले अवसर प्राप्तिका लागि सरकार अघि बढ्नुपर्ने उल्लेख गर्नुभयो । महामन्त्री थापाले देशमा छाएको निराशाको मौका छोपी केही नयाँ दलले व्यापार गर्नथालेका टिप्पणी गर्नुभयो। कांग्रेसका नेता तथा कार्यकर्ता चुनावका लागि मात्र नभएर जनताको परिवर्तनको निम्ति सक्रिय भई जुट्नुपर्ने उहाँले उल्लेख गर्नुभयो।

पार्टी नगर सभापति अशोक बस्नेतको अध्यक्षतामा भएको उक्त सम्मेलनमा कांग्रेस झापाका सभापति देउकुमार थेवेलगायत नेताले आ-आफ्नो धारणा र ाख्नुभएको थियो।

**विकासका लागि योजना दिने राजनीतिज्ञ चाहिएको छ : महामन्त्री थापा**

नेपाली कांग्रेस महामन्त्री गगन थापाले देश विकासका लागि योजना दिने राजनीतिज्ञ आवश्यक रहेको औँल्याउनु भएको छ । नेपाल विद्यार्थी सङ्घ झापाअन्तर्गत कनकाइ र इन्द्रचन्द्र क्याम्पस इकाइ समितिले आइतबार यहाँ आयोजना गरेको कार्यक्रमलाई सम्बोधन गर्दै महामन्त्री थापाले सो कुरा बताउनुभएको हो।

"हामीलाई समस्या मात्रै देखाउने मान्छे चाहिएको छैन", उहाँले भन्नुभयो, "दिगो विकास विकासका लागि योजना दिने र ाजनीतिज्ञ चाहिएको छ, समस्या त जसले पनि औँल्याउन सक्छ।" महामन्त्री थापाले युवा पुस्ताबाट देशलाई समृद्ध बनाउने योजना आउने विश्वास व्यक्त गर्दै मुलुकलाई आर्थिक रुपमा समृद्ध बनाउन २० वर्षे योजना तयार गर्नुपर्नेमा जोड दिनुभयो।

नेपालको जनसङ्ख्यालाई आङ्कलन गर्दा अबको २० वर्षमा मुलुक बुढो हुने भएकाले विकास सम्भव नहुने उहाँको भनाइ थियो । जापान, कोरिया जस्ता देशले जवान छँदै आर्थिक समृद्धि प्राप्त गरेका बताउँदै उहाँले भन्नुभयो, "समयमै मुलुकलाई आर्थिक रुपमा समृद्ध बनाउन सके मात्रै दिगो विकास हासिल गर्न सकिन्छ।"

नेविसङ्घ एउटा स्कुल भएकाले यहाँ सिक्नुपर्ने थुप्रै सामाग्री 'कन्टेन्ट' रहेको बताउँदै थापाले चेतना र समृद्धिको र ाजनीतिमा लाग्न सबैलाई आग्रह गर्नुभयो।

नेविसङ्घ कनकाई इकाइ समिति अध्यक्ष किरण गुरुङको अध्यक्षतामा भएको कार्यक्रममा नेविसङ्घ झापा सभापति सञ्जय निरौलाले स्वागत गर्नुभएको थियो । कार्यक्रम सञ्चालन भने गोकुल पौडेल र गृष्मा सापकोटाले गर्नुभएको थियो। रासस

# दिगो विकासका लक्ष्य प्राप्तिका लागि प्रतिबद्धता पूरा गर्न जोड

काठमाण्डु । सन् २०३० सम्ममा दिगो विकासका लक्ष्यहरू हासिल गर्नका लागि जनसङ्ख्या र विकासका प्रतिबद्धता कार्यान्वयन गर्नुपर्नेमा जोड दिइएको छ। संयुक्त राष्ट्रसङ्घीय जनसंख्या कोष(युएनएफपिए)ले आज यहाँ आयोजना गरेको कार्यक्रमका वक्ताहरूले आर्थिक विकास र समावेशितालाई प्राथमिकतामा र ाखेर सुरक्षित मातृत्व तथा प्रजनन स्वास्थ्य अधिकारका विषयमा थप पहल कदम चाल्न सुझाएका हुन्।

दिगो विकासका लक्ष्यमा नेपालले सबै महिला र किशोर ीविरुद्ध जुनसुकै क्षेत्र र स्थानमा हुने सबै प्रकारका विभेदको अन्त्य गर्ने जनाएको छ। बालविवाह, जबर जस्ती विवाहलगायत विषयमा गरिएका प्रतिबद्धता नेपालले पूरा गर्दै गएकाले त्यसलाई थप प्रभावकारी तुल्याउनुपर्ने देखिएको छ। यस्ता प्रतिबद्धता पूरा गरेर निर्धारित समयमा दिगो विकासका लक्ष्य पूरा गर्नका लागि नेपाल प्रयासरत रहेको उल्लेख गर्दै उहाँहरूले त्यसका लागि थप जनचेनतामूलक कार्य र प्रभावकारी विकासका कार्यक्रम तय गर्नुपर्ने सुझाव दिनुभयो।

त्रिभुवन विश्वविद्यालय, जनसंख्या अध्ययन विभागका विभागीय प्रमुख, प्रा डा योगेन्द्रबहादुर गुरुङले पछिल्लो जनगणनाअनुसार नवजात शिशु मृत्युदर, मातृ मृत्युदर एवं बालविवाह दरमा कमी आएको भए पनि दिगो विकासका लक्ष्य प्राप्तिका लागि अझ सक्रियातापूर्वक काम गर्नुपर्ने बताउनुभयो।

सहर एवं तराई केन्द्रित बसाइँसराइले पनि मानवीय सुर क्षामा चुनौती थपिँदै गएकाले त्यसतर्फ ध्यान जान जरुरी रहेको उहाँको भनाइ छ। तेस्रो पञ्चवर्षीय योजनादेखि शुरु गरि एको जनसङ्ख्या वृद्धिदर घटाउने लक्ष्य अहिले आएर पूरा हुने अवस्थामा पुगेको उल्लेख गर्दै प्रा डा गुरुङले अब के गर्ने भन्ने नीतिगत विषयमा ध्यान दिनुपर्नेमा जोड दिनुभयो।रासस

# पर्यटन ऐनलाई संशोधन गरेर अगाडि बढ्छौँ : मन्त्री किराती

काठमाण्डु । संस्कृति, पर्यटन तथा नागरिक उड्डयनमन्त्री सुदन किरातीले पर्यटन ऐनलाई संशोधन गरेर सरकार अगाडि बढ्ने बताउनुभएको छ । पर्यटक प्रहरीका जवान तथा जुनियर प्रहरी अधिकृतको प्रथम समूहको तालिम समापनमा बोल्दै उहाँले पर्यटन क्षेत्रको विकासका लागि पर्यटन ऐनलाई संशोधन गर्न मन्त्रालय लागेको बताउनुभएको हो।

"लामो समय अगाडि बनेको पर्यटन ऐनले वर्तमान पर्यटन क्षेत्रको समस्या समाधान गर्न सक्दैन, पर्यटन ऐनलाई संशोधन गर्न मन्त्रालय लागेको छ", उहाँले भन्नुभयो। पर्यटनमन्त्री किरातीले स्रोतसाधनको अभावकाबीच पनि पर्यटक प्रहरीले उत्कृष्ट रुपमा कार्यसम्पादन गरेको बताउनुभयो। पर्यटन क्षेत्रले मात्र देशको विकास र आर्थिक उन्नती हुने उहाँको भनाइ थियो।

उहाँले अथाह पर्यटकीय सम्भावना भएको मुलुक नेपालको पर्यटनलाई विश्व बजारमा लैजानका लागि पर्यटक प्रहरीले खेलेको भूमिका सराहनीय रहेको बताउनुभयो। उच्च निष्ठावान भएर मन, बचन र कर्मले काम गर्न उहाँले पर्यटक प्रहरीलाई निर्देशनसमेत दिनुभयो। राष्ट्रिय प्रहरी प्रशिक्षण प्रतिष्ठानका प्रमुख, प्रहरी अतिरिक्त महानिरीक्षक टेकप्रसाद राईले तालिममा प्राप्त गरेका अनुभवलाई कार्यक्षेत्रमा उच्चतम प्रयोग गर्न आग्रह गर्नुभयो।

नेपाल प्रहरीले युनाईटेड नेशन (युएन)मार्फत नेपालको पर्यटन क्षेत्रको प्रवर्द्धन गरिरहेको उहाँको भनाइ थियो । तालिम संयोजक, प्रहरी उपरीक्षक चित्रबहादुर गुरुङले नेपाल भ्रमणका लागि आउने विदेशी पर्यटकलाई सेवा र सुरक्षा प्रदान गर्न पर्यटक प्रहरीले महत्वपूर्ण भूमिका खेलेको बताउनुभयो। अन्तर ाष्ट्रियस्तरमा नेपालको छवि उजागर गर्न पर्यटक प्रहरी दत्तचित्त भएर लाग्नुपर्ने उहाँको भनाइ थियो।रासस

# चोरीपैठारी नियन्त्रणमा सरकार प्रतिबद्ध छ : उपप्रधानमन्त्री श्रेष्ठ



काठमाण्डु । उपप्रधानमन्त्री एवं गृहमन्त्री नारायणकाजी श्रेष्ठले भन्सार नाकाबाट हुने चोरी पैठारी र अवैध आयात नियन्त्रणका लागि सरकार प्रतिबद्ध रहेको बताउनु भएको छ । अहिले मुलुकको अर्थतन्त्रको मुख्य समस्याका रुपमा रहेको अवैध व्यापार नियन्त्रणका लागि सरकारले अधिकतम प्रयास गरिरहेको उहाँले उल्लेख गर्नुभयो।


गृह मन्त्रालयमा आइतबार बसेको कुखुरा तथा कुखुराजन्य वस्तुको गैरकानुनी ओसारपसार नियन्त्रणसम्बन्धी बैठकमा उपप्रधानमन्त्री श्रेष्ठले विभिन्न वस्तुको अवैध व्यापारले नेपालका उद्योगी व्यवसायी समस्यामा परेको मात्र नभइ सरकारले समेत ठूलो राजस्व गुमाइरहेको बताउनुभयो।

"भन्सार नाका र खुला सीमानाबाट हुने चोरी पैठारी व्यवसायीको मात्र समस्या होइन। यस्ता अवैध गतिविधिले व्यवसायी त मारमा परेकै छन्, राष्ट्रले पनि राजस्व गुमाएको छ", उहाँले भन्नुभयो, "मुलुक आत्मनिर्भर हुने वस्तुमा पनि बाहिरबाट चोरी पैठारी हुने गरेको देखिएको छ । राजस्व चुहावट नियन्त्रणका लागि सरकार प्रतिबद्ध छ।"

खुला सिमाना र भन्सार नाकाबाट हुने चोरी पैठारी नियन्त्रणका लागि प्रतिबद्ध भएर लाग्न सुर क्षा निकायलाई निर्देशन दिइसकेको उल्लेख गर्दै उपप्रधानमन्त्री श्रेष्ठले अवैध व्यापार नियन्त्रणका लागि प्रहरी प्रशासनका तर्फबाट सहयोग रहने प्रतिबद्धता जनाउनुभयो। अर्थतन्त्र सुधारका लागि आन्तरिक पुँजी निर्माण, लक्षित पुँजीगत खर्च र व्यापार घाटा न्यूनीकरण गर्ने विषयलाई सरकारले प्राथमिकतामा राखेको उहाँको भनाइ छ।

उक्त बैठकमा नेपाल पोल्ट्री महासङ्घका अध्यक्ष गुणचन्द्र विष्टले कोभिड-१९ महामारी अघिको तुलनामा अहिले पोल्ट्री व्यवसाय धराशयको अवस्थामा पुगेको बताउनुभयो।रासस

# राष्ट्रिय मान्यता प्राप्त दलको बैठक सोमबार फेरि बस्ने



काठमाण्डु । सदनको अवरोध खुलाउनेलगायतका विषयमा छलफल गर्न प्रधानमन्त्री पुष्पकमल दाहाल 'प्रचण्ड' ले आह्वान गर्नुभएको सर्वदलीय बैठकमा विभिन्न विकल्पका बारेमा छलफल भएपनि सहमति हुन नसकेपछि पुनः सोमबार बस्नेगरी स्थगित भएको छ।

प्रधानमन्त्री तथा मन्त्रिपरिषद् कार्यालयमा आइतबार आयोजित बैठकमा सत्तापक्षले तत्काल सदनको अवरोध खुलाएर छलफल हुने वातावरण बनाउन आग्रह गरेको थियो। यस्तै, प्रमुख प्रतिपक्ष दल नेकपा(एमाले)ले भने सुन तस्करी प्रकरणमा उच्चस्तर ीय छानबिन समिति गठनको माग दोहोऱ्याएको थियो।

सङ्घीय संसद्मा राष्ट्रिय मान्यता प्राप्त दलका शीर्ष नेता सहभागी बैठकमा प्रधानमन्त्री प्रचण्डले नेपाल प्रहरीले गरिरहेको अनुसन्धानलाई विश्वास गर्न आग्रह गर्दै त्यसका आधारमा सदनमा अवरोध भइर हनु देश र जनताको पक्षमा नभएको बताउनुभएको थियो।

बैठकपछि राष्ट्रिय स्वतन्त्र पार्टीका सभापति रवी लामिछानेले सदनको अवरोध खुलाउने विषयमा गम्भीर छलफल भएपनि आइतबार कुनै निष्कर्ष निस्कन नसकेको बताउनुभयो । बैठकमा उपप्रधानमन्त्री एवम् गृहमन्त्री नारायणकाजी श्रेष्ठले पनि प्रहर ीले गरिरहेको अनुसन्धानलाई विश्वास गर्न आग्रह गर्नुभएको थियो । सभापति लामिछानेका अनुसार आइतबार गम्भीर र एजेण्डा केन्द्रित रहेर छलफल भएको र सम्भवतः सोमबारको बैठकमा सहमति हुने विश्वास व्यक्त गर्नुभयो।

सदनमा निरन्तर अवरोध हुँदा राष्ट्रिय महत्वका विभिन्न विधेयकमा छलफल हुन नपाएको तथा मुलुकका सामू देखा परेका समस्याका बारेमा समेत सांसदहरुले धारणा राख्न नपाएको भन्दै आफूहरुले तत्काल बैठक चल्नुपर्ने धारणा राखेको सभापति लामिछानेको भनाइ छ। बैठकमा प्रधानमन्त्रीले राज्यका निकायले गर्ने काममा सबैले साथ र सहयोग गर्नुपर्ने र त्यसलाई प्रभावित पार्ने गरी कुनै पनि अर्को समिति तत्काल आवश्यक नपर्ने बताउनुभएको थियो । यस्तै, एमाले संसदीय दलका प्रमुख सचेतक पदम गिर ीले उच्चस्तरीय छानबिन समिति गठन गर्नुपर्ने आफूहरुको माग कायमै रहेको बताउनुभयो । उहाँले सदनको अवरोध खुलाउन आफूहरु तयार भएपनि सरकारको तर्फबाट ल्याउने कार्यसूची अगाडि बढाउन भने तयार नरहेको सङ्केत गर्नुभयो । उच्चस्तरीय छानबिन समिति गठन गर्ने विषयमा सहमति हुन नसक्दा आइतबारका लागि बोलाइएको प्रतिनिधिसभाको बैठक समेत स्थगित भएको छ।रासस


## सोनमा गाउँपालिका
### गाउँ कार्यपालिकाको कार्यालय
**सोनमा, महोत्तरी**
**मधेश प्रदेश, नेपाल**

## मौजुदा सूची दर्ता गराउने सम्बन्धी सूचना

**प्रथम पटक प्रकाशित मिति : २०८०।०५।०४**

यस गाउँपालिका कार्यालयको लागि आ.व. ०८०।८१ मा आवश्यक पर्ने समान तथा खरिद गर्न सार्वजनिक खरिद ऐनको दफा ६ (क) तथा सार्वजनिक खरिद नियमावली २०६४ को नियम १८ मा भएको कानूनी व्यवस्था बमोजिम तपसिलको कार्य गर्न इच्छुक व्यक्ति, फर्म, संस्था वा कम्पनीले आ.व. २०७८/०७९ को व्यवसायिक नविकरण भएको प्रमाण पत्र कर चुक्ता प्रमाण पत्र सहित स्थायी लेखा नम्बर र मुल्य अभिवृद्धि करमा दर्ता भएको प्रमाणपत्रको प्रतिलिपी सहित सार्वजनिक खरिद नियमावली २०६४ को अनुसुची २ (क) बमोजिमको ढाँचामा निवेदन दिनु हुन र आ.व. २०७९/०८० मा यस कार्यालयमा सुचीकृत दर्ता गरेको तथा आ.व. २०७९/०८० को व्यवसाय नविकरण भएको प्रमाण पत्र कर चुक्ता प्रमाण पत्र सहित स्थायी लेखा नम्बर र मुल्य अभिवृद्धि करमा दर्ता भएको प्रमाणपत्रको प्रतिलिपी संलग्न गरी यो सूचना प्रकाशित भएको मितिले १५ दिन भित्र नियमानुसार निवेदन दिनु हुन जानकारी गराईन्छ।

**तपसिल**

१. मसलन्द छपाई तथा कार्यालय सामान आपूर्ति
२. फर्निचर तथा फर्निशिंग सामान आपूर्ति तथा मर्मत सम्बन्धी कार्य
३. मेशिनरी औजार (कम्प्युटर, प्रिन्टर फोटोकोपी मेशिन आदी) तथा इलेक्ट्रिकल सामान आपूर्ति तथा मर्मत,
४. भवन मर्मत सम्भार निर्माण सम्बन्धी सेवा
५. कुरियर सेवा
६. प्रशासनिक विषय संग सम्बन्धी अध्ययन अनुसन्धान तथा विभिन्न विषय संग सम्बन्धि सफटवेयर निर्माण मर्मत तथा आपुर्ति र सुचना प्रविधि संग सम्बन्धी विभिन्न परामर्श सेवा
७. फलफुल विरुवा सप्लाई तथा बगैंचा व्यवस्थापन सम्बन्धी कार्य
८. स्वास्थ्य, पशु, कृषिजन्य औषधी तथा सर्जिकल उपकरणाहरु
९. खाजा, खाना, चिया, पानी आदि
१०. विज्ञापन प्रकासन सम्बन्धी
११. विभिन्न प्राविधिक विषयको सेवा आपूर्ति, सबै डिजाइन आदि
१२. इन्टरनेट सेवा
१३. पत्रपत्रिका आपूर्ति गर्ने काम
१४. इन्धन आपूर्ति गर्ने काम

**प्रमुख प्रशासकीय अधिकृत**

# डेढेलोले हवाई, क्यनडा र स्पेनी टापुमा अकल्पनीय क्षति



**सिन्ह्वा**

बेइजिङ । अमेरिकाको हवाई राज्य, क्यानडा र स्पेनको एउटा टापुमा लागेको डढेलोले अकल्पनीय क्षति भएको छ । अग्निनियन्त्रकहरू आगो निभाउन र उद्धारकर्ताहरू मृतकहरूको खोजीमा जुटिरहेका छन्भने विस्थापितहरूको व्यवस्थापनको चुनौतीलाई पनि उनीहरूले कष्टका साथ खेपिरहेका छन् ।

हवाईको माउई जङ्गलमा लागेको डढेलो मानववस्तीसम्म फैलिँदा मृत्यु हुनेको संख्या एक सय १४ पुगेको छ । आधुनिक अमेरिकाको इतिहासमा आगलागीमा परेर यति धेरैको अमूल्य जीवन खरानी भएको थिएन ।

प्रचण्ड गर्मीमा ठूलो विपत्ति बनेर आउने वन डढेलो टापुराज्य हवाईका निम्ति अभिषाप बनेको छ । दशकौँमा हुने यो प्राकृतिक विपत्तिमा सुनामीमा भन्दा धेरैले ज्यान गुमाएका छन् । सन् १९६० को सुनामीमा ६१ जनाको मृत्यु भएको थियो भने त्यसको १४ वर्षअघिको सुनामीमा भने एक सय ६० जनाले ज्यान गुमाएका थिए ।

हवाईका गभर्नर जोस ग्रीनले आगालागीबाट छ अर्ब अमेरिकी डलर बराबरको क्षति भएको, दुई हजार दुई सयभन्दा बढी भवन र अन्य मझौला र साना पाँच सय वटा घर ध्वस्त भएका बताउनुभएको छ । भौतिक क्षति भन्दा धेरै क्षति अमूल्य जीवनको क्षति भएको छ । उहाँले भावुक बन्दै भन्नुभयो, "राज्यका धेरैले आमा, बुबा, हजुरबा हजुरआमा, छोरा र छोरी गुमाएका छैन जसको क्षतिपूर्ति कहिल्यै गर्न सकिदैन ।"

अमेरिकाका अन्य भागमा पनि जङ्गलमा लागेको डढेलोले ठूलो क्षति भएको छ । पूर्वी वासिङ्गटन राज्यको मेडिकल लेक क्षेत्रबाट हजारौं मानिस ज्यान जोगाउन भागेका छन् । क्यानडा पनि डढेलोले आक्रान्त भएको छ । क्यानेडियन इन्टर एजेन्सी फरेस्ट फायर सेन्टरका अनुसार देशभर डढेलोका सात सय घटना भएका छन् जसमा एक लाख ३७ हजार वर्ग किलोमिटर भन्दा बढी क्षेत्र आगोको चपेटामा परेको छ । ब्रिटिश कोलम्बिया र उत्तरपश्चिमी क्षेत्रमा आपत्काल घोषणा गरिएको छ ।

युरोप पनि विश्वव्यापी तापक्रम वृद्धिसँगै प्रचण्ड गर्मी झेलिरहेको छ। स्पेनको पर्यटकीय टापु टेनेरिफको वनमा डढेलो लाग्दा चार हजार पाँच सयभन्दा बढीलाई सुरक्षित स्थानमा स्थानान्तरण गर्नुपरेको छ। अग्निनियन्त्रण कर्मचारी अहिले पनि उक्त क्षेत्रमा उद्धारमा खटिरहेका छन्। अधिकारीहरूका अनुसार उक्त टापुपमा भएको क्षतिको विवरण सङ्कलन हुन बाँकी छ।

# विकासोन्मुख राष्ट्रका पक्षमा लाग्न छैटौँ ब्रिक्स मिडिया फोरमको आह्वान

**सिन्ह्वा**

जोहानेसबर्ग । विकासोन्मुख देशका पक्षमा लाग्न आह्वान गर्दै छैटौँ ब्रिक्स मिडिया फोरम दक्षिण अफ्रिकामा सुरु भएको छ ।

करिब ३० देशका करिब एक सय सञ्चारगृह, विद्वत् समूह र अन्तरराष्ट्रिय संस्थाका दुई सय प्रतिनिधि सम्मिलित फोरममा ' ब्रिक्स र अफ्रिकाः साझा र निष्पक्ष भविष्यका लागि सुदृढ मिडिया संवाद' छलफल भएको छ ।

फोरमको उद्घाटन सत्रमा सिन्ह्वा समाचार समिति अध्यक्ष फू हुआले ब्राजिल, रुस, भारत, चीन र दक्षिण अफ्रिका सदस्य रहेको ब्रिक्स राष्ट्रका सञ्चार माध्यमले एक्काइसौँ शताब्दीमा महत्वपूर्ण जिम्मेवारी वहन गरेका बताउँदै मानवताको साझा मूल्यलाई प्रवर्द्धन गर्ने, नयाँ युगमा ब्रिक्सका सफलताका विषयलाई अझ परिष्कृत ढङ्गले प्रस्तुत गर्न पारस्परिक सहयोग घनीभूत हुनुपर्नेमा जोड दिएका छन् ।

> दक्षिण अफ्रिकाको स्वतन्त्र मिडियाका कार्यकारी अध्यक्ष इकबाल सुर्वेले ब्रिक्स राष्ट्रका विविध संस्कृतिले संवाद र वार्तालाई समृद्ध बनाउने विचार व्यक्त गर्दै ब्रिक्स मिडिया समावेशी, सहकारी र न्यायपूर्ण नयाँ विश्व व्यवस्थाको पक्षमा निःशर्त उभिनुपर्ने बताए ।

ब्रिक्स मिडिया फोरमका कार्यकारी अध्यक्षसमेत रहेका फूले संयुक्त रूपमा सांस्कृतिक आदानप्रदान गर्दै न्यायपूर्ण र समतामूलक अन्तरराष्ट्रिय व्यवस्थालाई पनि संयुक्त रूपमा अगाडि बढाउने प्रस्ताव गरेका छन् ।

अफ्रिकी राष्ट्रिय कङ्ग्रेसको राष्ट्रिय कार्यकारी समितिका सदस्य डकोटा लेगोएटले ब्रिक्स मिडिया फोरम ब्रिक्स राष्ट्रका आवाज उठाउन महत्त्वपूर्ण मञ्च भएको उल्लेख गर्दै केही देशले अन्तरराष्ट्रिय बहसलाई एकाधिकार बनाउने र मिडियालाई अन्य सार्वभौम राज्यमा आक्रमण गर्ने हतियार बनाएका भन्दै त्यसको आलोचना गरे । उनले मिडिया युद्ध भड्काउने उपकरण बन्नुको सट्टा विश्वशान्ति र विकासको प्रवर्द्धन गर्न प्रतिबद्ध हुनुपर्ने बताए ।

रुसी समाचार समिति तासका महानिर्देशक आन्द्रे कोन्ड्राशोभले विगत एक दशकमा सदस्य राष्ट्रबीच मिडिया सहयोगका बारेमा छलफल गर्न महत्वपूर्ण, विशिष्ट एवं प्रतिष्ठित मञ्चका रुपमा स्थापित भएको विचार व्यक्त गर्दै ब्रिक्स देशका सञ्चारमाध्यमलाई गलत सूचनाको प्रतिरोध गर्न र विकासशील देशहरूको हितको रक्षाका खातिर एकजुट हुन आह्वान गरे ।

रसिया टुडेका पत्रकार एलिजाभेटा ब्रोडस्कायाले पश्चिमा सञ्चार माध्यमले अफ्रिकालाई युद्ध, भोक र रोगले व्याप्त महादेशका रुपमा चित्रण गरेकामा त्यसको आलोचना गर्दै पश्चिमा बाहेक अन्य सञ्चारगृहद्वारा सम्प्रेषण गरिएका सामग्रीलाई 'नियतवश प्रवाह गरिएका झूठा विवरण' मान्ने प्रवृत्ति अमान्य भएको बताए ।

ब्राजिलको वित्तीय र कृषि सूचना प्रदायक सिएमए समूहका प्रमुख जोसे जुआन सान्चेजले विश्वसनीय र निष्पक्ष समाचार अपरिहार्य भएको उल्लेख गर्दै ब्रिक्स मिडियाले सदस्य राष्ट्रका आर्थिक, वातावरणीय र सामाजिक क्षेत्रमा दिगो विकासलाई रोज्नुपर्ने सझाव दिए ।

ब्राजिल कम्युनिकेसन कम्पनीका अध्यक्ष हेलियो डोयलले सदस्य राष्ट्रहरूको आवाज मुखरित गर्न तथा भूमण्डलीकरणलाई प्रवर्द्धन गर्न फोरमले महत्त्वपूर्ण योगदान पुऱ्याएको बताउँदै शान्ति र आपसी सहयोग विस्तारलाई मुख्य लक्ष्य मानेर सञ्चार कर्म गर्नुपर्ने तर्क गरे ।

दक्षिण अफ्रिकाको स्वतन्त्र मिडियाका कार्यकारी अध्यक्ष इकबाल सुर्वेले ब्रिक्स राष्ट्रका विविध संस्कृतिले संवाद र वार्तालाई समृद्ध बनाउने विचार व्यक्त गर्दै ब्रिक्स मिडिया समावेशी, सहकारी र न्यायपूर्ण नयाँ विश्व व्यवस्थाको पक्षमा निःशर्त उभिनुपर्ने बताए । विकासोन्मुख राष्ट्रले सामना गर्नुपरेका चुनौतीको चर्चा गर्दै उनले ती राष्ट्रका दृष्टिकोण र आवाजलाई फोरमले स्थान दिनुपर्नेमा जोड दिएका थिए ।

## अमेरिकामा पनि चल्यो मेसीको जादु

# मायमीलाई लिग्स कप जिताएसँगै बने सर्वाधिक ट्रफी उचाल्ने खेलाडी

**टुडे समाचारदाता**



काठमाण्डु । अमेरिकी फुटबल क्लब इन्टर मायमी सीएफले मेजर लिग सकर (एमएलएस) को पछिल्ला ११ खेलमा जित निकाल्न सकेको थिएन। पछिल्लो पटक मे ७ मा एटलान्टा युनाइटेडविरूद्ध २-१ ले विजयी भएपछि मायमीले ११ खेल जितविहीन यात्रा गऱ्यो।

यो बीचमा क्लबले अमेरिकाको युएस ओपनको तीन खेल भने जितेको थियो। तर अमेरिकाको लिगमा भने उसको प्रदर्शन फिक्का रह्यो।

इंग्ल्यान्डका पूर्वकप्तान डेभिड बेकह्यामको लगानीमा रहेको मायमी २०२३ को मेजर सकर लिगको इन्टर्न कन्फ्रेन्सतर्फको १५ क्लब मध्येअन्तिम स्थानमा छ। उसले २२ मध्ये ५ खेलमा मात्र जित निकाल्दा १४ खेलमा हार र ३ खेलमा बराबरी खेलेको छ।

अमेरिकाको इन्टर्न र वेस्टर्नतर्फ गरी २९ क्लबको अंक तालिकामा पनि मायमी अन्तिम स्थानमा छ। अमेरिकाको शीर्ष डिभिजनको फुटबल लिग एमएलएसमा अमेरिकाका २६ र क्यानडाका ३ क्लबको प्रतिस्पर्धा रहने गरेको छ।

पछिल्लो एक महिना भने मायमीले उत्कृष्ट खेल देखाइरहेको छ। पछिल्ला समय लिग बाहेकको खेलमा भने मायमीले उत्कृष्ट लय समातेको छ।

लगातार सात खेलमा जित निकाल्दै मायमीले आइतबार अमेरिकाको लिग्स कपको उपाधि जित्यो।

अमेरिकाको एमएलएस र मेक्सिकोको शीर्ष डिभिजनको लिग खेल्ने क्लबबीच हुने यो प्रतियोगिताको सन् २०२३ को सिजनमा ४७ टिमबीच प्रतिस्पर्धा भएको थियो। पूराना र बलिया मानिएका क्लबलाई पछि पार्दै पाँच वर्षअघि स्थापना भएर तीन वर्षदेखि लिग खेलिरहेको मायमीले उपाधि जितेको हो। क्लबको यो पहिलो मुख्य उपाधि हो।

मायमीको प्रदर्शनमा आमूल परिवर्तन आउनुको एउटै कारण छ, अर्जेन्टिनाका सुपरस्टार लिओनल मेसीको आगमन। यस्तै स्पेनिस क्लब बार्सिलोनाबाट मेसीसँगै खेलेका सर्जियो बुस्केट र जोर्डी अल्बा पनि मायमीमा आबद्ध हुँदा क्लबको प्रदर्शन उच्च बनेको थियो।

मेसीले मायमीसँग २०२५ सम्मका लागि सम्झौतामा हस्ताक्षर गरेपछि अमेरिकाकी फुटलबमा निकै प्रभाव पर्ने आकलन गरिएको थियो। जसलाई सही प्रमाणित गर्दै मेसीले क्लबका लागि पहिलो उपाधि मात्र दिलाएनन्, अमेरिकी फुटबलको लोकप्रियतालाई अझ उकासे।

साउदी अरेबिया क्लबहरूको अर्बौं डलरको प्रस्ताव त्यागेर अमेरिका गएका मेसीले एक वर्षको ५ देखि ६ करोड डलर पारिश्रमिक पाउने बताइएको छ। क्लबले सेयर अंश पनि दिने प्रस्ताव गरेपछि मेसी अमेरिकी क्लबमा गएको बताइन्छ। एडिडास र एप्पलबाट एमएलएसलाई प्राप्त हुने प्रायोजन रकममा मेसीले पनि केही अंश पाउने अर्को सम्झौता छ।

आकर्षक सम्झौता भए पनि मेसीले कमजोर अमेरिकी टिमलाई अगाडि बढाउन सक्नेमा कतिपयको शंका थियो। तर उनले आफ्ना पूर्वसहकर्मी बुस्केट र अल्बासँगै मायामीमा रहेका नयाँ खेलाडीसँग तालमेल मिलाए। प्रत्येक खेलमा गोल गर्दै आलोचकको बोली बन्द गरिदिए।

मेसी मायमीमा आबद्ध भएसँगै सन् २०२६ मा अमेरिका, क्यानडा र मेक्सिकोले संयुक्त रूपमा आयोजना गर्ने फिफा विश्वकपअघि अमेरिकी फुटबलको लोकप्रियताको ग्राफ अझै बढ्ने देखिन्छ।

सात पटकका बालोन डी'ओर विजेता ३६ वर्षीय मेसीले सन् २०२२-२३ सिजनको अन्त्यमा फ्रान्सेली च्याम्पियन पिएसजी छाडेर अमेरिकी क्लब रोजेका थिए।

गत वर्ष कतारमा विश्वकप जित्दा आफ्नो देशको नेतृत्व गरेका मेसीले मायामीसँगको सम्झौतापछि भनेका थिए, 'इन्टर मायामी र संयुक्त राज्य अमेरिकामा मेरो करियरको अर्को चरण सुरू गर्न पाउँदा म धेरै उत्साहित छु।'

मेसीले २०२१ मा विश्वको उत्कृष्ट खेलाडीको लागि आफ्नो सातौं बालोन डी'ओर अवार्ड जितेका थिए। अर्जेन्टिनालाई फिफा विश्वकप २०२२ को सफलता दिलाएपछि मेसीले यो वर्ष पछि फेरि विश्वको उत्कृष्ट खेलाडीको अवार्ड जित्न सक्ने अपेक्षा गरिएको छ।

उनले पिएसजीका लागि कुल ७५ खेलमा ३२ गोल गरेका थिए। गत सिजन फ्रेन्च लिग वानमा १६ गोल र १६ असिस्टसहित गत सिजनको अन्त्य गरेका थिए।

स्पेनिस क्लब बार्सिलोनामा २१ वर्ष बिताएपछि मेसी २०२१ मा फ्रान्सेली टोलीमा आवद्ध भएका थिए। ६७२ गोल गरी १० ला लिगा उपाधि, चार च्याम्पियन्स लिग र सातवटा स्पेनिस कप जितेका मेसी बार्सिलोनाको कीर्तिमानी गोलकर्ता हुन्।

युरोपमा उत्कृष्ट प्रदर्शन गरेका मेसीले अमेरिकामा पनि लयमा कामयै राखे। मायमीलाई अन्तिम ३२ हुँदै उपाधि जिताउने क्रममा सात खेल खेल्दै १० गोल गर्न सफल भए। उनले मायमीका लागि खेलेका सबै खेलमा गोल गर्दै अर्को इतिहाससमेत रचे।

३६ वर्षीय मेसीले लिग्स कपको फाइनलमा आइतबार नाशिभल एफसीविरूद्ध पनि गोल गर्दै टिमलाई अग्रता दिलाएका थिए। यो उनको करिअरको ८१७ औं गोल हो। दोस्रो हाफमा नाशिभलले बराबरी गोल फर्काएपछि खेल पेनाल्टी सुटआउटमा पुगेको थियो।

पेनाल्टी सुटआउटमा दुबै टिमका ११-११ खेलाडीले पेनाल्टी हानेका थिए। एघारौं पेनाल्टीमा मायमीका गोलकिपर ड्रेक कालेन्डरले न्यासभिलका गोलकिपर इलियट प्यानिकोको प्रहार विफल पारेपछि मायमीले १०-९ को जित निकाल्यो।

मेसीले जुलाई २२ मा लिग्स कपको खेलमा क्रुज अजुलविरूद्ध डेब्यू गरेका थिए। डेब्यू खेलमै गोल गरेका उनले दोस्रो हाफको इन्जुरी टाइममा फ्रिकिकमार्फत् उत्कृष्ट गोल गर्दा मायमी २-१ गोलको जितसहित अन्तिम ३२ मा पुगेको थियो। त्यसपछि मेसी रोकिएनन्, लगातार गोल गर्दै मायमीलाई अघि बढाए।

मायमीले बुधबार युएस ओपन कपको सेमिफाइनलमा सिनसिनटीसँग खेल्दा अर्को फाइनलमा पुग्ने मौका पनि छ।

पहिलो उपाधि जितेर इतिहास बनाएपछि डेभिड बेकह्यामले बार्सिलोनाका पूर्व खेलाडीत्रयले (मेसी, बुस्केट र अल्बा) क्लबको भाग्य परिवर्तनमा महत्वपूर्ण भूमिका खेलेको बताए।

उपाधिपछि स्पेनका मिडफिल्डर बुस्केटले भने, 'टिम फड्को मार्दै बढिरहेको छ र हामी धेरै खुसी छौं। हामी एक बलियो टिम बनाउँदैछौं। हामीसँग मेसी छन्, उनी हुँदा टिममा धेरै फरक पर्छ, किनभने उनी संसारको सर्वश्रेष्ठ खेलाडी हुन्।'

मेसी कपको उत्कृष्ट खेलाडी घोषित भए। उपाधिसँगै उनले करिअरको ४४ औं ट्रफी उचाल्न सफल भए। जससँगै मेसी इतिहासका सबैभन्दा बढी ट्रफी उचाल्ने खेलाडी बने। बढी उपाधि जित्ने खेलाडीमा मेसीले ब्राजिलका ड्यानी अल्भेससँग बराबरी गरे।

# स्पेन फिफा महिला विश्वकप च्याम्पियन

**टुडे समाचारदाता**



काठमाण्डु । ओल्गा कार्मोनाको निर्णायक गोलमा स्पेनले फिफा महिला विश्वकप २०२३ को उपाधि जितेको छ।

आइतबार सिड्नीमा भएको उपाधि भिडन्तमा इंग्ल्यान्डलाई १-० गोलले पराजित गर्दै स्पेनले पहिलोपटक उपाधि जितेर इतिहास रच्न सफल भयो।

२९ मिनेटमा कार्मोनाले उत्कृष्ट फिनिसिङ गर्दा स्पेनले अग्रता लिएको थियो। कार्मोनाले यसअघि सेमिफाइनलमा पनि स्विडेनविरुद्ध निर्णायक गोल गर्दा स्पेन फाइनल पुगेको थियो।

त्यसअघि खेलको १६ मिनेटमा इंग्ल्यान्डले अग्रता लिने अवसर गुमाएको थियो। हेल्पको प्रहार क्रसबारमा लागेको थियो।

६४ मिनेटमा स्पेनले अग्रता दोब्बर पार्ने अवसर गुमाएको थियो। इंग्ल्यान्डकी वाल्सको हातले बल छोएपछि स्पेनलाई पेनाल्टी दिइएको थियो।

स्पेनका लागि पेनाल्टी हानेकी जेनिफर हर्मोसोको प्रहार लाई इंग्ल्यान्डकी गोलकिपर मेरी इर्प्सले विफल पारिदिएकी थिइन्।

स्पेन महिला विश्वकपको उपाधि जित्ने पाँचौ टिम बन्न सफल भयो।

यसअघि अमेरिकाले चार पटक, जर्मनीले दुई पटक तथा नर्वे र जापानले एकएक पटक फिफा महिला विश्वकपको उपाधि जितेका थिए।

इंग्ल्यान्डले सन् २०१५ मा तेस्रो स्थान हात पार्दा स्पेनले भने पहिलो पटक पदक पक्का गरेको थियो।

# बक्सर घिमिरेलाई उपाधि

काठमाण्डु । नेपालका अन्तर्राष्ट्रिय किक बक्सिङ खेलाडी अविरल घिमिरेले जापानको टोकियोमा आयोजित 'प्रोफेसनल किक बक्सिङ हिट ५२ च्याम्पियनसीप'को उपाधि जितेका छन् । शनिबार दक्षिण कोरियाली खेलाडी चाङ ओन याङलाई हराउँदै उनी च्याम्पियन बनेका हुन् ।

'हिमालय चितुवा'का रुपमा विश्व प्रसिद्ध घिमिरेले दक्षिण कोरियाली खेलाडी याङलाई किक बक्सिङ प्रतियोगितामा नकआउट गरेका थिए । सो प्रतियोगितामा भिड्ने घिमिरे पहिलो नेपाली बक्सर हुन । प्रतियोगिताको पुरुष स्पर्धामा घिमिरेले एक मिनेट ५५ सेकेण्डमै प्रतिद्वन्द्वी याङलाई रिङमा ढालेका थिए । जापानमा रहेर किक बक्सिङको व्यवसायिक खेल खेल्दै आएका बक्सर घिमिरेले बक्सिङ हिट प्रतियोगिताका १३ खेल जितिसकेका छन् । उनले तीनपटक टाइटल म्याचको उपाधि नित्न सफल भएका छन् ।

घिमिरेले हालसम्म जापान, दक्षिण कोरिया, ब्राजिल, बोलिभिया, नेदरल्याण्ड, थाइल्याण्डलगायत देशका बक्सरलाई पराजित गरिसकेका छन् । उनी अन्तर्राष्ट्रिय किक बक्सिङ प्रतियोगितामा नेपालको पहिचान बनाउन सफल भएका छन् ।

घिमिरे जापानको नागोयामा सहरमा आफ्ना पिता पूर्व अन्तर्राष्ट्रिय किक बक्सर तथा फुल कन्ट्याक कराँते खेलाडी देव घिमिरेको विशेष प्रशिक्षणमा रहँदै आएका छन् । काठमाडौँको चन्द्रागिरि नगरपालिका-१२ गुर्जुधारा बलम्बूवासी घिमिरेको परिवार केही वर्षदेखि जापानको नागोयामा बस्दैआएको छ । रासस

# यात्रुवाहक बसमा आगो लाग्दा बीस जनाको मृत्यु, पन्ध्र घाइते

**सिन्ह्वा**

इस्लामावाद । पाकिस्तानको पञ्जाबमा यात्रीबसमा आगलागी हुँदा २० जनाको मृत्यु भएको छ भने १५ जना घाइते भएका छन् । घाइतेमध्ये तीन जनाको अवस्था गम्भीर छ ।

पाकिस्तानको पूर्वी पञ्जाब प्रान्तको हाफिजाबाद जिल्लामा आज बिहान यात्रुवाहक एउटा बसले इन्धन बोकेको अर्को गाडीलाई ठक्कर दिँदा यात्रीबासमा आगो सल्केको थियो ।

फैसलाबाद टोल प्लाजाको राजमार्गमा बिहान सबेरै भएको उक्त दुर्घटनाबारे जानकारी प्राप्त हुनासाथ उद्धारकर्मी घटनास्थलमा पुगेर घाइतेहरूलाई स्थानीय अस्पताल पुऱ्याएका थिए । उद्धार सेवाका अधिकारीका अनुसार बसमा करिब ४० यात्रु सवार थिए ।

दुर्घटनाग्रस्त बस देशको दक्षिणी बन्दरगाह शहर कराँचीबाट सङ्घीय राजधानी इस्लामावादतर्फ गइरहेको थियो । दुवै सवारी साधनका चालक दुर्घटनामा मारिएका छन् ।

अघिल्लो साता पञ्जाव प्रान्तमा भएका दुई हजार आठ सय ९३ वटा श्रृखलाबद्ध सडक दुर्घटनामा २६ जनाले ज्यान गुमाएका थिएभने तीन हजार एक सय ११ जना घाइते भएका थिए ।

आपत्कालीन सेवा विभागका अनुसार ९९ जनाको टाउको गम्भीर चोट लागेको, एक एसय ८७ जनाका शरीरका विभिन्न भाग भाँच्चिएका, आठ सय ५० जना घाइते अस्पताल भर्ना भएका थिए । आठ सघ ९१ जना घाइते भने सामान्य उपचारपछि घर फर्केका छन् ।

यसैबीच, देशको उत्तरी वजिरिस्तानको गुल्मिर कोट क्षेत्रमा भएको बम विस्फोटमा ११ जना मजदुरको मृत्यु भएको छ भने दुई जना घाइते भएका एआरवाई न्युजले जनाएको छ। मजदुर चढेको एउटा भ्यानमा बम विष्फोट हुँदा उक्त हताहती भएको सुरक्षा अधिकारीहरूले बताएका छन् । विष्फोटसम्बन्धी विस्तृत विवरण आउन बाँकी छ ।

अघिल्लो साता वजिरिस्तानको बाजौरमा भएको ठूलो आत्मघाती विष्फोट भएको थियो। चुनावी सभामा सहभागी हुन गएकाहरूलाई लक्ष्य गरी गराइएको उक्त विष्फोटमा २३ जना बालबालिकासहित ६३ जनाको मृत्यु भएको थियो । इस्लामिक स्टेट समूहले गराएको उक्त आक्रमणमा दुई सयभन्दा बढी घाइते भएका थिए ।

# कुन्मिङ व्यापार मेलामा छपन्न अर्बअमेरिकी डलरको लगानी सम्झौता

**सिन्ह्वा**

कुन्मिङ । सातौँ चीन-दक्षिण एसिया व्यापार मेला सम्पन्न भएको छ । मेलामा ५६ अर्ब १० करोड अमेरिकी डलर बराबरका तीन सय ३८ परियोजनामा हस्ताक्षर भएको छ।

कोभिड-१९ महामारीपछि चीन-दक्षिण एसिया व्यापार मेला भौतिक रुपमा पहिलो पटक आयोजना गरिएको हो । दक्षिणपश्चिम चीनको युनान प्रान्तको राजधानी कुन्मिङमा आयोजना भएको पाँचदिने मेलामा ८५ देश, क्षेत्र र अन्तरराष्ट्रिय सङ्घसंस्थाका तीस हजारभन्दा बढी प्रदर्शकका साथै प्रतिनिधि र पाहुनासहभागी भएका थिए ।

सन् २०१३ मा राष्ट्रपति सी चिनफिङले विश्व विकासको विशाल परियोजना बेल्ट एण्ड रोड इनिसिएटिभ (बिआरआई) घोषणा हुँदा कुनमिङमा पहिलो चीन-दक्षिण एसिया एक्स्पो आयोजना भएको थियो । विगतका वर्षहरूमाभन्दा यो वर्ष मेलामा सहभागी देश, क्षेत्र र अन्तरराष्ट्रिय संस्थाको संख्या दोब्बरले वृद्धि भएको छ ।

दश वर्षपछि व्यापार, लगानी, पर्यटन सहयोग र सांस्कृतिक आदानप्रदानलाई एकीकृत गर्ने बृहत् व्यापार मेला चीन र दक्षिण एसियाली देशका साथै अन्य देशबीचको व्यापारिक आदानप्रदानका निम्ति उपलब्धिमूलक भएको मेला आयोजक युनान प्रान्तीय सरकारले जनाएको छ ।

बितेको एक दशकमा व्यापार मेलाले चीन र दक्षिण एसियाबीचको घनिष्ठ सम्बन्ध उजागर गर्नाका साथै चीन र दक्षिण एसियाली देशबीचको व्यापारको मात्रामा दोब्बरले बढोत्तरी मात्रभएको छैन अपितु चीन वर्षौंदेखि पाकिस्तान, बङ्गलादेश र माल्दिभ्सको सबैभन्दा ठूलो व्यापारिक साझेदार बनेको छ ।



सुनसरीको हरिनगर गाउँपालिकामा जुट केलाउँदै किसान । नगदे बाली जुट खेतीबाट किसानले राम्रो आम्दानी गर्ने गरेका छन् । *तस्बिर : रासस*

# सुनकोशी मरिण डाइभर्सन आयोजना सुरुङ निर्माणमा गति

काठमाण्डु । अधिकांश राष्ट्रिय गौरवका परियोजनामा समय र लागत दुवै बढिरहेका बेला एउटा आयोजनाले भने यतिबेला धेरैको ध्यान आकृष्ट गरेको छ । नेपालमा पनि यो गतिमा यसरी काम हुनसक्छ र भन्दै अधिकांशले आश्चर्य प्रकट गरेका छन् । आयोजनाको निर्माणमा देखिएको सकारात्मक प्रभाव अन्यमा समेत पर्ने भन्दै खुसी व्यक्त गर्नेहरु पनि उत्तिकै छन् ।

सरकारले विकास निर्माणको कामबाट आर्थिक समृद्धिको मार्ग प्रशस्त गर्ने र नेपाली नागरिकको विकास प्रतिको भोकलाई सम्बोधन गर्ने लक्ष्यका साथ सुरु गरेका एकाधबाहेकका अधिकांश ठूला आयोजना समयमा निर्माण सम्पन्न भएका छैनन् । केही आयोजना निर्माण सम्पन्न भएर पनि अपेक्षितरुपमा सञ्चालन हुन सकेका छैनन् । माथिल्लो तामाकोशी जलविद्युत् आयोजनाले अपेक्षित लाभ प्रदान गरेपनि भैरहवास्थित गौतमबुद्ध अन्तर्राष्ट्रिय विमानस्थल र पोखरा क्षेत्रीय अन्तर्राष्ट्रिय विमानस्थल सम्पन्न भएर पनि लाभ प्राप्त हुन सकेको छैन ।

यही मेसोमा राष्ट्रिय गौरवको आयोजनाका रुपमा रहेको सुनकोशी मरिण डाइभर्सन आयोजनाले उल्लेखनीय प्रगति गरेको छ। आयोजना प्रमुख मित्र बरालका अनुसार कूल १३ दशमलब तीन किलोमिटर लामो सुरुङमध्ये हालसम्म आठ किलोमिटर बराबरको सुरुङ निर्माण सम्पन्न भएको छ । सुरुङ निर्माणमा हालसम्म ६० प्रतिशत बराबरको भौतिक प्रगति भएको छ। नेपालका विद्युत् तथा अन्य सिँचाइका आयोजनामा सुरुङ निर्माण भए पनि सो आयोजनामा टनेल बोरिङ मेशिन (टिबिएम) प्रयोग गरेर खनिएको छ । यसअघि भेरी-बबई डाइभर्सन आयोजनामा पनि टिबिएमको प्रयोग गरिएको थियो ।

पहाडी भूभाग बढी भएको नेपालमा विकास निर्माणको काम अगाडि बढाउन अब टिबिएम प्रभावकारी उपकरणका रुपमा स्थापित भएको छ । यसबाट अन्य आयोजनामा समेत अब सोही प्रकृतिको मेसिन प्रयोग गर्न सकिने वातावरण बन्दै गएको देखिन्छ ।

सुनकोशी नदीको पानी मरिण खोलामा झारेर विद्युत् उत्पादन गर्ने र तराईका एक लाख २२ हजार हेक्टरमा सिँचाइ सुविधा उपलब्ध गराउने लक्ष्यका साथ सुरु गरिएको सो आयोजनाको सुरुङ निर्माणमा अपेक्षितभन्दा बढी प्रगति भए पनि अन्य काम सुरु हुन सकेको छैन । भेरी-बबई आयोजनामा पनि दुई वर्ष पहिल्यै सुरुङ निर्माण सम्पन्न भए पनि बाँधस्थल र विद्युत् गृह निर्माण सकिएको छैन । ती काम कहिले सकिन्छ भन्न सक्ने अवस्थामा आयोजनाका सम्बद्ध अधिकारी छैनन् ।

सुनकोशी मरिण डाइभर्सन आयोजनाले हाल सञ्चालनमा रहेको बिपी राजमार्गको केही भाग प्रभावित हुनेछ । हाल सञ्चालनमा रहेको राजमार्गलाई नौ सय मिटर डाइभर्सन गर्नुपर्ने हुन्छ । यस्तै बाँधस्थल निर्माणका लागि निर्माण व्यवसायी परिचालित भइसकेका छन् । वर्षाका कारण काम सुरु हुन सकेको छैन । नदीमा पानीको सतह घटन थालेपछि बाँधस्थल निर्माण सुरु गर्ने तयारीमा आयोजना छ ।

यस्तै, विद्युत् गृह निर्माण हुने स्थानमा मुआब्जा वितरण सम्पन्न भइसकेको छ। यस्तै, प्रसारण लाइन निर्माणका कारण प्रभावित हुने स्थानमा वातावरणीय प्रभाव मूल्याङ्कन सम्पन्न हुने चरणमा छ। यसका लागि निर्माण व्यवसायी परिचालन गर्ने तयारी भइरहेको छ।

राष्ट्रिय गौरवको आयोजनाका रुपमा रहेको सो आयोजनाको सुरुङ निर्माण भएको करिब ११ महिनामा नै आठ किमी बराबरको सुरुङ निर्माण हुन आफैँमा महत्वपूर्ण उपलब्धि हो । गत असोज २८ गतेदेखि सो आयोजनाको सुरुङ निर्माण सुरु भएको हो। टिबिएमको प्रयोग गरिएकाले सोचेभन्दा धेरै राम्रो प्रगति भएको आयोजनाको भनाइ छ।

गत जेठमा मात्रै सो आयोजनाको कूल एक हजार दुई सय २४ मिटर बराबरको सुरुङ निर्माण सम्पन्न भएको आयोजना प्रमुख बरालले जानकारी दिनुभयो। विश्वव्यापीरुपमा पनि यति छिट्टै यति धेरै सुरुङ निर्माण हुनु पनि आफैँमा रेकर्ड नै भएको जानकारी दिँदै उहाँले विश्व रेकर्डका लागि नाम लेखाउन आवश्यक प्रक्रिया अगाडि बढाइएको बताउनुभयो।

सो आयोजनाबाट तराई-मधेशका कूल एक लाख २२ हजार हेक्टर क्षेत्रफलमा सिँचाइ सुविधा उपलब्ध गराउने लक्ष्य राखिएको छ। टिबिएमको प्रयोग गरेर दैनिक तीन सत्रमा निर्माण जारी रहेको उल्लेख गर्नुभयो।

चारवटै कामका लागि समानान्तररुपमा प्रक्रिया अगाडि बढाइएको स्पष्ट पार्दै उहाँले तोकिएको समयभन्दाअगावै सुरुङ निर्माण प्रक्रिया पूरा हुनेछ । चुरे पर्वत शृङ्खलाबाट महाभारत पर्वत शृङ्खलामुनि हाल सुरुङ निर्माण भइरहेको र कडा चट्टानयुक्त क्षेत्र भएकाले काम थप सहज भएको छ।



प्रधानमन्त्री पुष्पकमल दाहाल 'प्रचण्ड' ले पनि सो आयोजनालाई सबै प्रकारको साधन र स्रोत उपलब्ध गराउने प्रतिबद्धता व्यक्त गर्नुभएको छ। तर, सो आयोजनामा स्रोतको व्यवस्थापन हुन कठिनाइ भइरहेको छ। ऊर्जामन्त्री बस्नेतले सो आयोजनामा भुक्तानीको समस्या देखिएकाले तत्काल समाधान गरिदिन यसअघि नै प्रधानमन्त्री प्रचण्डसँग आग्रह गर्नुभएको थियो।

राष्ट्रिय गौरवका आयोजना भएकाले स्रोतको कुनै अभाव नहुने प्रधानमन्त्री, ऊर्जामन्त्रीको प्रतिबद्धता छ । यसअघि सुरुङ निर्माणमा भौगर्भिकरुपमा रहेको जटिलताका कारण दुईपटक समस्या देखिएको थियो । सुरुङ निर्माणका क्रममा एकपटक नौ दिन र एक पटक २६ दिन काम नै रोकिएको जानकारी दिँदै आयोजना प्रमुख बरालले महाभारत पर्वत शृङ्खलामुनि निर्माण भइरहेकाले हाल कुनै पनि जटिलता उत्पन्न भएको छैन।

सुनकोशी गाउँपालिका-७ कानदुङ्ग्रीस्थित सिन्धुली र रामेछाप जिल्लाको सिमाना भएर बग्ने सुनकोशी नदी पथान्तरण गरिनेछ । सुनकोशीको करीब ६७ क्युमेक पानीलाई सुरूङमार्फत सिन्धुलीको कमलामाई नगरपालिका-२ कुसुमटारस्थित मरिण खोलामा पानी खसालिनेछ ।रासस

# गढीमा अन्तरिक पर्यटकको घुइँचो

काठमाण्डु । वर्षायाममा धेरै मानिस खेतीपातीमा व्यस्त छन् । तर देशकै सबैभन्दा ठूलो ऐतिहासिक मकवानपुरगढी दरवार घुम्नेको सङ्ख्यामा भने कृषिको चटारो अनि झमझम परिरहेको पानीले पनि कमी ल्याउन सकेको छैन । झरीसँगै गढीको ऐतिहासिकता अवलोकन गर्नेको सङ्ख्या मध्यबर्खामा पनि दैनिक पाँच सयदेखि हजारकै हाराहारीमा रहेको छ ।



गर्मी छल्न मधेश प्रदेशबाट आउने आगन्तुकहरुका कारण पनि गढीमा चहलपहल रहिरहेको गढीमा चटपटे पसल चलाइर हनुभएकी मकवानपुरगढी-२ की सीता तिमल्सिना बताउनुहुन्छ । आर्थिक वर्षको अन्त्यसँगै केही फुर्सदिला बनेका विभिन्न आर्थिक गतिविधिमा संलग्न सङ्घसस्था, वित्तीय संस्थाहरु, सहकारी, विभिन्न स्थानीय तहलगायत सङ्घसंस्थाहरुबाट सामूहिक भ्रमणमा आउने आगन्तुकहरुको सङ्ख्या उल्लेख्य पाइएको बताएको छ ।

विसं १००० तिरै तुला सेन नाम गरेका पहिलो सेन वंशी राजाले निर्माण गरेको मानिने मकवानपुर गढी ११ औं शताब्दीको भव्य संरचनामध्येको एक मानिन्छ। तर पुरातत्व विभागका तत्कालीन प्रमुख अनुसन्धान अधिकारी जनकलाल शर्मालाई उदृत गर्दै साफल्य अमात्यको २०२७ सालमा प्रकाशित प्रतिवेदनले एघारौं शताब्दीमा मकवानपुर शक्तिशाली सेन राज्य बनिसकेको थियो भनेर लेखेको छ । सेनहरु मकवानपुर बाट पश्चिततर्फ लाग्दै पाल्पा कब्जा गर्दै शासन गर्न थालेपछि मकवानपुर पनि पाल्पाअन्तर्गत नै रहेकामा १६१० सालदेखि पाल्पाली राजा मुकुन्द सेनका कान्छा छोरा लोहाङ्ग सेनले अलग्गै मकवानपुर राज्य स्थापना गरे।

पृथ्वीनाराण शाहले कब्जा गर्नु अघिसम्म मकवानपुर स्वतन्त्र राज्य रहेको इतिहासकारहरु बताउँछन् । लोहाङ्ग सेनले राज्य सञ्चालन गर्दा मकवानपुर हालको बिहारको विभिन्न क्षेत्रहरु, पूर्वी पहाडका सबै क्षेत्र, विजयपुर, मोरङ तथा भारतको पूर्णिया तथा सिक्किमसम्मै मकवानपुर राज्य फैलिएको पुरातत्वविद् जनकलाल शर्माको एक लेखमा उल्लेख छ।

विशाल मकवानपुर राज्यको दुई सय नौ वर्षसम्म राजधानी रहेको मकवानपुरगढीको दरबार क्षेत्रमा अहिले आन्तरिक पर्यटकको चललपहल निकै नै हुने गरेको छ । विगतमा हिउँदयाममा प्रशस्त पर्यटकहरु आउने गरे पनि वर्षायाममा भने शून्य जस्तै हुने गरेकामा यो वर्ष भने वर्षायाममा पनि आन्तरिक पर्यटक आइरहेको स्थानीयले बताएका छन्।

गढीमा मधेश प्रदेशबाट गर्मी छल्न आउने आन्तरिक पर्यटकको सङ्ख्या बढिरहेको मकवानपुरगढी-२ का स्थानीयबासी बाबुलाल तितुङ बताउनुहुन्छ । उहाँका अनुसार ललितपुर, काठमाडौं, सिन्धुली, चितवनबाट यहाँ नियमितजसो पर्यटकहरु आउने गरेका छन् । पक्की र स्तरीय सडकमार्ग तथा प्रचारप्रसारका कारण मकवानपुर गढी भ्रमण गर्नेहरुको सङ्ख्या बढेको हुनसक्ने मकवानपुरगढीका भीमप्रसाद घिमिरे बताउनुहुन्छ।

हेटौंडा बजारबाट १७ किलोमिटर उत्तरपूर्वतर्फ कान्तिराज पथ हुँदै लागेपछि गढी क्षेत्र पुगिन्छ । काठमाडौंबाट सिधा आउन चाहनेहरुले भने ७० किलोमिटरको रमाइलो यात्रा तय गर्नुपर्दछ। चापागाउँबाट ललितपुरको माल्टा हुँदै मकवानपुरको ठिङ्गग कटेपछि मकवानपुर गढी गाउँपालिका प्रवेश हुन्छ। विगतमा ठूलो गढीमा मात्रै पर्यटकहरु पुग्ने गरेको भए पनि अचेल मनोरम सानोगढी तथा भारतको रक्सौलसम्म देख्न सकिने उचाइमा रहेको र गुराँस फुल्ने मौसममा गुरासले ढपक्कै हुने ढुङ्गेगढीसमेत पर्यटकले भरिन थालेका छन् । प्रसिद्ध गढीमाई मन्दिरको मूल मन्दिरसमेत रहेकाले ढुङ्गेगढी क्षेत्रमा धार्मिक पर्यटकको समेत भीड लाग्न थालेको स्थानीय सुवास पाखिन बताउनुहुन्छ।


मुसलमानी आक्रमणबाट बँच्न भारतबाट भागेर आएका सेन वंशीय राज खलक तुला सेनले विसं १००० मा निर्माण गरेको भनिए पनि यथेष्ठ प्रमाण पुग्दैन । कतिपय इतिहासकारका अनुसार पनि नेपालका सेन वंशहरुको उद्गमस्थल मकवानपुर नै हो।

पाल्पाका राजा मुकुन्द सेनले आफूलाई मकवानी भनेको कतिपय लेखोट तथा शीलालेखहरुमा पाइएकोलाई आधार मान्दा सेनहरु पाल्पाबाट मकवानपुर नभएर मकवानपुरबाट पाल्पा गएको मान्न सकिन्छ । सेनहरुको वंशावली अनुसार १५०० सालतिर खाम सेन नाम गरेका राजाले पाल्पामा राज्य खडा गरेर सेन वंशको सुरुआत गरेका हुन्। मुकुन्द सेन तिनै खाम सेनका पनाति हुन् । खाम सेनका छोरा चन्द्र सेन, चन्द्र सेनका छोरा रुद्र सेन र रुद्र सेनका छोरा मुकुन्द सेन भएको उक्त वंशावलीमा उल्लेख छ। रासस

# टाटा मोटर्सको 'द ग्रेट एक्सचेन्ज फेस्टिभल' एक्सचेन्ज क्याम्प सुरु

टुडे समाचारदाता

काठमाण्डु । सिप्रदी तथा टाटा मोटर्सले "द ग्रेट एक्सचेन्ज फेस्टिभल" एक्सचेन्ज क्याम्प ल्याएको छ। यो एक्सचेन्ज क्याम्प भदौ १ गतेदेखि भदौ ५ गतेसम्म सिप्रदीको नेपालभरी रहेका टाटा मोटर्स शोरुमहरूमा भइरहेको छ।




अहिले नेपाली बजारमा इभी गाडीहरू प्रति ग्राहकहरूको चासो बढिरहेको छ जसमा टाटा मोटर्सका नयाँ इभी गाडी प्रतिको रुची निकै बढ्नुका साथै बिक्री पनि बढिरहेको देखिन्छ। प्रदुषणरहित वातावरणमैत्री, चलाउन सजिलो, न्यूनतम मर्मत खर्च, आरामदायी यात्रा गर्न सकिने भएको कारणले विगतका दिनमा इन्धन (पेट्रोल वा डिजेल) बाट चल्ने कारहरू टाटा मोटर्सका विद्युतीय गाडीसँग साट्ने क्रम बढ्दो छ।

टाटा मोटर्सका ग्राहक तथा बजारको सुझाव तथा जिज्ञासालाई मध्यनजर गरेर उक्त एक्सचेन्ज क्याम्पमा पेट्रोल डिजेलबाट चल्ने सवारी साधनलाई बजारले अत्यधिक रुचाएको टाटा मोटर्सका विद्युतीय सवारीसँग साट्न मिल्ने गरी एउटै शोरुमबाट व्यवस्था गरिएको बताइएको छ।

कम्पनीका अनुसार एकै ठाउँमा सिप्रदी अस्योर्डमार्फत उचित मूल्यांकन, शोरूममा बीमाको पनि सुविधा भएको हुनाले यस क्याम्पले ग्राहकहरूलाई थप सहजता प्रदान गर्नेछ। चलिरहेको बजारको मूल्यभन्दा गाडीको विशेष मूल्यांकन, सरल फाइनान्सको सुविधा, इन्स्योरेन्सको सुविधाका साथै हरेक गाडी हस्तान्तरणमा विभिन्न अफरहरू पनि पाइने कम्पनीको भनाइ छ।

गाडी मूल्यांकन गर्न आउने ग्राहकले तुरुन्तै उपहार पाउनुका साथै हरेक दिन लक्की ड्रमार्फत ५ जना भाग्यशाली ग्राहकहरूले स्मार्टवाच पनि जित्न सक्नेछन्।

**कार्यक्रमका अन्य प्रमुख आकर्षणहरू:**

- जुनसुकै ब्राण्डको गाडी टाटा मोटर्सका सर्वाधिक रुचाइएका नेक्सन इभीसँग साट्न सकिने व्यवस्था
- एकै ठाउँबाट गाडीको मूल्यांकन
- न्यूनतम चार लाखको गाडी मूल्यांकन
- एक्सचेन्ज बोनस
- एकै ठाउँमा इन्स्योरेन्सको सुविधा
- ८०% सम्म नयाँ गाडी फाइनान्सिङको सुविधा
- नयाँ गाडीको बुकिङ तथा मूल्यांकनसँगै आकर्षक उपहार
- निःशुल्क गाडीको थप एक्सेसोरिज

यस योजनामा सहभागी भई गाडी खरिद गर्नुहुने ग्राहकहरूले स-परिवार सहित पाँच तारे होटलमा डिनर गर्ने व्यवस्था गरिएको छ।


## भुमि सुधार तथा मालपोत कार्यालय गौर रौतहट
## हकदावी बारे ३५ दिने सुचना

यसमा जि.रौ.गा.वि.स.रामपुरखाप वडा नं.७ हाल परोहा न.पा.९ मा वस्ने वुधन मियाको नाती नाजिर मिया धोवीको छोरा चगल मिया धोवीको भतिजो गुलमपिर मिया धोवीले आफनो काका चंगल मिया धोवीको नाममा दर्ता रहेको जग्गाको नामसारी माग गरेकोमा निज जग्गाधनिको छोरा छोरी नभइ निसन्तान अवस्थामै प्रलोक भएकोले मृत्यु पछि हकखाने भतिजो गुलमपिर मिया धोवीको नाममा नामसारी गरिदिनहुन भनि परोहा न.पा.वडा नं.९ को च.न.१०९ मिति २०८०।०१।०५ गतेको सिफारीशवाट लेखि आएकोले नामसारीको हकदावीको लागी ३५ दिने सुचना जारी गरिएको छ । निजको तिनपुस्ते भित्रको नाता पर्ने तथा अन्य कोही अंशियार भए असर पर्ने भए वा नामसारी हुनु नपर्ने कुनै कारण भए स प्रमाण सहित आफु वा रितपुर्वकको वारेस मार्फत सुचना जारी भएको मितिले ३५ दिन भित्र यस कार्यालयमा प्रतिवाद गर्न आउनुहोला अन्यथा कानुन बमोजिम एकलौटी नामसारी भै जानेछ ।

**तपसिल**

| जिल्ला | गाविस | वडा नं. | कि.न. | क्षे.फ. | ज.ध. |
|---|---|---|---|---|---|
| रौतहट | रामपुरखाप | ७ | ८७ | ०-०-६ | चंगल मिया धोवी वावु नाजिर मिया धोवी |
| ” | ” | ” | ६ ७२० | ०-१-१५ | ” ” ” ” ” |

## कर्जा चुक्ता गर्न आउने बारे ३५ दिने अत्यन्त जरुरी सूचन

**(प्रकाशित मिति २०८०/०५/०४ गते)**

यस बैंकको तपशिलको ऋणी संस्थाले राजविराज शाखाबाट उपभोग गरेको कर्जाको साँवा, ब्याज र हर्जना रकम तिर्न बुझाउनु पर्नेमा हालसम्म नतिरी नबुझाई कर्जा सम्बन्धि शर्त तथा बन्देजहरु उल्लंघन गरेकोले सो सम्बन्धमा मौखिक तथा लिखित रुपमा कर्जा तिर्न बुझाउन बारम्बार तरताकेता गर्दा समेत संस्थाले तिर्न बुझाउनु पर्ने कर्जाको साँवा, व्याज, हर्जना तथा दैदस्तुर रकम समेत चुक्ता भुक्तानी नगरी आलटाल गरी बाँकी राखी कर्जा चुक्ता गर्ने तर्फ कुनै तत्परता नदेखाएको हुनाले कर्जा चुक्ता गर्न आउने बारे यो ३५ दिने सार्वजनिक सूचना प्रकाशित गरिएको छ । यो सूचना प्रकाशित भएको मितिले ३५ दिनभित्र बैंकलाई बुझाउनु पर्ने कर्जाको साँवा, ब्याज, तथा हर्जना समेत बुझाउनुहुन सम्बन्धीत ऋणी संस्था, धितो जमानतकर्ता र जमानीकर्ताहरुलाई समेत सूचित गरिन्छ । सो म्याद भित्र बक्यौता भएको सम्पूर्ण कर्जा रकम चुक्ता, भुक्तान नगरेमा ऋण लिंदा यस बैंकलाई लेखाई दिएको धितो लिलाम विक्रि गरी यस बैंकको सम्पूर्ण लेना रकम असुल उपर गरी लिने व्यहोरा समेत यसै सूचनाद्धारा जानकारी गराईन्छ । साथै सुरक्षणमा रहेको सम्पूर्ण धितो लिलाम विक्रिबाट पनि यस बैंकको सम्पूर्ण लेना रकम असुल उपर नभएमा वा कथम कथाचित धितोवाट असुल उपर हुन नसके वा असुल उपर नभएमा ऋणी संस्थाको पदाधिकारीको वा निजहरुको एकाघर संगोल परिवारको नाममा रहेको चलअचल सम्पत्ती तथा अन्य जायजेथा सम्पत्तीबाट बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, सहकारी ऐन, नियमावली तथा प्रचलित कानून बमोजिम असुल उपर गरी लिने तथा ऋणी संस्थाका पदाधिकारीहरु तथा जमानीकर्ताहरुलाई कालो सूचिमा समावेश गरिने व्यहोरा समेत सम्बन्धित सबैलाई सूचित गराइन्छ ।

**ऋणी संस्थाको नाम : श्री ऊँ साई कृषि सहकारी संस्था लि.। रजिष्टर्ड ठेगाना : औरही ७, कटैया सप्तरी । हालको ठेगाना डाक्नेश्वरी नगरपालिका ०६, सप्तरी । दर्ता नं : १४/०६८/०६९**

**संचालक तथा जमानीकर्ताको विवरण**

**१) नाम : ओम प्रकास यादव (अध्यक्ष जमानीकर्ता)**
बाबु : मनाई यादव
बाजे : रामजी यादव
ना प्र नं. : २०८७, सप्तरी
ठेगाना : औरही ७, (हाल डाक्नेश्वरी ६), सप्तरी

**२) नाम : रामनारायण यादव (उपाध्यक्ष जमानीकर्ता)**
बाबु : चिचाई यादव
बाजे : गणेशी यादव
ना.प्र.नं : १७२११६६२, सप्तरी
ठेगाना : औरही ७, (हाल डाक्नेश्वरी ६), सप्तरी

**३) नाम : मोहन प्रसाद साह (कोषाध्यक्ष जमानीकर्ता)**
बाबु : मोजेलाल साह
बाजे : फौदार साह
ना.प्र.नं : १०२१/२७०५, सप्तरी
ठेगाना : औरही ७, (हाल डाक्नेश्वरी ६), सप्तरी

**४) नाम : कुशेश्वर प्रसाद यादव (सचिव जमानीकर्ता)**
बाबु : बौकाई यादव
बाजे : सुभलाल यादव
ना.प्र.नं : २८२४, सप्तरी
ठेगाना : औरही ७, (हाल डाक्नेश्वरी ६), सप्तरी

**५) नाम : बच्चेलाल सदा (संचालक )**
बाबु : बुद्धिलाल सदा
बाजे :
ना.प्र.नं : २७४१८/२३०६
ठेगाना : औरही ७, (हाल डाक्नेश्वरी ६), सप्तरी

**६) नाम : बेचनी देवी (संचालक)**
बाबु : माधो राम
पति : शत्रुधन राम
ना.प्र.नं : ११८७, सप्तरी
ठेगाना : औरही ७, (हाल डाक्नेश्वरी ६), सप्तरी

**७) नाम : ममता कुमारी (संचालक जमानीकर्ता)**
बाबु : उपेन्द्र नारायण गोइत पति : अरुण कुमार यादव ना.प्र.नं : १८५, सप्तरी
ठेगाना : औरही ७, (हाल डाक्नेश्वरी ६), सप्तरी

**धितो सुरक्षण राखिएको सम्पत्ति र सुरक्षणधनीको विवरण :**

१. श्री स्व.लालजी यादवको नाति श्री स्व.कैलु यादवको छोरा सप्तरी जिल्ला औरही गा.वि.स. वडा नं. ०७ बस्ने श्री विजली प्रसाद यादवको नाममा मालपोत कार्यालय राजविराज, सप्तरीमा दर्ता श्रेस्ता कायम रहेको सप्तरी जिल्ला औरही गा.वि.स. वडा नं. ७(ख) को कित्ता नं. २९ को क्षेत्रफल ०-१९-१५-० जग्गा र सो जग्गाले चर्चेको लिगलगापात समेत ।

२. श्री बुधन यादवको नाति श्री हजारी यादवको छोरा सप्तरी जिल्ला औरही गा.वि.स. वडा नं. ०७ बस्ने श्री बिनोद कुमार यादवको नाममा मालपोत कार्यालय राजविराज, सप्तरीमा दर्ता श्रेस्ता कायम रहेको सप्तरी जिल्ला औरही गा.वि.स. वडा नं. ७(क) र ७(ग) को कित्ता नं. ६४४ र २३४ को क्षेत्रफल ०-३-१४-० र ०-८-८-० जग्गा र सो जग्गाले चर्चेको लिगलगापात समेत ।

३ श्री शुभलाल यादवको नाति श्री बौकाई यादवको छोरा सप्तरी जिल्ला औरही गा.वि.स. वडा नं. ०७ बस्ने श्री कुशेश्वर प्रसाद यादवको नाममा मालपोत कार्यालय राजविराज, सप्तरीमा दर्ता श्रेस्ता कायम रहेको सप्तरी जिल्ला औरही गा.वि.स. वडा नं. ९ को कित्ता नं. ३५५ को क्षेत्रफल ०-४-११-० जग्गा र सो जग्गाले चर्चेको लिगलगापात समेत ।

४ श्री सप्त नारायण यादवको बुहारी रामवृक्ष यादवको श्रीमती सप्तरी जिल्ला औरही गा.वि.स. वडा नं. ०७ बस्ने किरण कुमारी देवीको नाममा मालपोत कार्यालय राजविराज, सप्तरीमा दर्ता श्रेस्ता कायम रहेको सप्तरी जिल्ला औरही गा.वि.स. वडा नं. ७(क) को कित्ता नं. २४१, ७१४, ५०६ र ४२३ को क्षेत्रफल ०-७-६-०, ०-१४-९-०, ०-८-०-० र ०-८-६-० जग्गा र सो जग्गाले चर्चेको लिगलगापात समेत ।

National राष्ट्रिय सहकारी बैंक लिमिटेड
Co-operative Bank Limited (NCBL)
केन्द्रीय कार्यालयः पुल्चोक, ललितपुर, फोनः ०१-५१८०१८२, Web: www.ncbl.coop

# लालबकैयाको बाँध कटानबाट सुरक्षित गर्न बाँस पाइलिंग

**राकेश यादव**

गौर । रौतहट जिल्लाको गौर नगरपालिका-४ सोवरनामाई मन्दिर नजिक पश्चिममा रहेको लालबकैया नदीले कटान गर्न लागेका बाँधलाइ सुरक्षित गर्न गौर नगरपालिकाले बाँसको पाइलिंग गर्न शुरू गरेको छ।

लालबकैया नदीमा आएको बाढ़ीले कटान गर्न लाग्दा बाँधमा क्षति हुन बाट जोगाउनको लागि नगरपालिकाले तीन ठाउँमा अस्थायी स्पोर बनाउन लागेको छ।

नदीको मूख्यधार बाँध देखि १० मीटरको दुरीमा रहेकोले बांध क्षति हुने जोखिमलाइ मध्यनजर गर्दै नगर प्रमुख शम्भू साहको निर्देशनमा बासको पाइलिंग गर्न लागिएको गौर नगरपालिकाका निमित प्रमुख प्रशाकीय अधिकृत शुभाष ठाकुरले बताए।

बागमती तथा लालबकैया नदी नियन्त्रण आयोजना कार्यालय परवानीपुरले लालबकैया र बागमती नदीको बाँधलाई सुरक्षित गर्ने जिम्मेवारी लिएपनि कार्यालयले समयमा गम्भीरता नदेखाएकोले नगरपालिकाले तत्काल बाँधको सुरक्षा गर्नको लागि बोरामा माटो हालेर स्पोर बनाउन लागेको छ।

राजदेवी नगरपालिकाको वड़ा नम्बर ९ ब्रह्मपुरी नजिक पनि बाँध उच्च जोखिममा रहेको छ। गौर देखि पूर्व रहेको बागमती र पश्चिम रहेको लालबकैया नदीले कटान गर्न लागेकोले सदरमुकाम गौर डुवान हुने जोखिम बढेको छ।

गौर नगरपालिकाले आफ्नो निजी स्रोतबाट पाइलिंगको काम शुरू गरेको छ भने राजदेवी नगरपालिकाले पनि कटान भइरहेको ठाउँमा नियन्त्रणको लागि स्पोर बनाउने कार्य शुरू गरेको बताइएको छ।

दुइ ठूला नदी रौतहटमा रहेको र नियन्त्रण गर्ने कार्यालय परवानीपुर पर्सामा राखिएको कारण बाँध मरमत कार्य समयमा हुन नसक्ने अवस्था सृजना भएको छ।

बाँधमा हुन सक्ने सम्भावित ख़तरालाई जोगाउन नगर पालिकाको तर्फ बाट ३ स्थानमा स्पोर बनाउने कार्य तीब्र पारिएको नगर प्रमुख साहको भनाइ छ।

प्रकोपबाट नगर र नगर बासीलाई जोगाउने प्रमुख कर्तव्य निर्वाह गर्न लागेको प्रमुख साहले बताए। बाँध सुरक्षित गर्न स्थायी स्पोरको निर्माणको लागि पहल गरिरहेको उनले जानकारी दिए।




# भूमाफियासंग कर्मचारीको साँठगाँठ, दर्ता विनै जग्गाको रसिद

**टुडे समाचारदाता**

वीरेन्द्रबजार । विगत ३६ बर्ष भन्दा लामो इतिहास बोकेको सप्तरीको इटहर्वा बजारको विवादित जग्गामा भूमाफियासंग कर्मचारीहरुको साँठगाँठ भएको पाइएको छ। अग्निसाईर कृष्णासवरन गाउँपालिका २ स्थित रहेको वडामा दर्ता नभएको जग्गा अर्को वडा कार्यालयबाट मालपोत रसिद काटेपछि भूमाफियासंग कर्मचारीको साँठगाँठ रहेको तथ्य खुलासा भएको छ।

बजारको सार्वजनिक जग्गा जालझेल गरेर व्यक्तिले कब्जामा लिएपछि उक्त जग्गा विवादमा थियो। विवाद उत्कर्षमा पुगेपछि वडा कार्यालयले उक्त जग्गा दर्तामा रोक लगाएको थियो। स्थानीय तहले अनलाइन दर्ता गर्दा छुटेको जग्गाको मालपोत रसिद भने अर्कै वडाबाट काटेपछि कर्मचारीहरुको समेत मिलेमतोमा सार्वजनिक सम्पत्ति कब्जा हुने गरेको पुष्टि भएको छ। विगत ६ बर्षदेखि २ नम्बर वडा कार्यालयबाट रसिद काट्न छुट भएको उक्त जग्गाको सोही गाउँपालिकाको वडा नम्बर ४ र ५ बाट काटेको भेटिएको छ। २०७९ माघ १० गते वडा नम्बर ४ बाट सोही वडामा कार्यरत कर्मचारी प्रवीण कुमार यादवले आव २०७८/०७९ को मालपोत रसिद काटेका छन् भने वडा नम्बर ५ बाट सोही वडामा कार्यरत कर्मचारी रञ्जना कुमारी चौधरीले २०८० श्रावण ११ गते २०८०/०८१ को रसिद काटेको पाइएको छ।




उक्त रसिदमा जग्गा धनीको ठेगानामा समेत झुठो विवरण राखिएको छ। जग्गा धनी भनिएका सत्रुधन कुमार ठाकुर धनुषा बासी भए पनि अग्निसाईर कृष्णासवरन गाउँपालिका ४ भनी रसिदमा झुठो विवरण उल्लेख छ। अग्निसाईर कृष्णासवरन गाउँपालिका वडा नम्बर २ का अध्यक्ष पशुपति प्रसाद चौधरीले वडामा दर्ता नै नभएको जग्गाको रसिद काट्नुमा ठूलै चलखेल भएको हुनसक्ने आशंका गरे। जग्गाको चारकिल्ला प्रमाणितका लागि सिफारिस माग्न आएपछि आफूले अर्कै वडाबाट रसिद लिएको थाहा पाएको उनले बताए। उनले वडामा दर्ता नै नभएको जग्गाको रसिद काट्ने कर्मचारीहरुमाथि छानबिन गरी कारबाही हुने बताए। बजार ब्यबस्थापन समितिले हाल बजार लागेको जग्गा २०४४ सालमा तत्कालीन सगरमाथा अञ्चलाधीश सूर्य बहादुर सेन ओलीले बजारको उद्घाटन गरेको जनाउँदै जग्गा बजारको भएको दाबी गरेको छ।

३६ बर्ष भन्दा लामो इतिहास बोकेको बजारको जग्गा राजेश्वर प्रसाद सिंहबाट नामसारी गरी २०७२ जेठ २२ गते राजविराजका राजेश दासले लिएका थिए। एक बर्ष नवित्दै राजेश दासले राजविराज कै फुरकन अहमद खाँको नाममा २०७२ चैत २९ गते नामसारी गरेका छन्। खाँले २०७४ असार ६ गते धनुषाका सत्रुधन कुमार ठाकुर लाई जग्गा नामसारी गरेको छ। ३६ बर्ष अघि तत्कालीन जग्गा धनी देबी नारायण सिंहले बजारलाई तत्कालीन सीतापुर गाविस वडा नम्बर ७ ( क) कित्ता नम्बर ६५५ भएको १ बिधा २ कठ्ठा १७ धुर जग्गा दान गरेपछि बजारकालागि आश्यक पूर्वाधारहरु निर्माण ग्रामीण विकास केन्द्रले गरेर बजार लागेको बजार व्यवस्थापन समितिका अध्यक्ष मिलन चौधरीले बताए। उनका अनुसार तत्कालीन श्री ५ ऐश्वर्य राज्य लक्ष्मी देबी शाहको ३९औं जन्मोत्सव अवसर पारेर २०४४ सालमा तत्कालीन अञ्चलाधीश सूर्य बहादुर सेन ओलीले बजारको उद्घाटन गरेका थिए।

उनले बजार लाग्दै गरेको जग्गा बजारको ऐतिहासिक आधारमा पनि बजारकै भएको दाबी गरे। उनले भूमाफियाहरुले जग्गा हडप्नको लागि विभिन्न जालझेल गरेपछि जग्गाधनी भई बजार विस्थापित गर्न खोजेको आरोप लगाए। आर्थिक प्रलोभनमापरि कर्मचारीहरुले भूमाफियाहरुलाई सघाएको बताउदै अध्यक्ष चौधरीले सार्वजनिक जग्गा कब्जामा संलग्न कर्मचारीहरुलाई छानबिन गरी कारबाहीको दायरामा ल्याउन आग्रह गरे।

# प्रसाईलाई कारवाही गर्न जउवा संघको माग

**टुडे समाचारदाता**

जनकपुरधाम। माडवारी समुदायलाई लक्षित गर्दै मेडिकल व्यवसायी दुर्गा प्रसाईले दिएको अभिव्यक्तिप्रति जनकपुरधाम उद्योग वाणिज्य संघले आपति जनाएको छ।

जनकपुरधाम उद्योग वाणिज्य संघका अध्यक्ष जितेन्द्रकुमार महासेठले आइतवार एक विज्ञप्ति प्रकाशित गरी माडवारी समुदाय नेपालको व्यवसायको मेरुदण्ड रहेको बताउँदै नेपालको अर्थतन्त्रलाई चलायमान बनाउन सदियौ देखि उद्योग र व्यवसायमा आफ्नो लगानी मार्फत मुलुकमा वृहत रोजगारी सृजना गरेको बताएका छन्।

उनले मारवाडी समुदायले आर्थिक क्षेत्रमा मात्रै नभइ सामाजिक क्षेत्रमा समेत योगदान दिँदै आएको बताउँदै मारवाडी समुदायलाई लक्षित गरेर दुर्गा प्रसाईले दिएको अभिव्यक्ति निन्दनीय रहेको जनाएको छ। प्रसाईको अभिव्यक्तिले जनकपुर धामका मात्रै नभइ सम्पूर्ण देशकै विभिन्न ठाउँमा छरिएर बसोबास गरिरहेका मारवाडी समुदायमाथि आघात पुग्नुका साथै स्वभिमानमाथिनै प्रहार भएको अध्यक्ष महासेठले बताए।

मारवाडी समुदायले नेपालको अर्थतन्त्र तहसनहस बनाएको भन्ने जस्ता गैर जिम्मेवारपूर्ण र समाजमा द्वैष फैलाउने गरी प्रसाइले दिएको सार्वजनिक अभिव्यक्ति अत्यन्तै खेदजनक रहेको उनको भनाई छ। कसैको व्यक्तिगत विषयलाई लिएर सम्पूर्ण समुदायलाईनै चोट पुग्ने गरी अभिव्यक्ति दिनु निन्दनीय रहेको उनले बताए। जनकपुरधाम उद्योग वाणिज्य संघले दुर्गा प्रसाईलाई कारवाहीको माग समेत गरेको छ।

# चुरोट कारखानाका ४८ ट्रेडमार्क नवीकरणको तयारीमा

**राजेन्द्र यादव**

जनकपुरधाम । जनकपुर चुरोट कारखाना लिमिटेड (जचुकालि)को ४८ वटा ट्रेडमार्क नवीकरण गर्ने तयारीमा सरकार जुटेको छ। उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालयले जचुकालिको ट्रेडमार्क सुरक्षित गरिदिन भन्दै पत्राचार गरेपछि उद्योग विभागले नवीकरण गर्न लागेको छ। मन्त्रालयले एक महिनाअघि गरेको पत्राचारमा कारबाही प्रक्रिया अघि बढाइएको विभागले जनाएको छ।

विभागको औद्योगिक सम्पत्ति शाखाले जचुकालिको ट्रेडमार्क ४८ वटा उत्पादनको नवीकरण गर्न लागेको जनाइएको छ। मन्त्रालयले चुरोट कारखानाको ट्रेडमार्क सुरक्षित गर्न मन्त्रालयबाट पत्र आएको र यो नवीकरण गर्नका लागि प्रतिट्रेडमार्क एक हजार रुपियाँ लाग्ने विभागका एक कर्मचारीले बताए। उनले भने, 'जनकपुर चुरोट कारखानाको ४८ वटा ट्रेडमार्क छन्। यी सबै ट्रेडमार्कको सुरक्षा गरिदिनको लागि पत्रमा भनिएको छ।'

जनकपुर चुरोट कारखानाका उत्पादनहरुमध्ये तत्कालीन समयमा याक ब्राण्डको चुरोट निकै लोकप्रिय थियो। तत्कालीन राजा महेन्द्र शाहको कार्यकालको समयमा सोभियत संघको अनुदान तथा तत्कालीन अर्थमन्त्रीसमेत रहेका समाजसेवी रामनारायण मिश्रको प्रयासबाट २०१७ सालदेखि जचुकालि निर्माण कार्य सुरू भएको थियो।

विसं. २०२१ पुस २९ देखि संचालनमा जचुकालि ४ करोड ८० लाख ३७ हजारको लागतमा निर्माण भएको थियो। कम्पनी ऐन, २०२१ अन्तर्गत जनकपुरमा स्थापित यो उद्योगमा सरकारको सतप्रतिशत स्वामित्व छ। जचुकालि बन्द हुँदा हजारौंको रोजगार गुमेको थियो।

तत्कालीन खिलराज रेग्मीको सरकारले २०७० असार २० गतेदेखि कर्मचारीलाई पे-अफ गर्दै कारखाना बन्द गर्ने निर्णय गरेको थियो। कारखाना बन्द भएको बखत जचुकालिमा करिब साढे ७ सय स्थायी र करार तथा ज्यालादारीमा गरी एक हजारभन्दा बढी कर्मचारी कार्यरत रहेका थिए। यद्यपि कारखानाको उत्पादन भने २०६८ चैतदेखि नै बन्द भएको थियो।

जनकपुरधामको मिल्स एरियामा ३४ विघा क्षेत्रफलमा रहेको कारखानासहित कार्यालय भवनको ठूलो भौतिक संरचनामा हाल प्रदेश




सरकारको कार्यालय, मन्त्रालय, मन्त्री निवास सञ्चालनमा रहेको छ। उद्योगभित्रका भवनहरु जीर्ण अवस्थामा छन्। प्रदेश सरकारले ती भवनको मर्मत सम्भार गरी प्रशासनिक कार्यालय सञ्चालन गरिरहेका छन्।

जचुकालिलाई पुनः सञ्चालनमा ल्याउन तत्कालीन समयका कर्मचारीदेखि स्थानीयले पहल गरे पनि सरकार उदासीन देखिएको छ। उद्योग बन्द भएपछि त्यसको जग्गा तथा सम्पत्ति हिनामिना र दुरुपयोग हुँदै आएको छ। हाल जचुकालिमा स्थायी कर्मचारी नरहे पनि उद्योगको सुरक्षाको लागि भन्दै करारमा १३ जना कर्मचारी राखिएको छ।

उद्योग मन्त्रालयले २०७७ सालमा पूर्वसचिव दीपक सुवेदीको संयोजकमा रुग्ण उद्योगसम्बन्धी अध्ययन समिति गठन गरेको थियो। सो समितिले उद्योगको ट्रेडमार्क बिक्री गरी निजी क्षेत्रलाई सञ्चालन गर्न सक्ने विकल्प दिएको छ।

उद्योग पुनः सञ्चालन गर्ने भन्दै तत्कालीन उद्योगमन्त्री लेखराज भट्टले प्रक्रिया थालेका थिए। त्यसपछिका उद्योगमन्त्रीले सोही कुरा बोल्दै आएका छन्। दिलेन्द्रप्रसाद बडूले पनि उद्योग सञ्चालनका निरीक्षण गरे पनि प्रक्रिया अघि बढाएन। अहिलेका उद्योग मन्त्री रमेश रिजालले पनि जनकपुर चुरोट कारखाना सञ्चालन गर्ने प्रतिबद्धता जनाएका छन्।

कारखानाको जनकपुरमा मात्र नभइ नेपालभरि २६ छुट्टाछुट्टै शहरमा जग्गा र दुई ठाउँमा निर्मित कार्यालय भवन प्रयोगविहीन रहेका छन्। बुटवल र नारायणगढमा स्थापना गरिएको क्षेत्रीय कार्यालयको भवन हाल प्रयोगविहीन अवस्थामा रहेको छ। धनुषा, महोत्तरी, विराटनगर, उदयपुर, वीरगञ्ज, पोखरा, नारायणघाट, नेपालगञ्ज, सुर्खेत, दिपायल, सिन्धुली, धनगढीमा अहिले पनि कारखानाको अर्बौं मूल्यका जग्गा रहेका छन्। तीमध्ये जग्गा थुप्रै बिक्री भइसकेका छन् भने बाँकी रहेका पनि चौरका रूपमा प्रयोगविहीन रहेको छ।

'तत्कालीन तराई मधेश सदभावना पार्टीका अध्यक्ष महेन्द्रराय यादव उद्योगमन्त्री छँदा कर्मचारीको बक्यौता रकम भुक्तानी गर्नेमा नाममा काठमाण्डुको बानेश्वरस्थित अर्बौंको जग्गा कौडीको भाउमा बेचेका थिए। कर्मचारीको बक्यौता रकम भुक्तानीको नाममा जग्गा बेचिएपनि अवकाश पाइसकेका अझै ९ सय ६० कर्मचारीको तलब सहित उपदान रकम करिब साढे सात करोड रुपैया कारखानाले भुक्तान गर्न बाँकी छ। त्यसैगरी भारतीय सूर्ति आपूर्तिकर्ता, स्थानीय आपूर्तिकर्ता लगायतलाई करिब १ अर्ब रुपैयाँ तिर्नु बाँकी रहेको पूर्व कर्मचारीहरुको भनाइ छ।

जनकपुर चुरोट कारखाना बन्द भएपछि हाल देशमा सूर्य नेपाल प्रालिले चुरोटको बजारमा एकलौटी व्यापार गर्दै राम्रो मुनाफा आर्जन गर्दै आएका छन्। निजीस्तरमा संचालित सुर्य नेपाल प्रालि. ले नै ट्रेड युनियन सहित कारखाना भित्र रहेका विभिन्न राजनीतिक भातृ संगठनलाई उचालेर जचुकालि बन्द गराएको आरोप लाग्दै आएको छ।

# यातायातमा देखिएका बेथिति अन्त्य गर्छु : मन्त्री सिंह

**सिकेन्द्र पासवान**

बारा । मधेश प्रदेश सरकारका श्रम रोजगार तथा यातायात मन्त्री चन्दन सिंहले यातायातमा देखिएका बेथितिलाई अन्त्य गर्ने बताएका छन्।

जनमत पार्टी जिल्ला समन्वय समिति बारा जिल्ला पार्टी कार्यालयको उद्घाटन तथा नेता कार्यकर्ता भेटघाट कार्यक्रममा मन्त्री सिंहले बिचौलियाहरुले यातायातमा बढाएको बिचौलिया प्रवृतिको अन्त्य गर्ने प्रतिवद्धता समेत व्यक्त गरे।

मन्त्री सिंहले अव छिट्टै यातायात कार्यालयलाई डिजिटल प्रविधितिर लगि अनलाईन प्रविधि अनुसार सबै काम गर्ने गरी मन्त्रालयले काम अगाडि बढाइ रहेको बताउँदै बाराको सदरमुकाम कलैयामा यातायातको कार्यालय राख्ने गरी मन्त्री परिषद्बाट निर्णय भइसकेको हुँदा चाँडै नै यहाँका जनताहरुले आफ्नै जिल्लाबाट यातायातका सम्पूर्ण कामकाज अनलाईन मार्फत सहज, सुलभ एवम छिटो छरितो रुपमा सेवा पाउन सकिने जानकारी दिए।

कलैया बसपार्कलाई व्यवस्थित गर्नका लागि आफूले सक्दो प्रयास गरी निकट भविष्यमा नै बसपार्क निर्माणका कामहरु अगाडि बढाउने प्रतिवद्धता जनाए।


२०८४ सालको निर्वाचनमा जनमत पार्टीले मधेशमा दुई तिहाईको सरकार बनाउने दाबी मन्त्री सिहले गर्दै मधेशको ८ वटै जिल्लामा संगठन निर्माणसंगै ठूलो संख्यामा पार्टीमा अन्य दलका नेता तथा कार्यकर्ताहरुलाई प्रवेश गराउदै आएको बताउदै




४ वर्षमा यो प्रदेश जनमतमय बनाउने हिसावले अगाडि बढिरहेको बताए।

भष्टाचारलाई निस्तेज गर्न र किसानहरुहरुलाई मलखाद, बीउबिजन, सिँचाई सहज, सुलभ रुपमा छिटो छरितो उपलब्ध गराउने लक्ष्य सहित जनमत पार्टीले आफ्ना कामकाज अगाडि बढाई रहेको चर्चा गर्दै मन्त्री सिंहले मुलुकमा विधिको शासन र कानुनी राज्यको आभास सर्वसाधारण नागरिकलाई गराउनका लागि राज्यलाई निरन्तर खबरदारी समेत गरिरहेको जानकारी दिए।

जनमत पार्टीका जिल्ला अध्यक्ष शिवनाथ पटेलको अध्यक्षतामा सम्पन्न सो कार्यक्रममा केन्द्रीय कार्यकारिणी सदस्य सुनिल यादव, ओमप्रकाश साह, रामबाबु साह, रौसन खातुन युवा नेता बिजय गुप्ता लगायतकाले आ-आफ्नो विचार ब्यक्त गरेका थिए। कलैयामा रहेको घरेलु तथा साना उद्योग कार्यालयको उत्तरपटी कार्यालय उद्घाटन समेत मन्त्री सिंहले गरेका थिए।





# सडकमा फोहर फाल्ने वडा अध्यक्ष दण्डित

**टुडे समाचारदाता**

वीरगञ्ज । सडकमा फोहर फाल्ने वडा अध्यक्षलाई वीरगञ्ज महानगरपालिकाले दण्डित गरेको छ। सडकमा फोहर फालेको भन्दै वीरगञ्ज महानगरपालिकाले वडा नम्बर ६ का वडाध्यक्ष जयप्रकाश शाहलाई दण्डित गरेको छ।

सडकमा जथाभावी फोहर फालेको आरोपमा महानगरपालिकाको सरसफाइ शाखाले २ हजार रुपैयाँ जरीबाना गरेको छ। सरसफाइ शाखाका प्रमुख सरफुदिन मियाँले, वडा अध्यक्षले घर अगाडि कचडा फोहर फालेको कारण उनलाई




२ हजार रुपैया जरिवाना गरिएको जाानकारी दिए। उनले भने-'वडाध्यक्ष शाहले आफ्नो घर अगाडि फोहोर फालेको गुनासो आएपछि उनलाई कारबाही स्वरूप २ हजार रुपैयाँ जरिवाना गरी दण्डित गरिएको छ।'

तर वडा अध्यक्ष शाहले आफूसंग राजनीतिक प्रतिशोध साधिएको बताए। उनले आफ्नो फेसबुक वालमा स्पष्टीकरण राख्दै घरमा राखिएको कचडा आफूले सफा गरे पनि महानगरपालिकाका नेतृत्व पक्षले राजनीतिक प्रतिशोध साध्नको लागी घटनाको एक दिन पछि मलाई नगर प्रहरीहरुले हुल हुज्जत गर्दै, जबर्जस्ती जरिवाना तिराउन लगाइएको भिडियो सार्वजनिक गरेको छ।

महानगर क्षेत्रलाई सुन्दर, सफा र स्वच्छ शहर बनाउने उद्देश्यका साथ महानगरपालिकाले गत पुस दोस्रो साता देखि सडक, पेटी, नाला वा खाली जग्गामा फोहोर फाल्नेलाई आर्थिक जरिवाना गरी कारबाही गर्दै आएको छ।

# जनप्रतिनिधि देखि कर्मचारी गायब

**टुडे समाचारदाता**

बारा । जीतपुरसिमरा उपमहानगरपालिका वडा नं.२३ को वडा कार्यालयमा ताल्चा लगाइ जनप्रतिनिधि देखि कर्मचारी गायब भएका छन्। कर्मचारीहरु गायब हुँदा सेवाग्राही मर्कामा परेका छन्।

कार्यालयमा काम गराउन आएका सेवाग्राहीहरु कार्यालय बन्द भएको देखेर फर्किने गरेका छन्। सेवाग्राहीको गुनासोपछि उपमहानगरपालिकाबाट गएका राजश्व शाखा प्रमुख अधिकृत रमेश सुवेदी र प्रशासन शाखा प्रमुख अधिकृत रामेश्वर बन्जाराको टोलीले वडा कार्यालयमा ताल्चा लगाइ बन्द गरेका छन्।

वडा कार्यालय बन्द भएको विषयमा उपमहानगरपालिकाको कार्यालयलाई कुनै जानकारी नभएको जीतपुरसिमरा उपमहानगरपालिकाले जनाएको छ। यता जीतपुरसिमरा उपमहानगरपालिका वडा नं.२३ का वडा अध्यक्ष मुस्तकिम अंसारीलाई सोध्दा काम विशेषले कर्मचारीहरु बाहिर जाँदा ताल्चा लगाएको जानकारी दिए। अनि के कारणले बाहिर गएको हो भन्ने प्रश्नमा केही बताउँन चाहेनन्। वडा कार्यालयमा ब्यक्तिगत सम्पत्ति सरह ताल्चा लगाइ बाहिर जानु गलत भएको उनले स्वीकार गरे। अब देखि वडा कार्यालयले यस्तो गल्ती नदोहराउँने प्रतिबद्धता वडा अध्यक्ष अंसारीले जनाए।

जनकपुर टुडे मिडिया ग्रुप प्रा.लि.द्वारा प्रकाशित **प्रधान सम्पादक** : बृजकुमार यादव, **ठेगाना** : जनकपुरधाम, **फोन नं.** ०४१-५९११०१, E-mail : jtodaynews@gmail.com, jtodayad@gmail.com, Website : www.ejanakpurtoday.com, जि.प्र.का.ध.द.नं. ९१/०५७/५८